सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ कात्तिक २०८१, सोमबार (21 Oct 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १८७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रधानमन्त्रीमातहतकै सम्पत्ति शुद्धीकरण विभागले छानबिन गरिरहेका मीनबहादुरबाट ओलीले लिएका थिए दानमा जग्गा

सम्पत्ति शुद्धीकरण विभागले मीनबहादुरसँग बयान लिइसकेको छ, केही जग्गा र सम्पत्ति पनि रोक्का गरिएका छन्। उनले अर्बौंको सम्पत्ति शुद्धीकरण गरेको आधार फेला परेको विभागका अधिकारीहरू बताउँछन्। तर, बारम्बार अनुसन्धान अधिकृत फेरेर अलमल्याउने काम भइरहेको छ। यही वेला प्रधानमन्त्री केपी ओलीले मीनबहादुरबाट अर्बभन्दा बढीको जग्गा दान लिएका हुन्।

■ एमालेले दान पाएको जग्गा कालु गुरुङदम्पतीका नाममा





दानमा प्राप्त कीर्तिपुरस्थित जग्गामा एमाले कार्यालय भवनको शिलान्यास गर्दै अध्यक्ष केपी ओली र 'दानवीर' मीनबहादुर गुरुङका दम्पती। अहिले उक्त जग्गामा एमालेले बोर्ड राखेको छ।

सुवास भट्ट/नयाँ पत्रिका

ललितानिवासको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको अभियोगमा भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङमाथि तीन वर्षदेखि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छानबिन गरिरहेको छ। विभाग प्रत्यक्ष रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहतको निकाय हो। तर, प्रधानमन्त्री केपी ओलीले अनुसन्धान भइरहेका अभियुक्तसँग आफ्नो पार्टीको केन्द्रीय कार्यालय बनाउन एक अर्बभन्दा बढीको सम्पत्ति दानमा लिए।

मीनबहादुरले कीर्तिपुर नगरपालिका- २, मित्रनगरस्थित १० रोपनी १४ आना जग्गा एमालेलाई दानमा दिएका छन्। आगामी एक वर्षभित्र त्यसमा भवनसमेत निर्माण गरेर एमालेलाई हस्तान्तरण गर्ने उनको घोषणा छ। गत २५ असोजमा प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली र मीनबहादुरदम्पतीले भव्य कार्यक्रमबिच भवनको

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

टेकराज थामी/नयाँ पत्रिका

ललितानिवासको सरकारी जग्गा हिनामिनामा विशेष अदालतबाट दोषी ठहर भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङले एमालेको केन्द्रीय कार्यालय भवन बनाउन दान गरेको कीर्तिपुरको जग्गा घरजग्गा (रियल इस्टेट) कारोबारी कालु गुरुङको रहेको खुलेको छ। उनी १४ वर्षअघि पिरामिड शैलीको युनिटी लाइफ ठगी प्रकरणमा पक्राउ परेका थिए। यद्यपि, उनले जिल्ला अदालत ललितपुरबाट सफाइ पाइसकेका छन्।

कालु गुरुङले आफ्नो कम्पनी रोड सो रियल स्टेट प्रालिको नाममा रहेको जग्गा तत्कालीन एनसिसी बैंकमा धितो राखेर १२ करोड ३० लाख ऋण झिकेका थिए, जग्गा हाल बैंकमा रोक्का छ

मीनबहादुरले केन्द्रीय कार्यालय निर्माण प्रयोजनार्थ एमालेलाई दानमा दिने घोषणा गरेको कीर्तिपुर नगरपालिका-२, मित्रनगरस्थित करिब पाँच रोपनी जग्गा कालुको हो। उक्त जग्गा अहिले रोड सो रियल इस्टेट प्रालिको नाममा छ। यो रियल इस्टेटको सेयरहोल्डर कालुसहित उनकी श्रीमती मीनाकुमारी गुरुङ र आफन्त सागर गुरुङ हुन्।

मालपोत कार्यालय कलंकीका अनुसार कालुले कीर्तिपुर मित्रनगरको सिट नं. १०२-११४१-२४ को कित्ता नं. ७५, २५७, ३१३, २५८, ३१७ र ३११ को करिब पाँच रोपनी जग्गा बनबारीलाल साहसँग १८ कात्तिक ०७७ मा खरिद गरेका थिए। बनबारीलाल नेपाल प्रहरीका पूर्वहवल्दार हुन्। सेवाबाट अवकाशपछि उनी घरजग्गाको कारोबारमा लागेका थिए। बाराका स्थायी बासिन्दा बनबारीलालको अहिले मित्रनगरमै भव्य घर छ।

त्यस्तै, २८० नं. कित्ता भने कालुले उदयश्वर श्रेष्ठबाट लिएका थिए। उदयश्वर कीर्तिपुरकै स्थानीय हुन्। कालुले सोही जग्गासँगै सिट नं. १०२-११४१-२५ को कित्ता नं. ६९१ र ६७६ को जग्गा पनि लिएका

» पृष्ठ २ मा क्रमशः

मीनबहादुरबाट जग्गा दान लिएकोमा असहमति जनाउने नेतामाथि अनुशासनको डण्डा







■ **पूर्वउपाध्यक्ष भीम रावल, स्थायी समिति सदस्य विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिम्सेनासँग स्पष्टीकरण मागने एमालेको निर्णय**

■ सहयोगलाई स्वाभाविक रूपमा लिनुपर्ने एमाले महासचिव शंकर पोखरेलको भनाइ

(विस्तृत समाचार पृष्ठ २)

धनराजले पनि लिएका थिए मीनबहादुरबाट ९१ लाख

मितेरी सहकारीको रकम हिनामिनामा मुछिएका कांग्रेस उपसभापति धनराज गुरुङ कानुनमन्त्री हुँदा न्यायाधीश नियुक्तिमा 'आर्थिक चलखेल'को आरोप थियो, त्यसलगत्तै उनले सहकारीमा ९१ लाख बुझाए, ८२ लाख त एकै दिन तिरेका थिए

ललितपुरस्थित मितेरी सहकारीको रकम हिनामिनामा मुछिएका सत्तारूढ कांग्रेसका उपसभापति धनराज गुरुङले विवादास्पद व्यवसायी मीनबहादुर गुरुङबाट झन्डै करोड रकम लिएको खुलेको छ। जुन रकम उनले सहकारीमा बुझाएका थिए।

कानुनमन्त्री हुँदा न्यायाधीश नियुक्तिमा 'आर्थिक चलखेल' गरेको आरोप धनराजमाथि थियो, त्यसलगत्तै उनले सहकारीमा ९१ लाखभन्दा बढी बुझाएका थिए। मीनबहादुरको नामबाट काटिएका ८२ लाखका चेक त उनले एकै दिन 'डिपोजिट' गरेका थिए। एकमस्ट यत्रो रकम ल्याएको विषयमा धनराजमाथि छुट्टै छानबिन हुनुपर्ने सांसदहरूको माग छ।



धनराज गुरुङ

यसअघि धनराजले मितेरीबाट घर निर्माण गर्न ऋण लिएको र पछि उक्त ऋण सोही घर बेचेर तिरेको दाबी गर्दै आएका थिए। तर, उनले मीनबहादुरले काटेका चेक सहकारीमा डिपोजिट गरेको सार्वजनिक भएको छ। उनले १७ वैशाखमा र ६ जेठ ०८१ मा सातवटा चेकमार्फत ९१ लाख बुझाएका छन्। सहकारीको विवरणअनुसार १४-१४ लाखका पाँचवटा चेक १७ वैशाखमा डिपोजिट भएका छन्। त्यस्तै, १२ लाख २६ हजार ९१४ रुपैयाँको चेक पनि १७ वैशाखमै डिपोजिट भएको छ। आठ लाख ९८ हजार ७२० रुपैयाँको चेक भने ६ जेठ ०८१ मा डिपोजिट भएको छ।

धनराजले मितेरीबाट ०७७ मा ऋण लिएका थिए। जसमा हकवाला भनी ज्योति गुरुङको नाम उल्लेख छ। जब कि धनराजले ज्योतिसँग २९ फागुन ०७६ मै कागजी रूपमा सम्बन्धविच्छेद गरेका थिए। ऋण प्रवाह गर्दा

» पृष्ठ २ मा क्रमशः

कक्षा १२ को पूरक परीक्षामा ७०% उत्तीर्ण



काठमाडौं/ कक्षा १२ को ग्रेडवृद्धि (पूरक परीक्षा)मा ७० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। राष्ट्रिय परीक्षा बोर्डले आइतबार सार्वजनिक गरेको नतिजाअनुसार ७०.६० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन्। गत २५ र २६ भदौमा सञ्चालन भएको पूरक परीक्षामा एक लाख २२ हजार १७१ परीक्षार्थी सहभागी भएका थिए। जसमध्ये ८६ हजार २४६ विद्यार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेको बोर्डले जनाएको छ। बोर्डका परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माका अनुसार नतिजामा परीक्षार्थीलाई चित्त नबुझेमा १५ दिनभित्र पुनर्योग फारम भर्नुपर्नेछ।

रविका समर्थकको आइतबार पनि पोखरामा प्रदर्शन, विभिन्न क्षेत्रमा प्रशासनको निषेधाज्ञा

रविलाई ६ दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतको अनुमति

सहकारीबाट पैसा लिएकोमा रविको हस्ताक्षर, माइन्युट र निर्णय नभएकाले थुनामा राख्न नहुने लामिछानेका वकिलको जिकिर

पोखरामा **रोहितराज पराजुली**

पोखरा दुई दिनदेखि तनावग्रस्त छ। रास्वपा सभापति रवि लामिछाने पक्राउको विरोधमा समर्थकहरूले आइतबार पनि पोखरामा प्रदर्शन गरेका छन्। उनीहरूलाई तितरबितर गर्न प्रहरीले पानीको फोहोरासँगै अश्रुग्यास प्रहार गऱ्यो।

सुरक्षालाई मध्यनजर गर्दै कास्की प्रशासनले आइतबार पोखराका विभिन्न क्षेत्रलाई निषेधित घोषणा गरेको छ।

» पृष्ठ २ मा क्रमशः

म्याद थपका लागि अदालत ल्याइएका लामिछानेले भने- अधिनायकवादी सरकारविरुद्ध उत्रिने वेला भएको छ



सरकारविरुद्ध देशभरबाट उत्रन सबैलाई आह्वान गर्दछु, मेरो लागि होइन, अदालतले मलाई न्याय दिन्छ, तर केपी ओलीको सरकार रहिरहने हो भने देशले धेरै दुःख पाउँछ। अधिनायकवादी सरकारविरुद्ध उत्रिने वेला भएको छ। यो सरकार रहुन्जेलसम्म यस्तै हर्कत गरिरहन्छ। झुटा मुद्दा लगाउने र फसाउने काम निरन्तर चलिरहन्छ। ओलीको शासनसत्ता रहेसम्म यस्ता अपराध भइरहन्छन्, यो देश कहिल्यै बन्दैन। भ्रष्टाचारीहरूलाई संरक्षण गरेर, सारा सहकारीपीडक आफ्ना पार्टीभित्र पालेर, भ्रष्टाचारको जगमा उभिएर अर्कालाई ठग भनेर झुटा मुद्दा लगाउने काम भएको छ। मलाईजस्तै डेढ वर्ष लगाएर केपी ओलीलाई छानबिन गर्ने हो भने सबैभन्दा धेरै यो देशको भ्रष्टाचारको जगमा उभिएको मानिस केपी ओली हुन्। उनी यो देशको प्रधानमन्त्री भएकोमा दुर्भाग्य छ। त्यसकारण फेरि पनि भन्छु- न्याय अदालतले दिन्छ, म सम्मानित अदालतको एकदमै विश्वास गरी न्याय प्रक्रियामा सघाउन आएको छु। तर, देशभरिका सम्पूर्ण न्यायप्रेमीहरूलाई यो अन्तिम लडाइँमा सरकारको रवैयाको विरोधका लागि अनुरोध गर्न चाहन्छु। राज्यसत्ता कब्जा गर्ने, आफ्नो मान्छे भर्ने, जनतालाई सधैं दुःखमा राख्ने र निर्दोष मान्छे फसाउने उनीहरूको सत्ता अब अन्त्य हुनुपर्छ।

मानसिक क्षमता र उमेरलाई लिएर ट्रम्प र ह्यारिसबिच आरोप-प्रत्यारोप



मानसिक कमजोरीका कारण ट्रम्प सामूहिक बहस र अन्तर्वार्ताबाट भाग्न खोजेको आरोप ह्यारिसले लगाउँदै आएकी छिन्

(विस्तृत पृष्ठ ५)

वाणिज्य बैंकहरूको कर्जा प्रवाह असोजमा ५६ अर्बले वृद्धि



१४ बैंकको नाफा बढ्यो, ६ को घट्यो

(विस्तृत पृष्ठ ६)



मीनबहादुरबाट जग्गा दान लिएकोमा असहमति जनाउने नेतामाथि अनुशासनको डण्डा

शुरोजंग पाण्डे/नयाँ पत्रिका

केन्द्रीय कार्यालय भवन निर्माणका लागि व्यवसायी मीनबहादुर गुरुङबाट जग्गा दान लिने विषयमा असहमति राख्नेसहित तीन केन्द्रीय नेतालाई एमालेले स्पष्टीकरण सोधेको छ। पार्टी निर्णयविपरीत सार्वजनिक अभिव्यक्ति दिएको आरोपमा पूर्वउपाध्यक्ष भीमबहादुर रावलसहित तीन केन्द्रीय नेता स्पष्टीकरणमा परेका हुन्।

आइतबार सचिवालय बैठकले रावलसहित स्थायी समिति सदस्य बिन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले पार्टी अनुशासन उल्लंघन गरेको आरोपमा स्पष्टीकरण सोध्ने निर्णय गरेको हो। गुरुङबाट १० रोपनी १४ आना जग्गा दान लिने २४ असोजमा केन्द्रीय सचिवालयले गरेको सर्वसम्मत निर्णयविरुद्ध पाण्डे र तिम्सेनाले सामाजिक सञ्जालमार्फत विरोध जनाउँदै असहमति राखेका थिए। रावललाई भने लामो समयदेखि पार्टी नीतिसँग असहमति राख्दै अभिव्यक्ति दिँदै आएको आरोपमा स्पष्टीकरण सोध्ने निर्णय भएको हो।


भीम रावल


विन्दा पाण्डे


उषाकिरण तिम्सेना

बैठकपछि महासचिव शंकर पोखरेलले पार्टी निर्णयविरुद्ध अभिव्यक्ति दिने र अस्वस्थ गतिविधि गर्नेलाई स्पष्टीकरण सोधिएको बताए। 'सचिवालयको बैठकले पार्टी निर्णयविरुद्ध सार्वजनिक अभिव्यक्ति दिने र अस्वस्थ गतिविधि गर्नेहरूलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ,' उनले भने, 'के-कति कारणले उहाँहरूले पार्टी निर्णयविपरीत सार्वजनिक अभिव्यक्ति दिनुभएको हो ? उहाँहरूलाई स्पष्टीकरण सोधिनेछ।' बैठकमा मुलुकको पछिल्लो घटनाक्रमबारे छलफल भएको र साथै लामो समय पार्टी नीतिसँग असहमति राखेर विचार प्रकट गरिरहेका पूर्वउपाध्यक्ष रावललाई पनि स्पष्टीकरण सोध्ने निर्णय भएको महासचिव पोखरेलले बताए।

अनुशासन उल्लंघनको आरोपमा स्पष्टीकरण सोध्ने निर्णयमा परेका नेताहरूले भने प्रतिक्रिया दिन चाहेनन्। रावल र तिम्सेना सम्पर्कमै आउन चाहेनन् भने स्थायी समिति सदस्य पाण्डेले पार्टीभित्रको आन्तरिक विषय भएकाले प्रतिक्रिया दिन नमिल्ने बताइन्। 'निर्णय मैले पार्टीको जानकारी वा आउने पत्रबाट थाहा पाउने हो, बाहिरबाट होइन। त्यसकारण पार्टीको आन्तरिक विषयमा आधिकारिक जानकारी नभएसम्म बाहिरबाहिर प्रतिक्रिया दिन मिल्दैन,' पाण्डेले बताइन्।

२५ असोजमा व्यवसायी गुरुङले दान दिएको जग्गामा भवन निर्माणको शिलान्यास भएको थियो। अध्यक्ष केपी ओली र गुरुङले संयुक्त रूपमा भवनको शिलान्यास गरेका थिए। त्यसलगत्तै पाण्डे र तिम्सेनासहित दुईजना केन्द्रीय नेताले सामाजिक सञ्जालमा त्यस कार्यको विरोध जनाएका थिए।

'२५ वर्ष पहिला एक दिनको पारिश्रमिक मनमोहन मजदुर भवनलाई अभियानमा सहभागी हरेकले आज पनि जिफन्ट कार्यालय पुग्दा गर्व गर्छन्। तर, आज साढे पाँच लाख पार्टी सदस्य र मतका आधारमा सबैभन्दा ठुलो दलको कार्यालय निर्माणस्थल दानमा लिएर नेतृत्व गर्व गर्ने ठाउँमा पुगेकै हो ?' सामाजिक सञ्जालमा स्थायी समिति सदस्य बिन्दा पाण्डेले भनेकी थिइन्।

त्यस्तै, अर्की केन्द्रीय सदस्य तिम्सेनाले निर्णय फिर्ता लिन माग गरेकी थिइन्। 'हामीलाई कुनै व्यापारीले बनाइदिएको ठुलो महलभन्दा मदननगरमा जति मिल्छ, त्यतिमै आफ्नै पसिनाले सिँचिएको भवन प्यारो र गर्विलो हुनेछ। म नेतृत्वसमक्ष यहीँमार्फत निवेदन गर्न चाहन्छु- यो निर्णय फिर्ता लिइयोस्। हामीलाई बाँचुन्जेल एमाले भएर स्वाभिमानका साथ उभिने भूमि बाँकी राखिदिनुहोस्,' सामाजिक सञ्जालमा उनले भनेकी थिइन्। अन्य कतिपय नेताहरूले पनि विवादास्पद व्यवसायी गुरुङबाट दान लिने पार्टी निर्णयप्रति अप्रत्यक्ष रूपमा असन्तुष्टि जनाउँदै आएका थिए।

महासचिव पोखरेलले जग्गा दान भइसकेकाले त्यसलाई भोगचलनका लागि कानुनी प्रक्रियाबाट समाधान गरिने बताए। एकजना नेपालकै व्यवसायीले भूकम्पले क्षतिग्रस्त पार्टीको भवन पुनर्निर्माणमा सहयोग गर्ने कुरालाई मानवीय सहायताका रूपमा स्वाभाविक लिनुपर्ने उनको तर्क छ। 'राज्यले मात्र होइन, अन्तर्राष्ट्रिय समुदायले समेत क्षतिको पूर्ति गर्ने काम गरिरहँदा एकजना व्यवसायीले म एमालेले व्यहोरिरहेको क्षतिमा गम्भीर छु, सहयोग गर्न चाहन्छु भन्ने कुरालाई मानवीयताको हिसाबले पनि लिनुपर्छ,' पोखरेलले बैठकपछि सञ्चारकर्मीमाझ भने, 'महाविपत्तिका वेलामा भएको क्षतिमा सहयोग पाउने हक हरेकको हुन्छ र एमालेको पनि छ भन्ने कुरालाई बुझ्नुपर्छ। त्यसैले एमालेले सहयोग पाउने कुरा अवान्छित होइन, विपत्का वेला संकटमा परेकालाई सहयोग गर्नु राज्यको दायित्व हो। राज्यकै कुनै नागरिकले म सहयोग गर्छु भन्ने कुरालाई स्वाभाविक रूपमा लिनुपर्छ।'

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

राष्ट्रिय ट्रमा सेन्टर

महांकाल काठमाडौं

बिद्युतीय बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०५ गते)

चालू आ.ब. २०८१/०८२ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उल्लेखित सामाग्रि विद्युतीय बोलपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं	बोलपत्र नं.	विवरण	फाराम दस्तुर रु.	बोलपत्र जमानत रकम रु.	कैफियत
1.	NTrC/G/NCB/ 03-081/82	Supply and Delivery of Cleaning Items	3,000/-	1,25,000/-	Single Stage: Single Envelope
2.	NTrC/G/NCB/ 04-081/82	Supply and Delivery of Stationery Items	3,000/-	1,04,000/-	Single Stage: Single Envelope

विस्तृत जानकारीको लागिः- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं.०१-४२२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः-२०८१।०७।०५)

यस कार्यालयको मिति २०८१/०५/१४ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रहरु मुल्याङ्कन समितिको मिति २०८१/०७/०४ को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतीको लागी पेश भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागी सम्बन्धित सबैको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

क्र.सं.	ठेक्का नम्बर	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	न्यूनतम मूल्याङ्कित कबोल अंक मू.अ.कर सहित रु.	कैफियत
१.	NCB/JRM/ W/01/ 2081/082	Upgrading of Kanchanpur-Durgauli Road, Janaki-4, Kailali.	लक्ष्मी कन्स्ट्रक्सन मंगलसेन न.पा.-१०, अछाम।	५२,७५,१४५।८७	
२.	NCB/JRM/ W/02/ 2081/082	Upgrading of Subarnapur-Bhagraya Road, Janaki-6 & 8, Kailali.	रुद्र कन्स्ट्रक्सन, जानकी-१, कैलाली।	५०,३९,५५०।४७	
३.	NCB/JRM/ W/03/ 2081/082	Upgrading of Karuna Vidhyasthali- Dharmapur Neha Medical Road, Janaki-3, Kailali.	न्यू समिप निर्माण सेवा, टीकापुर-९, कैलाली।	२४,७९,१६२।९१	
४.	NCB/JRM/ W/04/ 2081/082	Upgrading of Bhoksi- Jadupur Road, Janaki-8, Kailali.	लक्ष्मी कन्स्ट्रक्सन मंगलसेन न.पा.-१०, अछाम।	१८,२९,८३०।७३	
५.	NCB/JRM/ W/05/ 2081/082	Upgrading of Mahindra Sishu Hostel - Gamkka Kula Road, Janaki-6, Kailali.	प्रेम निर्माण सेवा, पचालझरना-८, कालिकोट।	१३,२१,४९८।६९	

प्रमुख प्रशासकीय अधिकृत

विपक्षी दलहरूले आज प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै

काठमाडौं/ विपक्षी दलहरूले बाढीपहिरो प्रभावितलाई तत्काल राहत उपलब्ध गराएर अल्पकालीन र दीर्घकालीन योजनासहित पुनर्स्थापना र पुनर्निर्माणमा लाग्न सरकारसँग माग गर्ने भएका छन्। यसैअनुसार प्रभावितलाई राहत, पुनर्स्थापना, पुनर्निर्माणको विषय समेटेर प्रधानमन्त्री केपी ओलीलाई प्रमुख प्रतिपक्ष दल माओवादी, प्रतिपक्ष दलहरू रास्वपा, एकीकृत समाजवादीलगायतका दलहरूले सोमबार ज्ञापनपत्र बुझाउन लागेका हुन्।

माओवादी उपमहासचिव शक्ति बस्नेत, एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे र रास्वपा नेता शिशिर खनाल सम्मिलित कार्यदलले ज्ञापनपत्रको मस्यौदा टुंग्याएको छ। विज्ञले वेलैमा सचेत गराउँदा पनि सरकारको लापरबाहीले जनधनको ठुलो क्षति भएको निष्कर्षसहित विपक्षी दलहरूले पीडितलाई तत्काल राहत उपलब्ध गराउन ज्ञापनपत्र बुझाउन चाहेका हुन्।

'जोखिमको पूर्वानुमान हुँदाहुँदै पनि सरकारले लापरबाही गर्‍यो। जिम्मेवार पदाधिकारीले बाढीपहिरोबारे समयमा ध्यानै दिएनन्। जसका कारण बाढीपहिरोबाट भयावह क्षति हुन पुग्यो,' उनले भने, 'खोज, उद्धार, राहत पनि राम्रोसँग भएको देखिँदैन। जुन राहत दिने भनिएको थियो, त्यो पैसा पनि गएको छैन। पुनर्स्थापना र पुनर्निर्माणका लागि अल्पकालीन र दीर्घकालीन योजना बनाउन सुझाव दिन्छौं। ज्ञापनपत्रको विषय सुनुवाइ नभए संसद्को विशेष अधिवेशन माग गर्छौं।' प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएपछि राष्ट्रपति रामचन्द्र पौडेल र सभामुख देवराज घिमिरेको ध्यानाकर्षण गराउने विपक्षी दलहरूको तयारी छ। 'सुनुवाइ भएन भने संसद्को विशेष अधिवेशनको माग गर्छौं भनेर राष्ट्रपति र सभामुखलाई जानकारी गराउन लागेका हौँ,' पाण्डेले भने।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको आह्वानमा गत शुक्रबार बसेको विपक्षी दलहरूको बैठकले सरकारलाई ज्ञापनपत्र बुझाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार कार्यदलले ज्ञापनपत्रमा समेट्ने विषयको मस्यौदा टुंग्याएको छ।

प्रधानमन्त्रीमातहतकै...

पृष्ठ १ बाट क्रमशः

शिलान्यास गरेका थिए। अघिल्लोपटक प्रधानमन्त्री हुँदा ओलीले ०७४ चैतमा सम्पत्ति शुद्धीकरण विभागसँगै राष्ट्रिय अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालयमातहत ल्याएका थिए। त्यसअघि सम्पत्ति शुद्धीकरण र राजस्व अनुसन्धान अर्थमन्त्रालय तथा राष्ट्रिय अनुसन्धान गृहमन्त्रालय मातहत थिए।

ललितानिवास प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान अयोगले २२ माघ ०७६ मा मीनबहादुरसहित १७५ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। भ्रष्टाचारबाट आर्जित सम्पत्ति शुद्धीकरण गरेकोसमेत देखिएपछि अख्तियारले त्यसउपर पनि छानबिन गर्न ०७८ मा विभागमा पत्र पठाएको थियो। विभागले त्यतिखेरै अनुसन्धान अधिकृत तोकेर अनुसन्धान थालेको थियो। तर, अख्तियारको पत्रअनुसारकै अनुसन्धान नटुंगिएको अवस्थामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पनि गत वर्ष मीनबहादुरविरुद्ध सम्पत्ति शुद्धीकरणमै छानबिनको माग गरेर पत्र पठायो। विभागले अख्तियार र सिआइबीका एकै खालका विषय भएकाले दुवैलाई 'मर्ज' गरेर अनुसन्धान अघि बढाउने निर्णय गरेको थियो। तर, सत्ता र शक्तिको बलमा मीनबहादुरमाथिको छानबिन प्रभावित हुँदै आएको छ।

स्रोतका अनुसार मीनबहादुरसँग बयानसमेत लिइसके पनि अनुसन्धान अलमलिएको छ। गुरुङको नामका केही जग्गा र सम्पत्ति पनि रोक्का भइसकेको छ। सम्पत्ति शुद्धीकरणउपर मुद्दा चल्ने प्रमुख आधारसम्बद्ध कसुर पनि पुष्टि भइसकेकाले उनीउपर मुद्दा चलाउन धेरै मिहिनेत आवश्यक नपर्ने स्रोत बताउँछ। उनीविरुद्ध अर्बौंको सम्पत्ति शुद्धीकरणको आधार फेला परेको अधिकारीहरू बताउँछन्। तर, उनको अनुसन्धानमा बारम्बार अनुसन्धान अधिकृत फेर्ने काम हुँदै आएको स्रोतले बतायो। प्रधानमन्त्री कार्यालयमातहत ल्याइएपछि विभाग झन् कमजोर भएको अधिकारीहरूको आरोप छ।

ललितानिवासकै किर्ते मुद्दा विचाराधीन

मीनबहादुरविरुद्ध गत वर्ष ११ भदौ ०८० मा किर्ते कसुरमा मुद्दा दायर भएको थियो। चार पूर्वमन्त्री, पाँच पूर्वसचिवसहित २३९ लाई प्रतिवादी बनाएर मुद्दा दायर गरिएको थियो। भूमाफिया, व्यवसायी, कर्मचारी र राजनीतिक नेतृत्वको मिलेमतोमा ललितानिवासको करिब १३२ रोपनी सरकारी जग्गा हिनामिना गरिएको दाबी आरोपपत्रमा छ। यस मुद्दामा मीनबहादुरलाई मुख्य प्रतिवादी कायम गरेर उनीविरुद्ध चार अर्ब ९१ करोड ८१ लाख रुपैयाँ बिगोदाबी गरिएको छ। मुद्दा दायरपछि उनी पक्राउ नै परेका थिए। तर, काठमाडौं जिल्ला अदालतको आदेशपछि धरौटीमा रिहा भए। मुद्दा दायर भएको केही दिनमै दुई करोड ४६ लाख धरौटी बुझाएर उनी रिहा भएका थिए।

दुई मुद्दामा दोषी ठहर भइसकेका छन् गुरुङ

बालुवाटारको ललितानिवास जग्गा प्रकरणमा मीनबहादुर दोषी ठहर भइसकेका छन्। बालुवाटारस्थित प्रधानमन्त्रीनिवाससँगै जोडिएको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २२ माघ, ०७६ मा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित १७५ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। गत ३ फागुनमा विशेषले मीनबहादुरसहितलाई दोषी ठहर गर्दै जरिवाना र कैद सजाय गर्ने फैसला गरेको थियो। अनधिकृत मोही खडा गरी सरकारी जग्गा सट्टाभर्ना गर्ने-गराउने कार्यमा मतियारको भूमिका निर्वाह गरी सट्टाभर्नाको जग्गा आफ्नो र आफन्तका नाममा राजीनामा रजिस्ट्रेसन गरेको हुँदा सट्टाभर्नाको कार्यबाट गैरकानुनी लाभ लिएको ठहर गर्दै विशेषले मीनबहादुरलाई दुई वर्ष कैद र ८० लाख ४८ हजार जरिवाना हुने फैसला गरेको थियो।

यसअघि बहुचर्चित नक्कली भ्याटबिल मुद्दामा पनि मीनबहादुर दोषी ठहर भइसकेका छन्। नक्कली भ्याटबिल बनाएर कर छली गरेको भन्दै सर्वोच्चको पूर्ण इजलासले भाटभटेनीलाई कर, जरिवाना, थप दस्तुर तथा ब्याजसमेत गरी डेढ अर्ब रुपैयाँ राज्यलाई बुझाउनुपर्ने फैसला १६ माघ ०८० मा गरेको हो। भाटभटेनीले ०६४ साउनदेखि ०६७ माघसम्म कर भ्याटको नक्कली बिल जारी गरी कर छलेको भन्दै आन्तरिक राजस्व कार्यालयले पटक-पटक गरी २४ करोड २९ लाख ५० हजार रुपैयाँ असुलउपर गर्नुपर्ने निर्णय गरेको थियो। पछि ठुला करदाता कार्यालयले पनि संशोधित कर निर्धारण गरेको थियो। यस मुद्दामा भाटभटेनी सर्वोच्च गए पनि सर्वोच्चबाट आफ्नो विपक्षमा फैसला भएपछि भाटभटेनीले पुनरावेदनसमेत गरेको थियो। तर, पुनरावेदनले पनि भाटभटेनीलाई दोषी ठहर गरिदिएको थियो।

एमालेले दान पाएको...

पृष्ठ १ बाट क्रमशः

छन्। ६९१ को जग्गा प्रमिला साह र ६७६ को जग्गा उनै बनबारीलालबाट खरिद गरेका थिए। प्रमिला बनबारीलालकै श्रीमती हुन्। मालपोत कार्यालय कलंकीका अनुसार उक्त सबै जग्गा अहिले कुमारी बैंकमा बन्धक छ। कालुले उक्त जग्गा तत्कालीन नेपाल क्रेडिट एन्ड कमर्स बैंक(एनसिसी)मा धितो राखी १२ करोड ३० लाख रुपैयाँ ऋण झिकेका थिए। एनसिसी पछि कुमारी बैंकमा मर्ज भएको थियो। कालुले उक्त ऋण अझै चुक्ता गरेका छैनन्।

मालपोत कार्यालय कलंकी स्रोतले भन्यो, 'एमालेको केन्द्रीय कार्यालय निर्माण प्रयोजनार्थ दिने भनिएको जग्गा रोड सो रियल स्टेटको नाममा छ। उक्त जग्गा हाल कुमारी बैंकमा बन्धक छ। रियल स्टेटको जग्गा बैंकमा राखेर कालु गुरुङले १२ करोड ३० लाख रुपैयाँ ऋण झिकेको देखिन्छ। त्यसो हुँदा उक्त जग्गा हाल रोक्का छ।'

सोही जग्गा दान दिने घोषणापछि एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली र मीनबहादुरले दसैंको अष्टमीको दिन २५ असोजमा संयुक्त रूपमा भवनको शिलान्यास गरेका छन्। एमालेले सार्वजनिक गरेको विज्ञप्तिअनुसार मीनबहादुरले भवन निर्माण प्रयोजनार्थ १० रोपनी १४ आना जग्गा दिएका छन्। कालु गुरुङको कम्पनीको नाममा रहेको पाँच रोपनी र बाँकी वरिपरिको जुटाएर उक्त क्षेत्रफल पुर्‍याउने प्रतिबद्धता मीनबहादुरको छ।

स्थानीय श्रीनगर टोल सुधार समितिका अध्यक्ष भानु अर्यालले हाल मीनबहादुरले दिएको जग्गा १० रोपनी १४ आना नभएकाले केही गडबढ हुन सक्ने बताए। 'अहिले यहाँको जग्गा चर्चामा छ। मीनबहादुरले एमालेलाई १० रोपनी १४ आना जग्गा दान दिएको भनिएको छ। तर, अहिले यहाँ रहेको जग्गाको परिमाण त्यति पुग्नेजस्तो देखिँदैन। न त उक्त जग्गा मीनबहादुरको नै हो। जग्गाको छेउकुना पनि मिलेको छैन। यहाँ पक्कै पनि केही गडबढ हुन सक्ने हामीलाई आशंका छ ।'

मालपोत कार्यालय कलंकीका प्रमुख पूर्णबहादुर केसीले व्यवसायी मीनबहादुरले एमालेलाई दानमा दिएको भनिएको जग्गा अहिले पनि रोड सो रियल स्टेट प्रालिकै नाममा रहेको र उक्त जग्गा कुनै पनि पार्टीको नाममा नगएको बताए। 'व्यवसायी मीनबहादुरले मित्रनगरको जग्गा एमालेलाई दिने चर्चापछि हामीलाई पनि चासो भयो। हामीले आन्तरिक रूपमा बुझ्यौँ। उक्त जग्गा हाल रोड सो रियल स्टेट प्रालिको नाममा रहेको देखिन्छ। कुनै राजनीतिक दलको नाममा उक्त जग्गा गएको देखिएको छैन।'

पोखराका कालु र खोटाङका मीनबहादुर व्यावसायिक साझेदार हुन्। कालु अर्का रियल स्टेट व्यवसायी लालकाजी गुरुङसँग पनि निकट छन्। यी दुई पनि व्यावसायिक साझेदार हुन्। लालकाजी तिनै व्यक्ति हुन्, जो सिभिल सहकारी प्रकरणमा मुछिएका थिए। सुन्धारास्थित सिभिल मल उनै लालकाजीको हो। सिभिलको मुद्दा अझै अदालतमा विचाराधीन छ।

पिरामिड शैलीमा सर्वसाधारणबाट रकम संकलन गरेको युनिटी लाइफबाट कालुले जग्गा कारोबारका लागि रकम लिएका थिए। तत्कालीन अनुसन्धानमा संलग्न नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रसिंह भण्डारीले युनिटीबाट घरजग्गा कारोबार गर्ने उद्देश्यले गुरुङले रकम लिएको र सोही क्रममा उनलाई पक्राउ गरिएको बताए। 'युनिटीले सर्वसाधारणबाट पिरामिड शैलीमा रकम संकलन गरेको थियो। संकलित सोही रकम कालु गुरुङले पनि प्रयोग गरेको भेटियो। उनलाई हामीले पोखराबाट पक्राउ गरेर काठमाडौं ल्याएका थियौँ।'

युनिटीले गैरकानुनी रूपमा करिब ५ वर्षमा तीन लाख ६६ हजार ३३४ सदस्यबाट तीन अर्ब ७९ करोड संकलन गरेको थियो। त्यसवेला सिआइबीले युनिटीका ११२ अभियुक्तविरुद्ध १८ जेठ ०६७ मा १२ अर्ब ७५ करोड रुपैयाँ बिगोदाबी गर्दै जिल्ला अदालत ललितपुरमा ठगी कसुरमा मुद्दा चलाएको थियो। मुद्दा खेप्नेमा कालु पनि थिए। तर, उनी ११ असार ०६७ मा नौ करोड धरौटी तिरेर साधारण तारेखमा छुटेका थिए। पछि जिल्ला अदालत ललितपुरले १८ चैत ०७० मा कालुसहित १०० प्रतिवादीलाई सफाइ दिएको थियो भने युनिटीका अध्यक्ष काशीराज गुरुङसहित १२ जनालाई दोषी ठहर गरेको थियो। कालु हाल पोखरास्थित अन्नपूर्ण केबलकारको समेत मालिक हुन्।

धनराजले पनि...

पृष्ठ १ बाट क्रमशः

मितेरीमा प्रबन्धक ज्योति थिइन्। ३ फागुन ०७७ मा मितेरी सहकारीबाटै उनले थप १२ लाख ऋण लिएका थिए। त्यसमा पनि हकवाला ज्योति नै उल्लेख गरिएको थियो। मितेरीको १४ करोड ८१ लाख रुपैयाँ हिनामिना गरेपछि ज्योति अहिले फरार छिन्।

धनराज र उनकी पत्नी ज्योतिसहित पाँचजनाले करिब १४ करोड ८१ लाख हिनामिना गरेको भन्दै सहकारीले बागमती प्रदेश सहकारी रजिस्ट्रार र प्रहरीमा पनि उजुरी दिएको थियो। तर, राजनीतिक दबाबमा रजिस्ट्रार कार्यालयले धनराजको नाम काटेर प्रहरीमा सिफारिस गरेको सहकारीका अध्यक्ष कुम्भराज गुरुङको भनाइ छ। प्रहरीले अहिले सहकारीबारे अनुसन्धान गरिरहेको जनाएको छ।

ललितपुरस्थित मितेरी सहकारीको झन्डै १५ करोड हिनामिनामा सत्तारूढ कांग्रेसका उपसभापति धनराज प्रत्यक्ष जोडिएका छन्। तर, उनलाई उन्मुक्ति दिने गरी काम भइरहेको स्रोतको दाबी छ। केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)मा एक महिनाअघि नै जाहेरी परे पनि सो सहकारीका कोही पनि पक्राउ परेका छैनन्। धनराजसँग सोधपुछसमेत गरिएको छैन। कांग्रेसकै गृहमन्त्री भएकाले राज्य संयन्त्र उल्टै धनराजको संरक्षणमा लागेको आरोप छ।

धनराजले सहकारीको ऋण तिर्न मीनबहादुरसँग ऋण लिएको दाबी गरे। 'मीनबहादुर मेरा आफन्त हुन्। मितेरीले ऋण तिर भनेर साह्रो किचकिच गर्‍यो। मसँग रकम थिएन। मैले मीनबहादुरसँग ऋण मागेँ। बकाइदा कागज बनाका छौँ। ऋण लिन त पाइयो नि। त्यही ऋण लगेर मैले मितेरीमा बुझाएको हुँ,' उनले भने।

व्यवसायी मीनबहादुर गुरुङले धनराजलाई कागजै गराएर एक करोड ऋण दिएको बताए। 'धनराज गुरुङ मेरो १३ दिने दाजुभाइ नै हो। उसले पैसा चाहियो दिनुपर्‍यो भनेर माग्यो, चाहियो चाहियो भनेर मागेपछि दिनै पर्‍यो। उसलाई एक करोड लोन (ऋण) दिएका हौँ। कागज नै गरेर ऋण दिएका हौँ, चाहिए कागज पनि दिउँला। अरूले पनि ऋण माग्छन्, लेनदेन त चलिरहन्छ नि, अझ दाजुभाइलाई त दिनै पर्‍यो। अब हामीले दिएको ऋण उसले के गर्‍यो, कहाँ बुझायो त्यो जानकारी छैन। सहकारीको कुरा थाहा छैन,' उनले भने, 'मन्त्री हुँदा दिएको, राजनीतिक लाभको लागि दिएको भन्नेजस्ता विवाद र आरोप सत्य होइनन्। दाजुभाइको नाताले दिएको हो। यसमा विवाद गर्नुपर्ने कुरो छैन।'

रविका समर्थकको...

पृष्ठ १ बाट क्रमशः

सिडिओ भरतमणि पाण्डेले आइतबार बिहान पौने १२ बजेदेखि अर्को आदेश नभएसम्मका लागि सहिदचोक आसपासका क्षेत्र र जिल्ला प्रहरी कार्यालय रहेको पोखरा- ४ गैह्रापाटन आसपासका क्षेत्रमा निषेधाज्ञा जारी गरेका हुन्। यी क्षेत्रमा पाँचजनाभन्दा बढी जम्मा भई अनशन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभाजस्ता विरोधका कार्यक्रम गर्न निषेध गरिएको छ।

रास्वपा समर्थकरूको प्रदर्शनलाई मध्यनजर गरेर निषेधाज्ञा जारी गरिएको हो। तर, प्रदर्शनकारीहरूले निषेधित क्षेत्रमै प्रदर्शन गरेपछि प्रहरीसँग केहीबेर धकेलाधकेल भएको थियो। प्रहरीले पानीको फोहोरासँगै अश्रुग्यास प्रहार गरेको थियो। स्थानीय प्रशासनले पोखरामा सुरक्षा व्यवस्था कडा पारेको छ। शनिबारदेखि नै बजारका मुख्य-मुख्य चोकमा प्रहरी परिचालन गरिएकामा आइतबार सुरक्षाकर्मीको संख्या बढाइएको थियो। सर्वदलीय बैठक राखिसकेका प्रमुख जिल्ला अधिकारी पाण्डेले सम्भावित जोखिमलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्थालाई थप कडा बनाइएको बताए। सहकारीपीडित पनि आन्दोलनमा छन्। प्रदर्शनमा पाँच पत्रकारमाथि हातपात भएको छ।

रविलाई थुनामा राख्नुपर्ने पक्ष र विपक्षमा अदालतमा वकिलहरूको लामो बहस

६ दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतको अनुमति

दिउँसो १:३० बजे जिल्ला अदालत कास्कीमा उपस्थित गराइएका रवि लामिछाने करिब ५:३० बजेतिर मात्रै निस्किएका थिए। न्यायाधीश नवराज दाहालको इजलासले ६ दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिने निर्णय गर्नुअघि तीन घण्टाजति दुई पक्षका सात वकिलहरूले बहस गरेका थिए।

जिल्ला सरकारी वकिल कार्यालयकी न्यायाधिवक्ता कमला काफ्ले, सहायक न्यायायधिवक्ताद्वय शान्तिदेवी शर्मा र विपिनराज तिवारीले म्याद थपका लागि बहस गर्दा जाहेरवालाको तर्फबाट अधिवक्ता युवराज पराजुली र वेदबहादुर विष्टले बहस गरेका थिए। त्यस्तै, लामिछानेको तर्फबाट वरिष्ठ अधिवक्ताद्वय सुशील पन्त र नारायण घिमिरेले बहस गरे। त्यसपछि पनि पुनः न्यायाधीश दाहालले लामिछानेसँग एक्लाएक्लै कुराकानी गरेका थिए। अन्ततः प्रहरीको मागअनुसार न्यायाधीश दाहालले उनलाई ६ दिन हिरासतमा राख्न अनुमति दिए। सूर्यदर्शन बचत तथा ऋण सहकारीको बचत रकम ठगी प्रकरणमा तीन दिनअघि शुक्रबार काठमाडौंबाट पक्राउ परेका लामिछाने अब बाँकी तीन दिन बुधबारसम्म हिरासतमा रहनेछन्। त्यसपछि पुनः अदालतमा उपस्थित गराएपछि थप निर्णय हुनेछ।

जाहेरवाला पक्षका वकिलले लामिछानेलाई थुनामै राखी अनुसन्धान गर्नुपर्ने माग गर्दा अर्को पक्षले हाजिरी जमानीमा छोड्नुपर्ने दलिल पेस गरेका थिए। लामिछाने पक्षका वकिलले सहकारीबाट गोर्खा मिडियामा पैसा आइसकेपछि मात्रै रवि प्रबन्ध-निर्देशक बनेकाले मुद्दाको तथ्य फरक रहेको, आधार र कारण नभएको भन्दै थुनामा राख्नुनपर्ने तर्क गरेका थिए। लामिछाने प्रवेश गर्नुभन्दा पहिले आएको रकमको विषयमा थाहा हुने विषय नभएको उनीहरूले बताएका थिए। त्यस्तै, सहकारीबाट पैसा लिने प्रक्रियामा उनको कुनै पनि हस्ताक्षर, माइन्युट, निर्णयसमेत नभएको दलिल पेस गरे। छविलाल जोशीलाई राखे भन्दैमा रविलाई राख्न नहुने उनीहरूको तर्क थियो।

तर, लामिछानेका विपक्षी वकिलले सहकारीबाट पाँच करोडभन्दा बढी रकम गोर्खा मिडियामा गएको, उक्त रकम कम्पनीले आर्जन गरेको नभई सहकारीबाट ल्याएको, संसदीय छानबिन समितिको प्रतिवेदनले पनि दोषी देखाएको र थप अनुसन्धान गर्नुपर्ने भएकाले म्याद थप गर्नुपर्ने दाबी प्रस्तुत गरेका थिए। इजलासमा लामिछानेले भने आफूले भन्नुपर्ने सबै विषय संसदीय छानबिन समितिमै भनेको बताए। उनले अदालती प्रक्रियालाई सहयोग गर्ने प्रतिबद्धता दोहोर्‍याएका थिए।

प्रतिनिधिसभाले सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठन गरेको संसदीय छानबिन विशेष समितिले गोर्खा मिडियाका तत्कालीन प्रबन्ध-निर्देशक लामिछानेसहित चारजनामाथि थप अनुसन्धानका लागि सिफारिस गरेको थियो। सूर्यदर्शन सहकारीका अध्यक्ष गितेन्द्रबाबु (जिबी) राई फरार छन् भने सहकारीका कोषाध्यक्ष कुमार रम्तेल पुर्पक्षका लागि थुनामा छन्। पूर्वडिआइजी छविलाल बन्जाडे जोशी ६ असोजमा पक्राउ परेकामा प्रहरी हिरासतमा छन्। सूर्यदर्शनसहित पाँच सहकारीबाट ६५ करोड रुपैयाँ अवैध रूपमा गोर्खा मिडियामा आएको समितिको प्रतिवेदनमा उल्लेख छ।

■ जलनका बिरामीको निःशुल्क उपचार गर्ने सरकारी निर्णय

अधिकांश अस्पतालमा बर्न वार्ड र विशेषज्ञ चिकित्सक सेवाको अभाव



● **प्रदीप पौडेल**, स्वास्थ्यमन्त्री

अब आर्थिक अभावका कारण कसैले पनि जलनको उपचारबाट वञ्चित हुनुपर्दैन। आर्थिक अभावमा विपन्न समुदायका नागरिकले पाएको समस्या कम गर्न यो निर्णय गरेका हौं।



● **उज्ज्वलविक्रम थापा**, जलन अभियन्ता

जटिल केसको उपचारका लागि विपन्नले पाँच लाखबराबरको सेवा पाउने हो भने धेरैको ज्यान जोगिन्छ। समयमा आवश्यक उपचार नपाएर मर्ने घटना प्रदेशका अस्पतालले कम गर्न सक्छन्।



मञ्जु टेलर/नयाँ पत्रिका

सरकारले उपचार खर्च व्यहोर्न नसक्ने बिरामीलाई कस्मेटिक सर्जरीबाहेक निःशुल्क जलन उपचार गर्ने निर्णय गरेको छ। तर, प्रदेश अस्पतालहरूमा बर्न वार्ड र विशेषज्ञ चिकित्सकको तयारी अपुग छ।

कीर्तिपुर अस्पताल तथा वीर अस्पतालको जलन वार्डसँगै कोशी प्रदेशमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, मधेश प्रदेशमा नारायणी अस्पताल वीरगन्जमा जलनमा परेका व्यक्तिको निःशुल्क उपचार हुनेछ। यस्तै, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा लुम्बिनीको नेपालगन्जस्थित भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमा जलनपीडितको निःशुल्क उपचार हुनेछ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले प्रस्ताव गरेको जलनपीडितको उपचार निःशुल्क बनाउने प्रस्ताव शुक्रबार मन्त्रिपरिषद्बाट पारित भएको छ। 'अब आर्थिक अभावका कारण कसैले पनि जलनको उपचारबाट वञ्चित हुनुपर्दैन,' मन्त्रिपरिषद्को निर्णय सार्वजनिक भएपछि मन्त्री पौडेलले भने, 'आर्थिक अभावमा विपन्न समुदायका नागरिकले पाएको समस्या कम गर्न यो निर्णय गरेका हौं।'

मन्त्रिपरिषद्को निर्णयअनुसार उपचार गर्न नसक्ने विपन्न बिरामीलाई कस्मेटिक सर्जरीबाहेकका जलनको उपचार व्यवस्था निःशुल्क गर्ने उल्लेख छ। हालका लागि स्वास्थ्य मन्त्रालयले आफ्नै आन्तरिक स्रोतबाटै व्यवस्थापन गर्ने गरी जलनको उपचार गर्ने जनाएको हो। मन्त्री पौडेलले स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै जलनसम्बन्धी उपचार निःशुल्क र सहज बनाउने योजना सार्वजनिक गरेका थिए।

■ जलनका सीमित बिरामीको मात्रै उपचार

जलनका गम्भीर घाइतेको उपचार काठमाडौंमा मात्र हुँदा सीमित संख्याले मात्र उपचार पाइरहेका छन्। स्वास्थ्य मन्त्रालयको प्रक्षेपणअनुसार देशभर हरेक वर्ष ५५ हजारजनामा आगलागी वा कुनै माध्यमबाट जलनको समस्या देखिन्छ। त्यसमा लगभग १५ सयदेखि दुई हजारको मात्रै ठुला अस्पतालमा उपचार हुने गरेको तथ्यांक छ।

ट्रस्टद्वारा सञ्चालित कीर्तिपुर अस्पतालमा मात्रै गत वर्ष ७९९ जनाले उपचार गरेका थिए। सबैभन्दा धेरै जलनपीडितको उपचार हुने कीर्तिपुर अस्पतालले बर्सेनि सरदर आठ सयजनाको उपचार गर्दै आएको छ। यसबाहेक, यसै अवधिमा कान्ति अस्पतालले १५१ जनाको उपचार गरेको छ। वर्षभरि जलन भएर अस्पताल पुगेका ९८ बालक र ५३ बालिकाको उपचार गरेको हो। यस्तै, पाटन अस्पतालले २७ जनाको र सुष्मा कोइराला मेमोरियल अस्पतालले १८३ जनाको उपचार गरेको थियो। वीर अस्पतालले भने गत भदौदेखि मात्र वार्ड सञ्चालनमा ल्याएको छ। यसअघि ओपिडीमा मात्रै सामान्य बिरामीको उपचार गर्दै आएको थियो। केही बिरामीको ट्रमा सेन्टरमा उपचार हुँदै आएको छ।

■ निर्णय कार्यान्वयनको तयारी कस्तो छ ?

जलनको उपचारका लागि विपन्नलाई पाँच लाखसम्मको उपचार निःशुल्क गर्ने भन्दै मन्त्रिपरिषद्ले निर्णय गरेर छुट्याइएका अधिकांश अस्पतालमा बर्न वार्ड र विशेषज्ञ चिकित्सक सेवाको भने अभाव छ। मन्त्रालयले हाल जनरल सेवा दिइरहेका अस्पताललाई 'डेडिकेटेड' अस्पतालको रूपमा छुट्याइएको बताइए पनि काठमाडौंबाहेकका अस्पतालमा 'डेडिकेटेड' सेवा छैन।

काठमाडौंमा रहेका कीर्तिपुर अस्पताल र वीर अस्पतालमा जलनको उपचार वार्ड र शल्यक्रियाका लागि विशेषज्ञ प्लास्टिक सर्जन छन्। यसबाहेकका धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीरगन्जको नारायणी अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमा 'डेडिकेटेड' वार्ड र विशेषज्ञ सेवा सञ्चालनमा छैन। यी अस्पतालमा जनरल वार्डमा जलनको बिरामीको उपचार हुँदै आएको छ।

बर्सेनि हजारौंको संख्यामा जलनका बिरामी आउने अस्पतालमा विपन्नलाई निःशुल्क सेवा दिने सरकारको निर्णय सकारात्मक भए तापनि स्रोतसाधन नजुटाईकन सेवा दिन सजिलो नभएको अस्पतालका निर्देशकहरूले बताएका छन्। प्राथमिक उपचारदेखि अति प्रभावितबाहेकका सेवा दिइरहेका यी अस्पतालमा जनरल सर्जन र स्वास्थ्यकर्मीले बिरामीको उपचार गरिरहेका छन्।

'जलनका बिरामीलाई रिफर गर्ने विकल्पका लागि नजिक अस्पताल नै छैनन्। आएका बिरामीलाई जलरलमै राखेर उपलब्ध भएसम्म सेवा दिइरहेका छौं। 'डेडिकेटेड' वार्ड राखेर सेवा दिनका लागि पर्याप्त जनशक्ति, उपकरण र अन्य स्रोतसाधन छैन। सकेजति सेवा दिइरहेकै छौं,' सेती प्रादेशिक अस्पतालका मेसु डा. शेरबहादुर कुँवरले भने।

यस्तै, जनशक्ति र स्रोतसाधन अभावमा छुट्टै वार्ड सञ्चालनमा ल्याउन सक्ने अवस्था तत्काल नरहेको बताउँछन्, भेरी अस्पतालका मेसु डा. नीराजन सुवेदी। 'हामीले अहिले जनरल वार्डअन्तर्गत नै राखेर उपचार गरिरहेका छौं। अस्पतालको नयाँ भवनमा वार्ड राखिने तयारी भए तापनि हालसम्म निर्माणाधीन नै छ। अस्पतालको भवन निर्माण नहुँदासम्म छुट्टै वार्ड सञ्चालनमा ल्याउन सम्भव छैन। यसबाहेक गम्भीर बिरामी आएमा मेडिकल कलेजमा रिफर गरिरहेका छौं,' उनले भने।

जलनका बिरामीलाई अन्यत्र पठाउन नपरोस् भन्ने उद्देश्यले विगत तीन महिनादेखि छुट्टै वार्ड सञ्चालनमा ल्याउने तयारी भइरहे पनि सम्भव नभएको सुर्खेत प्रादेशिक अस्पतालका मेसु डा. डम्बर खड्काले बताए। 'हालका लागि तीन-चार बेड राखेर भए पनि सञ्चालनमा ल्याउने तयारी गरेका छौं। यस्तै, कीर्तिपुर अस्पतालका चिकित्सकहरूको समन्वयमा स्वास्थ्यकर्मीलाई सम्बन्धित तालिममा पनि पठाइरहेका छौं। तर, सरकारले घोषणा गर्नेबित्तिकैबिना बजेट र स्रोत-साधन सेवा दिन त्यति सजिलो छैन,' उनले भने।

अस्पतालमा सेवा-सुविधा बढाएर सेवा दिनका लागि कार्यविधि तयार गरेर मन्त्रिपरिषद्बाट पास गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी बताउँछन्। 'कार्यविधिमा अस्पतालमा वार्ड सञ्चालनमा ल्याउन, जनशक्ति थप्न अर्थात् आवश्यक सुविधा बढाउने उल्लेख गरिएको छ। जसअनुसार हाल सामान्य सेवा दिइरहेका अस्पताललाई सेवाका लागि तोकिएको हो,' उनले भने।

जाडोको समयमा जलनका घटना बढ्ने भएकाले सरकारले अस्पतालमा सेवा बढाएर उपचार तत्काल सुरु गर्नुपर्ने जलन अभियन्ता उज्ज्वलविक्रम थापा बताउँछन्। 'जटिल केसको उपचारका लागि विपन्नले पाँच लाखबराबरको सेवा पाउने हो भने धेरैको ज्यान जोगिन्छ,' उनले भने, 'समयमा आवश्यक उपचार नपाएर मर्ने घटना प्रदेशका अस्पतालले कम गर्न सक्छन्।'

प्रदेशमा तोकिएका अस्पतालमा भने विशेषज्ञ सेवा लागू गर्नुपर्ने उनको भनाइ छ। 'अहिलेको मुख्य समस्या भनेकै कम अस्पतालले सीमित सेवा दिनु हो। यदि प्रदेशमा अस्पतालले विशेषज्ञ सेवा दिनसके भने जलेका व्यक्ति काठमाडौं आउँदा-आउँदै मर्नुपर्ने अवस्था अन्त्य गर्न सकिन्छ,' उनले भने, 'यसका लागि मन्त्रालयले अस्पतालका लागि आवश्यक स्रोत-साधन जुटाउन सक्नुपर्‍यो।'

कोशीमा संसद् छलेर अध्यादेश



झापामा **चिरञ्जीवी घिमिरे**

कोशी प्रदेश सरकारले संसद् छलेर अध्यादेश ल्याएको छ। एमाले-काग्रेस गठबन्धनको कोशी सरकार सुविधाजनक बहुमतमा रहे पनि आइतबार अध्यादेश जारी गरेको हो। गत ४ असोजमा प्रदेश सभाको अधिवेशन अन्त्य गरेको सरकारले 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१' जारी गर्दै संकटग्रस्त सहकारी व्यवस्थापनका लागि सहकारी ऐनसँगै तीनवटा ऐन संशोधन गरेको छ। अध्यादेशमार्फत प्रदेश सहकारी ऐन, २०७६, प्रदेश विपत् व्यवस्थापन ऐन, २०७५ र प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गरिएको छ।

सरकारका प्रवक्ता तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारीले समस्याग्रस्त सहकारी घोषणा गरेर काम गर्ने गरी संशोधन गरिएको बताए। 'सहकारीमा नागरिकको कति लगानी डुबेको छ, नागरिकको बचत कसरी सुरक्षा गर्नेलगायत विषय अध्ययन गर्न शक्तिशाली आयोग बनाउने विषय पनि समावेश गरेका छौं,' उनले भने। मन्त्री अधिकारीका अनुसार प्रदेश विपत् व्यवस्थापन ऐन, २०७५ मा विपत्पछि तत्काल पुनर्निर्माण र मर्मतका लागि बजेट विनियोजन गर्न सक्ने अवस्थामा नरहेकाले त्यसको व्यवस्थापनका लागि अध्यादेशमार्फत ऐन संशोधन गरिएको हो।



● **लीलाबल्लभ अधिकारी**, कानुनमन्त्री, कोशी प्रदेश

सहकारीमा नागरिकको कति लगानी डुबेको छ, नागरिकको बचत कसरी सुरक्षा गर्नेलगायत विषय अध्ययन गर्न शक्तिशाली आयोग बनाउने विषय पनि समावेश गरेका छौं।

संसद् छलेर अध्यादेश ल्याउनु गलत भएको प्रमुख प्रतिपक्षी दल माओवादी संसदीय दलका नेता इन्द्र आङ्बोले बताए। 'अत्यावश्यक विधेयकमा सहयोग गर्छौं भनेर अघिल्लै अधिवेशनमा भनेका छौं। त्यहीअनुसार अघिल्लो अधिवेशनमा प्रदेश निजामती सेवा विधेयक पनि दलहरूको सहयोगमा संसदीय समितिमा नलगी पास गर्‍यौं। सहकारी समस्या धेरै अघिबाट आएको हो। यसअघिकै अधिवेशनमा ल्याएको भए पनि हुन्थ्यो। अब आउने हिउँदे अधिवेशनमा पनि ल्याउन सकिन्थ्यो,' उनले भने, 'यो अध्यादेशको उद्देश्य ठीक होला, तर प्रक्रिया गलत भयो। अध्यादेशमार्फत सरकार चलाउनु लोकतान्त्रिक मूल्य-मान्यता संसदीय अभ्यासविपरीत छ।'

सत्तारूढ दल काग्रेस संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङले उक्त अध्यादेश सरकारले जारी गरेको बताए। उनले उक्त अध्यादेश आउने अधिवेशनमा संसद्मै आउने र त्यहींबाट पास गर्नुपर्ने बताए। सरकारका प्रवक्ता अधिकारीले संवैधानिक अधिकार प्रयोग गरेर नै अध्यादेश ल्याइएको दाबी गरे। 'सदन नचलेको अवस्थामा अध्यादेश ल्याउन पाउने संवैधानिक अधिकार हो। अहिले सदन चलेको छैन। यहीबेला प्राकृतिक विपत् आइपऱ्यो। त्यही भएर अध्यादेश ल्याएको हो,' उनले भने, 'प्राकृतिक विपत्ति नआएको भए त हामीसँग बहुमत थियो। अध्यादेशको बाटो रोज्नुपर्ने थिएन। अब सदन चलेपछि अध्यादेश पेस हुन्छ। सदनबाट कि त अनुमोदन हुन्छ कि त खारेज हुन्छ।'

संक्षेप

सदर चिडियाखानाको व्यवस्थापन ३० वर्षका लागि पुनः कोषलाई

काठमाडौं/ सरकारले जावलाखेलस्थित सदर चिडियाखानाको व्यवस्थापन ३० वर्षका लागि पुनः प्रकृति संरक्षण कोषलाई दिएको छ। शुक्रबारको मन्त्रिपरिषद् बैठकले २१११ सम्मका लागि व्यवस्थापन र सञ्चालनको जिम्मा कोषलाई दिएको हो। वन तथा वातावरण मन्त्रालयका सचिव दीपक खरालले सदर चिडियाखाना व्यवस्थापनको जिम्मा ६० वर्षसम्मका लागि दिन सकिने व्यवस्थाअनुसार थप ३० वर्षका लागि दिइएको बताए। कोषले यसअघि ०५२ देखि चिडियाखानाको व्यवस्थापन गर्दै आएको थियो।

३० वर्षे सम्झौता अवधि सकिएपछि सरकारले अनुगमनको जिम्मा वन मन्त्रालयको रहने गरी व्यवस्थापनको जिम्मा कोषलाई दिएको हो। वि.सं १९८९ मा तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले निजी चिडियाखानाका रूपमा स्थापना गरेकामा सरकारले पछि आफ्नो स्वामित्वमा लिएको थियो। २०११ बाट भने सदर चिडियाखाना सर्वसाधारणका लागि खुला गरिएको हो। प्रवेश शुल्क तिरेर चिडियाखानाका वन्यजन्तु र चराचुरुंगीको अवलोकन गर्न पाइन्छ।

मिटरब्याजपीडितले घेरे अदालत

महोत्तरी/ मिटरब्याजपीडितले जिल्ला अदालत महोत्तरी घेराउ गरेका छन्। मिटरब्याजपीडितको समस्या समाधानका लागि नेपाल सरकारबाट आयोग गठन भएको र आयोगको माध्यमले काम भइरहेको तथा जिल्ला प्रहरी कार्यालयमा परेको निवेदनहरूको सिलसिलेवार छलफल भई समस्या समाधानको प्रयास भइरहेका वेला अदालतबाट पीडितहरूविरुद्ध पक्राउ पुर्जी जारी गर्ने, जग्गा-जमिन लिलाम गर्ने, साहुको हकमा अनावश्यक निषेधाज्ञा जारी गर्ने, पीडितलाई पक्राउ गर्न आदेश दिनेलगायत काम भइरहेको भन्दै मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपालले आइतबार अदालत घेराउ गरेको हो।

आर्थिक प्रलोभनमा अदालतबाट मिटरब्याजपीडितविरुद्ध निर्णय भएको, साहुहरूको साथमा रहेको तमसुक छानबिन गर्न, सम्पत्ति शुद्धीकरण गर्न तथा आर्थिक प्रलोभनमा परेर हुने गरेको अनुचित कार्य बन्द गर्न माग गर्दै उनीहरूले नाराबाजीसमेत गरेका थिए। केन्द्रीय सचिवालय सदस्य राजकिशोर मण्डलको अध्यक्षता तथा मिथिला कमान्ड अध्यक्ष मोहन महतोको अगुवाइमा अदालत घेराउ गरिएको हो।

लेक लागेर पर्यटकको मृत्यु

लमजुङ/ मनाङको डिस्याङ गाउँपालिकामा लेक लागेर पर्यटकको मृत्यु भएको छ। डिस्याङ- ३ याकखर्कमा टेन्टमा बसिरहेका स्विट्जरल्यान्डका नागरिकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मनाङले जनाएको छ। जुलु फरेस्ट जाने क्रममा टेन्टमा बसेका स्विट्जरल्यान्डका नागरिक राहदानी नं. एस ०८८५१८७ भएका करिब ६३ वर्षीय मार्कुस फास्लरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मनाङका प्रहरी निरीक्षक राजेन्द्रबहादुर केसीले जानकारी दिए। राति सकुशल सुतेका फास्लर बिहान नउठेपछि लेक लागेर मृत्यु भएको अनुमान गरिएको उनले बताए।

लागुऔषधसहित दुईजना पक्राउ

मकवानपुर/ प्रहरीले १२१ एम्पुल लागुऔषधसहित दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मकवानपुर गढी गाउँपालिका- २ का २५ वर्षीय बुद्धबहादुर डिम्डुङ र हेटौंडा उपमहानगरपालिका- ८ कमानेका २९ वर्षीय नवीन रुम्बा छन्। मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालका अनुसार उनीहरूलाई प्रहरीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा उपमहानगरपालिका- ३ लेवटमा नारायणगढबाट हेटौंडातर्फ आउँदै गर्दा पक्राउ गरेको हो। उनीहरू सवार ना.३३प ९५७६ नम्बरको मोटरसाइकल रोकी जाँच गर्दा डिम्डुङ र रुम्बाको साथबाट १२१ एम्पुल लागुऔषध बरामद भएको प्रवक्ता अर्यालले बताए। उनीहरूको साथबाट ४१ एम्पुल डाइजेपाम, ४१ एम्पुलफेनार्गन र ४० एम्पुलनुर्फिन गरी १२१ एम्पुल लागुऔषध फेला परेको प्रहरीले जनाएको छ। डिम्डुङ र रुम्बालाई मकवानपुर जिल्ला अदालतबाट चार दिनको म्याद थप अनुमति लिई अनुसन्धान थालिएको अर्यालको भनाइ छ।

■ मखमली फूल टिप्न भ्याइनभ्याई



भक्तपुरको गुन्डुमा आफ्नो बारीमा मखमली फूल टिप्दै गरेकी महिला। तिहारमा अत्यधिक माग हुने र काठमाडौं उपत्यकामा खपत हुने मखमली गुन्डुमै उत्पादन हुने भएकाले पनि यहाँका किसानको व्यस्तता बढेको छ। **तस्बिर : संजित परियार**/नयाँ पत्रिका

लाइसेन्स नहुनेले नागरिक एपबाटै विवरण देखाउन मिल्ने

काठमाडौं/ काठमाडौं उपत्यकामा ट्राफिक प्रहरीले इ-चलान (डिजिटल चिट) प्रणालीको सुरुवात गरेको छ। सवारी नियम उल्लंघन गरेको अवस्थामा कागजी चिट नकाटी तत्कालै अनलाइनमार्फत भुक्तान गर्न मिल्ने गरी यस्तो प्रणाली सुरुवात गरिएको हो। गृहमन्त्री रमेश लेखकले आइतबार उक्त प्रणालीको शुभारम्भ गरेका हुन्। ट्राइभ भायोलेसन रेकर्ड सिस्टम (टिभिआरएस)मार्फत डिजिटल चिटको सुरुवात गरिएको हो। तर, ट्राफिक कक्षा लिनुपर्ने कसुरमा कारबाही भएमा भने पछि मात्र भुक्तानी हुने उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

साथै, लाइसेन्स नहुनेले अब नागरिक एपमै विवरण देखाउन मिल्नेछ। लाइसेन्स छपाइमा एक वर्षभन्दा लामो समय लाग्ने भएपछि भौतिक रूपमा लाइसेन्स नै देखाउन नपर्ने व्यवस्था गरिएको हो। कार्यक्रममा गृहमन्त्री रमेश लेखकले सूचना प्रविधिको प्रयोगमार्फत राज्यका सेवाप्रवाहलाई सरल र सुलभ बनाउँदै लगिने बताए।

कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले सडक सुरक्षा एवं ट्राफिक व्यवस्थापन सम्बन्धमा नवीनतम प्रविधिको माध्यमबाट आमनागरिकमा सहज, सरल, पारदर्शी र गुनासोरहित ढंगको सेवा प्रवाहलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस प्रविधिको शुभारम्भ भएको बताए। त्रुटिरहित तवरबाट यसको कार्यान्वयनका लागि नेपाल प्रहरी सदैव कटिबद्ध रहने उनले उल्लेख गरे। प्रहरी महानिरीक्षक कुँवरले सडक सुरक्षा एवं ट्राफिक व्यवस्थापनमा समयानुकूल आधुनिकीकरण र परिमार्जनमा नेपाल प्रहरीले आफ्नो स्रोत-साधनले भ्याएसम्म आफ्ना प्रयासहरू निरन्तर राखेको बताए। इ-चलान प्रविधिको प्रयोग गरी ट्राफिक कारबाहीलाई प्रविधिमैत्री बनाउन सहयोग सिद्ध हुने अपेक्षा लिएको र उक्त सेवा कम झन्झटिलो र गुनासोरहित हुने उनको विश्वास छ।

डेढ वर्षदेखि तलब नपाएको भन्दै कर्मचारीले विद्यालयको मूलगेटमा लगाए ताला

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको कर्जन्हा नगरपालिका- ११ कर्जन्हा बजारस्थित जनसेवा माध्यमिक (प्राविधिक) विद्यालयमा कार्यरत चारजना कर्मचारीले करिब डेढ वर्षदेखिको तलब सुविधा नपाएको भन्दै आइतबार विद्यालयको मूलगेटमै तालाबन्दी गरेका छन्। लामो दसैं बिदापछि पहिलो दिन आइतबार खुल्नुपर्ने विद्यालयको मूलगेटमा कर्मचारीहरू बिहान साढे ८ बजेतिर ताला लगाएर धर्नामा बसेपछि विद्यार्थी घर फर्किन बाध्य भए।

मूलगेटमै ताला लगाएर कर्मचारीहरू धर्नामा बसेकाले शिक्षक र विद्यार्थी विद्यालय प्रवेश गर्न नपाउँदा पढाइ नभएको विद्यालयका प्रधानाध्यापक लक्ष्मी हाईले बताए। उनका अनुसार कर्जन्हा बजारसहित बडहरामाल, गौताडी, सिक्रौन, मरेवा, प्रेमनगर, बस्तीपुर, प्रयागपुरलगायत ठाउँबाट पढ्न आएका विद्यार्थीहरू नपढी घर फर्किएका हुन्। उनका अनुसार विद्यालयमा सिभिल इन्जिनियरिङको प्राविधिक धारसहित एक हजार ९२७ विद्यार्थी अध्ययनरत छन्। 'आर्थिक वर्ष ०८०/८१ देखि नै विद्यालयको मातहत रहेको कर्जन्हा बजार र तीनवटा पोखरी ठेक्का नगरपालिकाले नै लगाउन थालेपछि आम्दानीको स्रोत रोकियो,' उनले भने, 'पालिकालाई ठेक्काबापतको रकम विद्यालयलाई दिन पटकपटक आग्रह गरे पनि नपाउँदा चारजना कर्मचारीलाई समयमा तलब खुवाउन सकेनौं।'



हाईका अनुसार दुईजना कार्यालय सहायकहरूको जनही मासिक १८ हजार पाँच सय रुपैयाँ, पुस्तकालयतर्फका कर्मचारीको २७ हजार ४० र लेखापालको मासिक करिब ३९ हजार रुपैयाँ तलब तोकिएको छ। 'गत आवमा तलबबापत थोरै रकम बुझाए पनि बक्यौता रह्यो, चालू आव ०८१/८२ को साउनदेखि नै तलब बाँकी छ,' उनले भने, 'नगरपालिकाले बजार र पोखरीको ठेक्का रकम विद्यालयलाई वेलैमा उपलब्ध गराएको भए समस्या हुँदैनथ्यो।'

विद्यालयमा कार्यरत ३० जना शिक्षकले दसैंमा एक महिनाको अतिरिक्तसहित तलब पाउँदा आफूहरूको हात भने खाली रहेको कार्यालय सहायक कुशेश्वर साहले गुनासो गरे। एउटै विद्यालयका शिक्षकले दसैंअगावै अतिरिक्त एक महिनाको सुविधासहित तलब पाए, तर आफूहरूको तलब नआउँदा परिवारको दसैं खल्लो भएको उनले दुःखेसो गरे।

विद्यालयमा कार्यालय सहायक साहसहित गोविन्द श्रेष्ठ, लेखापाल श्रीप्रसाद पासमान र पुस्तकालयतर्फका कर्मचारी रामअवशेश्वर पासमानले पछिल्लो करिब डेढ वर्षदेखिको तलब सुविधा पाएका छैनन्। कर्मचारीले तलब सुविधा नपाएकोबारे जानकार रहे पनि आफू जिल्लाबाहिर रहेकाले फर्किएपछि छलफल गरी समाधान निकालिने कर्जन्हा नगरका प्रमुख भोलाप्रसाद पोखरेलले बताए। विद्यालयको मूलगेटमै ताला लगाएर चारजना कर्मचारी धर्नामा बस्दा पठनपाठन नै रोकिएपछि पालिकासँग समन्वय गरी कर्मचारीको समेत सहमतिमा आइतबार दिउँसो ताला खोलिएको छ। 'तलब नपाएका कर्मचारीको समस्याको विषयमा सोमबार पालिकामा छलफल गर्ने मौखिक सहमतिपछि ताला खोलिएको हो,' प्रधानाध्यापक हाईले भने।

सोमबार ५ कात्तिक ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

प्रकोपमा प्रधानमन्त्रीले सिक्न नसकेको तथ्य

आफू विदेश जानु, उपप्रधानमन्त्रीलाई मन्त्रिपरिषद्को बैठक डाक्न नदिनु, फर्किएपछि पनि राहत र पुनर्स्थापनाको व्यवस्था नगर्नु प्रधानमन्त्रीको कमजोरी हो



● बलराम केसी

अग्रलेख

असोज ११ र १२ गते भीषण बाढीपहिरो आयो। ११ हजार परिवार घरबारविहीन बने। यही वेला एमाले अर्बौंको उपहारबाट धनाढ्य बन्यो। प्रधानमन्त्रीलाई ११ हजार विस्थापित कहाँ, बसे के खाए, मतलब भएन। उपहारको भवन शिलान्यास गर्न पुग्नुभयो। ०३२ सालमा राजा वीरेन्द्रको राज्याभिषेकमा जर्मन पाहुनाले 'उपहार के दिऊँ ?' भनेर सोध्दा राजाले भक्तपुर दरबार स्क्वायरको मर्मतसम्भार र काठमाडौंको ढल व्यवस्था गरिदिनुहोस् भने। एमालेले पनि कुनै स्वार्थ नभए आफूलाई उपहार होइन, भर्खरै विस्थापित ११ हजार परिवारलाई राहत र पुनर्स्थापना गरिदिनुहोस् भन्न सक्नुपर्थ्यो। यसैबाट प्रस्ट भयो, एमालेलाई प्राप्त उपहारमा स्वार्थ गाँसिएको छ। उपहार एमालेले मात्र होइन, एमाले चलाउने पदाधिकारीले पनि पाएको अन्दाज गर्न सकिन्छ।

संविधानको धारा ५१(६)(९)मा 'प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार एवं पूनर्स्थापना गर्नुपर्ने' व्यवस्था छ। सरकारले यो धारा भएको थाहै पाएन। सरकार दुई प्रकारका हुन्छन्। 'राजनीतिक कार्यकारी' र 'स्थायी कार्यकारी'। पहिलोलाई 'मन्त्रिपरिषद्' या 'सरकार' र दोस्रोलाई 'कर्मचारीतन्त्र' भनिन्छ। मौसम विभाग 'कर्मचारीतन्त्र' हो। उसले पाँच दिनअगावै "भीषण वर्षा"को भविष्यवाणी गर्‍यो, सरकारले वास्तै गरेन। प्रधानमन्त्रीलाई अमेरिका जान हतारो भयो। पूर्वजानकारी पाएपछि भ्रमण रद्द गरेर 'विपत् व्यवस्थापन समिति', 'प्रदेश सरकार', 'स्थानीय सरकार', 'सुरक्षा निकाय' लगायत सबैलाई समन्वय गरेर हुन सक्ने क्षति न्यूनीकरणका लागि जनतालाई सतर्क गरी उद्धार र राहतका लागि तयारी अवस्थामा रहनुपर्थ्यो। तयारीमा रहेको भए २४६ को ज्यान जाने थिएन।

आफू विदेश जानु, उपप्रधानमन्त्रीलाई मन्त्रिपरिषद्को बैठक डाक्न नदिनु। फिर्ता आएपछि पनि 'राहत र पुनर्स्थापना' को व्यवस्था नगर्नु प्रधानमन्त्रीको 'डेरेलिक्सन अफ ड्युटी' र 'राष्ट्रिय हितविपरीत' कार्य हो। यो लेख लेख्दासम्म उद्धारको अवस्था पार भइसक्यो, राहत र पुनर्स्थापना सुरु भएकै छैन।

यथार्थमा अमेरिका जानुको साटो प्रधानमन्त्री 'कट्रिना' आँधीको समयमा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसले जस्तो टिसर्ट र जिन्स लगाएर बाढिपहिरो पीडितको उद्धार र राहतमा आफैं लाग्नुपर्थ्यो। आज राहत र पुनर्स्थापनाको कार्य भइरहेको हुनुपर्थ्यो। तर, आज चौथो सातामा 'विपत् जोखिम व्यवस्थापन परिषद्' बाट राहतको निर्णय हुँदै छ। विस्थापित भोकभोकै छन्। सरकारले भने बालुवाटार र भैंसेपाटीबाट मटन, चिकेन, पुलाउ र मिनिरल वाटर खाएर दसैं मनायो। बाढिपहिरोले हजारौंको घर भत्कियो, पुरियो, बगायो। पेट भोको छ। चामल, दाल, पीठो, चिउरा बगायो। लाउने लुगा छैन। सुत्ने ओछ्यान छैन। पकाउने भाँडा र दाउरा छैन। शौचालय छैन। खाने भाडा छैन। स्वच्छ पिउनेपानी छैन। किन्ने पैसा छैन। धारा ५१(६)(९)मा राहत भनेको उद्धारपछि खाने, बस्ने र सुत्ने व्यवस्था गर्ने भनिएको छ। नगद देऊ भनेको होइन। धारा ५१(६) (९)ले सरकारले अस्थायी टहरा, पाल, कभर्ड हल र सार्वजनिकस्थलमा पीडितलाई बसाल्ने भनेको हो। स्वच्छ पिउनेपानी उपलब्ध गराउने, ओछ्यान, कम्बल उपलब्ध गराउने, मेस सिर्जना गरेर दालभात, बिस्कुट चिउरा आदि खुवाउने भनेको हो। बिरामी भएमा निःशुल्क उपचार गराउने भनेको हो। एकातर्फ राहत दिँदै जाने अर्कातर्फ टहरा निर्माणदेखि लिएर पुनर्स्थापनाका लागि सहयोग गर्दै जाने भनेको हो। केही अवधिसम्म सरकारले खुवाउने, सुताउने गरेपछि विपत्अगाडिको अवस्थाको दैनिक जीवन बिताउन आर्थिक सहयोग गरेर आफू अलग्गिने भनेको हो। नगद दिएर सरकार उम्कने भनेको होइन।

यतिखेरसम्म पुनर्स्थापनाको काम सुरु भइसक्नुपर्थ्यो। राहत शब्दको अर्थ सरकारले बुझ्न सक्दैन भने शासन चलाउन पनि सक्दैन। विश्वमा प्राकृतिक प्रकोप पर्दा एक देशले अर्को देशलाई राहत पठाइन्छ। राहत पठाउँदा डलर, नगद पठाइँदैन। हवाईजहाज, रेललगायत यातायातका साधनमार्फत पिउने पानी, कम्बल, प्याक गरिएको खाद्य सामग्री, पाल, चिकित्सकको टोली, औषधिलगायत सामग्री पठाइन्छन्। राहतको काम सिद्धिएपछि पुनर्स्थापनाका लागि मात्र नगद दिने हो।

११ हजार घरबारविहीन बने। सरकार विस्तापित कहाँ बसे, शुद्ध पानी कसरी पिए, के खाए, बूढाबूढी रोगी, सुत्केरी बालबच्चाको हालत के छ सोधपुछसम्म गर्दैन। प्रधानमन्त्रीको अगुवाइ र अग्रसरतामा प्रदेश र स्थानीय सरकार, मेयर, सेना, प्रहरी, विपत् व्यवस्थापन परिषद् सामाजिक संस्थालाई परिचालन गरेर बस्ने, खाने, पिउनेपानी आदिको व्यवस्था गर्नुपर्ने थियो। प्रधानमन्त्रीबाट प्रदेश सरकारको वास्ता गरिएन।

४० प्रतिशत अपूरो धरहरा उद्घाटन गरेर धरधरा मैले बनाएँ भनेर प्रचारमा रमाएर जस लिने प्रधानमन्त्रीले धारा ५१(६)(९) कार्यान्वयन नगर्नाले ११ हजार परिवारको खाद्य, आवास, स्वच्छ पिउनेपानी, स्वास्थ्य र बच्चाको पठनपाठन, बिरामीको उपचारको मौलिक र मानव अधिकार हनन गराएको अपजस पनि प्रधानमन्त्रीले नै लिनुपर्ला नि ?



०७२ यता भूकम्प, कोभिड र बाढीपहिरो नेपालले भोग्यो। तीनै संकटमा प्रधानमन्त्री ओलीजी नै हुनुहुन्थ्यो। भूकम्पमा वर्तमान संविधान थिएन। प्रधानमन्त्रीले धारा ७५(२) अनुसार हालको ५१(६)(९)को काम गर्नुपर्थ्यो। कोभिडमा धारा ५१(६)(९) आइसकेको थियो, तर पालना गर्नुभएन। भूकम्प र कोभिडमा पूर्वतयारी हुन नसक्ला, तर 'उद्धार, राहत र पुनर्स्थापना' हुनसक्थ्यो। जनता भूकम्पको मारमा थिए, तर प्रधानमन्त्रीले 'पूर्वविशिष्टहरूलाई करोडौं पर्ने प्राडो, पजेरो, इन्धन, चालक, आवास र आजीवन भत्ता' उपहार दिने विधेयक संसद्मा पठाउनुभयो। सभामुख सुवास नेम्वाङले संकटको वेला यस्तो विधेयक हुँदैन भनेकाले मात्र कानुन बनेन। मिडियाले यसको खोजी गरेर जनतासमक्ष ल्याउनुपर्छ।

कोभिडमा विश्व आतंकित थियो। सामाजिक दूरी, लकडाउन र मास्कमा भर पर्नुपरेको थियो। ओलीजीले नेपालीले हिमालको पानी पिउँछन्, हिमालबाट आएको हावाको सास फेर्छन्, केही गर्नुपर्दैन भनेर मजाक गर्नुभयो। लकडाउनका कारण हजारौं ज्यालादारी भोकै भए। तीन महिना लामो लकडाउनमा सरकारले उनीहरूलाई धारा ५१(६)(९)अनुसार मेस र उपचारको व्यवस्था केही गरेन। सामाजिक संस्थाहरूले चन्दा उठाएर ज्यालादारीलाई पाले। नेकपा विभाजन हुने क्रममा थियो। प्रधानमन्त्री ओलीजीले बालुवाटारस्थित सरकारीनिवासलाई दलको काममा प्रयोग गर्नुभयो। कार्यकर्ताको भिडलाई सरकारी खर्चमा किनिएको आइसियूमा प्रवेश गर्दा लगाउने प्लास्टिकको महँगा स्यानिटाइज्ड गरिएको जुत्ता लगाउन दिएर मिनिरल वाटर खुवाएर, सरकारी खर्चमा, सरकारी खाना खुवाएर दलको भेला गराउनुभयो। ज्यालादारी मरेकोमऱ्यै भए। ओम्नीलाई एकलौटी औषधि निर्यात गर्न अनुमति दिएर जनता मारमा परे।

> अमेरिकामा आँधी आउँदा आफ्नो छुट्टी छोट्याएर उद्धार, राहत र पुनर्स्थापनामा जुट्ने तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुसबाट सिक्नुपर्नेमा हाम्रा प्रधानमन्त्री देशमा बाढीपहिरोको विपत् आउँदै छ भन्ने मौसम विभागको पूर्वसूचनालाई बेवास्ता गरी अमेरिका जानुभयो

सन् २००५ मा अमेरिकाको 'लुइजियाना' राज्यको 'न्युओर्लियन्स' मा 'कट्रिना' आँधी आयो। चार लाख ५० हजारजना प्रत्यक्ष पीडित भए। त्यो शताब्दीकै ठुलो हरिकेन थियो। राष्ट्रपति जर्ज डब्लु बुस हुनुहुन्थ्यो। उहाँ छुट्टी मनाइरनुभएको थियो। थाहा पाउनासाथ छुट्टी रद्द गरेर उहाँ न्यु ओर्लियन्स पुग्नुभयो। राहत, उद्धार, पुनर्स्थापनाको जिम्मा 'राज्य सरकार' को भए पनि राष्ट्रपति बुसले संघीय सरकारकै अगुवाइ चाहनुभयो। यसका लागि सेना परिचालनदेखि ठुलो धनराशि आवश्यक थियो। कानुनले संघीय सरकार संलग्न हुन राज्य सरकारको स्वीकृति चाहिन्थ्यो। राज्य सरकारको अनुमति नभई सेना राज्यमा पठाउन मिल्दैनथ्यो। चार दिनसम्म राज्य सरकारले मानेन। पटक-पटकको अनुरोधपछि गभर्नर र मेयर दुवैले राहत, उद्धार र पुनर्स्थापनामा संघीय सरकारलाई अनुमति दियो। राष्ट्रपतिले सेना परिचालन गर्नुभयो। कभर्ड हल, पाल र अन्य हलमा विस्थापितलाई बसाल्नुभयो। सरकारी खर्चमा सिसिको पानी, फास्टफुड, खाना, ओछ्यान, कम्बल, अस्थायी शौचालयको व्यवस्था गराउनुभयो। तर, त्यहाँ हाम्रोजस्तो धारा ५१(६)(९) थिएन।

सेना लगाएर पहिलो काम नै शान्ति, सुव्यवस्था कायम गर्नुभयो। आपत्कालीन निकायलाई सक्रिय बनाउनुभयो। संघीय रकम उपलब्ध गराउनुभयो। अमेरिकामा पूर्वराष्ट्रपतिहरूको ठुलो इज्जत हुन्छ। उनीहरूको भाषण बिक्छ। बुसले आफ्नै पिता पूर्वराष्ट्रपति जर्ज बुस र बिल क्लिन्टनलाई रकम जम्मा गर्न विभिन्न ठाउँमा सम्बोधन गर्न अनुरोध गर्नुभयो। यसबाट पीडितको राहतका लागि लाखौं डलर जुट्यो। बुस आफैँले निरन्तर मौसम विभागसँग मौसमबारे जानकारी लिइरहनुभयो। राष्ट्रपति आफैं टिसर्ट र जिन्समा ट्रक, कार, हेलिकोप्टर, हवाईजहाज आदिमा पकट-पटक प्रभावित क्षेत्रको भ्रमणमा गएर राहतमा लागेका र विस्थापितलाई भेटेर हौसला बढाउनुभयो। वासिङ्टनबाट १३ पटक न्युओर्लियन्स जानुभयो। उद्धार पुनर्स्थापना गर्न सफल हुनुभयो। उहाँले ढिलाइको जिम्मा आफूले लिनुभयो र भन्नुभयो- सेप्टेम्बर ११ को घटनाले प्रत्येक संकटमा सरकारबाट तुरुन्त 'रेस्पोन्स'को अपेक्षा गर्नु अमेरिकी जनताको अधिकार हो। जब संघीय सरकार चुक्छ, राष्ट्रपतिका नाताले त्यसको जिम्मा म लिन्छु र समाधान पनि मै गर्छु। छुट्टीबाट फर्किन दुई दिन ढिलाइको जिम्मा आफूले लिएर अमेरिकी जनतासँग माफी पनि माग्नुभयो (हेर्नुहोस्- राष्ट्रपति बुसको 'द डिसिजन पोइन्ट' र भारतका राष्ट्रपतिको "माई प्रेसिडेन्सियल इयर्स')।

नेपालको नेता र अमेरिकी नेतामा ठुलो फरक छ। हाम्रो नेता देशमा संकट हुँदाहुँदै अमेरिका जान्छन्। आफूले गर्ने काम उपप्रधानमन्त्रीलाई गर्न दिँदैनन्। अमेरिकी राष्ट्रपति संकट थाहा पाउनासाथ छुट्टी रद्द गरेर आफ्नै नेतृत्व र सक्रियतामा राहत र उद्धारमा लाग्छन् र ढिलाइ भएकामा जनतासँग माफी माग्छन्। हाम्रोमा माफी माग्नु त कताकता, 'मौसम विभागले यही ठाउँमा क्षति पुग्छ भनेको थिएन' भनेर फुत्किन्छन्।

अन्त्यमा, दुई करोड नब्बे लाखमध्ये "इमानदार" भनेर पाँच वर्षका लागि २७५ सांसद छान्ने हामी नै हौं। इमानदार होलान् भनेर छानिएका २७५ मध्ये सरकार चलाउन झनै 'इमानदार' चाहिन्छ भनेर २५ जना कार्यकारी छान्ने हामीले छानेकै २७५ हुन्। बाँचुन्जेल सिंहदरबार र बालुवाटार नछाड्ने खालका नेता वपन हामीले नै छानेका २७५ मध्येका हुन्। यो अवस्था अन्त्य नगर्दासम्म विपत्मा धारा ५१(६)(९) क्रियाशील र कार्यान्वयन हुँदैन।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. **गोविन्दराज पोखरेललाई**



हाम्रो सार्वजनिक ऋण किन बढिरहेको छ ?

सामान्यतः राष्ट्रले विभिन्न प्रयोजनका लागि ऋण लिनु अन्यथा होइन। तर, हाम्रो देशमा भने सार्वजनिक ऋण सही प्रयोजनमा खर्च भइरहेको छैन। हाम्रो राजस्व उठाउने नीति नै हावादारी छ। विगतका कैयौं वर्षदेखि लक्ष्यअनुसार राजस्व उठेको देखिन्न। उठ्नै नसक्ने राजस्वको लक्ष्य लिएपछि खर्च गर्न रकम पुग्दैन, अनि सार्वजनिक ऋण नलिई धर हुँदैन। लक्ष्यअनुसार राजस्व उठाउन आर्थिक गतिविधि बढ्नुपर्छ। बजेटमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन हुनुपर्छ। राजस्वको यथार्थपरक आकारअनुरूप बजेटको आकार निर्धारण हुनुपर्नेमा हरेक वर्ष बजेटको आकार बढाउँदै गएकाले पनि हाम्रो सार्वजनिक ऋण पनि बढ्दै गएको हो।

जिडिपीको ४४ प्रतिशत ऋण पुग्नु कति चिन्ताको विषय हो ?

यसमा ऋण लिएर कहाँ, कसरी र कुन प्रयोजनमा खर्च गरियो भन्ने पक्ष महत्त्वपूर्ण हुन्छ। सार्वजनिक ऋण लिएर विद्युत् उत्पादन, प्रसारण लाइन विस्तार, उत्पादनलाई सघाउने रणनीतिक महत्त्वका सडकलगायत उत्पादनमूलक क्षेत्रमा लगानी गरियो भने त्यो चिन्ताको विषय होइन। तर, हामीकहाँ चाहिँ ऋण लिएर उत्पादनमुखी क्षेत्रमा भन्दा पनि अनुत्पादक क्षेत्रमा ऋण रकम खर्च भइरहेको छ। योचाहिँ चिन्ताको विषय हो।

ऋण लिइएको रकम उत्पादनशील क्षेत्रमा किन खर्च हुन नसकेको होला ?

लक्ष्यअनुरूप राजस्व नउठेपछि दैनिक खर्च चलाउनै पनि ऋण लिनुपर्ने बाध्यता हुन्छ। ऋण लिएर कर्मचारीलाई तलब, भत्ता खुवाउने, भ्यु टावरजस्ता अनुत्पादक क्षेत्रमा खर्च गर्ने प्रवृत्ति बढी छ। सार्वजनिक ऋणलाई उत्पादक क्षेत्रमा खर्च गर्ने नीति नै कमजोर छ। यस्तै अवस्था रहेमा कुनै दिन सार्वजनिक ऋण राष्ट्रकै लागि बोझ बन्ने निश्चित छ।

प्रेरक प्रसंग

पुजारी रामकृष्ण

स्वामी रामकृष्ण परमहंसले दक्षिणेश्वरमा पुजारीको जिम्मेवारी पाए। उनको तलब थियो महिनाको २० रुपैयाँ। यति रकम तत्कालीन समयमा उनको गुजाराका लागि पर्याप्त थियो। उनी आफ्नो जिम्मेवारीमा तन्मयतापूर्वक खटिए।



रामकृष्णले जिम्मेवारी सम्हालेको १५ दिनपछि उनलाई मन्दिर व्यवस्थापन समितिसमक्ष उपस्थित हुन पत्र काटियो। पत्र पाएपछि उनी समितिसमक्ष उपस्थित भए। तर, आफूलाई त्यहाँ किन बोलाइएको थियो, त्यसबारे भने उनी अनभिज्ञ थिए। समितिका पदाधिकारीले उनीसित प्रश्न गरे- पण्डितजी, तपाईंविरुद्ध धेरै भक्तजनले उजुरी दिएका छन्। यसबारे हामी तपाईंबाट केही जान्न चाहन्छौं। तपाईं हरेक फल पहिले आफूले चाखेर मात्र र फूल सुँघेर मात्र भगवान्लाई अर्पित गर्नुहुन्छ रे ! के कुनै मन्दिरमा पुजारीले भगवान्लाई जुठो प्रसाद र फूल चढाउँछन् हो ? दक्षिणेश्वरमा तपाईंले यसै गरी पूजा गर्दै हुनुहुन्छ ? समितिका अधिकारीको प्रश्न सुनेपछि रामकृष्ण केही गम्भीर भए र उत्तर दिए- कुनै पनि फूल पहिले आफूले नसुँघी त म कसरी भगवान्लाई चढाउन सक्छु ? कुनै फूलमा सुगन्ध रहेनछ भने भगवान्लाई सास्ती हुँदैन ? अझ दुर्गन्ध नै रहेछ भने त भगवान्को हालत कस्तो होला ? रह्यो फलफूल चाखेर चढाउने गरेको आरोप। यसमा पनि मेरो भनाइ त्यही हो। मेरी आमाले भान्छामा केही पकाउँदा मीठो भयो कि भएन भनेर आफूले चाखेर मात्र मलाई खान दिनुहुन्थ्यो। अनि भगवान्का लागि कुनै फलफूल या प्रसाद चढाउँदा त्यो मिठो छ कि छैन, भगवान्का लागि योग्य छ कि छैन भनेर पहिला आफैँले चाख्नुपरेन त ? नचाखी त त्यसको स्वाद कसरी थाहा पाउनु र भगवान्लाई अर्पण गर्नु त ?

पुजारी रामकृष्णको यस्तो आत्मविश्वासयुक्त जवाफ सुनेपछि समितिका पदाधिकारी निरुत्तर बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

के नै फरक पर्छ र ?

१ कात्तिकको नयाँ पत्रिकामा मेहदी हसनको 'राष्ट्रसंघबाट हटाइनुपर्छ इजरायललाई' शीर्षकको लेख पढें। विदुरले धृतराष्ट्रलाई भनेका थिए- महाराज, दुष्ट दुर्योधनलाई कैद गर्नुस्। त्यस्तो छोराको त्याग वा वध गरियो भने पनि कुनै पाप लाग्दैन। धृतराष्ट्रलाई दोष दिइन्छ कि पुत्रमोहमा उनले त्यस्तो केही गरेनन्। यथार्थमा धृतराष्ट्रसँग त्यस्तो गर्ने सामर्थ्य नै थिएन। सम्पूर्ण शक्ति त दुर्योधन र सकुनीको हातमा गइसकेको थियो। द्वापरमा पिता हुनुको सम्मान धृतराष्ट्रले पाइरहे। तर, कलियुगका औरंगजेब भने उल्टै पिता शाहजहाँलाई कैद गरी बादशाह बनेका थिए। अजातशत्रुले पनि आफ्ना पिता विम्बिसारलाई जेल हालेर राजा बनेका थिए। संयुक्त राष्ट्रसँघ तिनै धृतराष्ट्र र विम्बिसारको विम्ब मात्र हो, जसलाई भिटोले कैद गरिसकिएको छ। त्यस्तो संघमा इजरायल रहे वा नरहे उसलाई के फरक पर्छ ? राष्ट्रसंघबाट हटाइए पनि ताइवान पहिलेभन्दा बढी रफ्तारले हिँडिरहेको छ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

ढल नबनी मन्त्री किन सरे ?

'मन्त्री क्वार्टरको ढल स्थानीयको घरअगाडि सडकमा' शीर्षकको समाचार पढियो। जब सडकको चौडाइसम्बन्धी विवाद बाँकी नै छ र नवनिर्मित 'अत्याधुनिक' मन्त्री क्वार्टरको ढल त्यसरी सडकमै छाडिँदै छ भन्ने जान्दाजान्दै मन्त्रीहरू त्यहाँ किन सरे ? उनीहरू त्यहाँ नगरेका भए यसरी सर्वसाधारणको बस्ती दुर्गन्धित त हुने थिएन। अनि, सडकको विवाद समाधान गरी आफ्नो क्वार्टरको ढलको निकास बनाउन नसक्ने हो भने मन्त्री भएकोचाहिँ किन ?

● **अमृता शाक्य**
भैंसेपाटी, ललितपुर

यो कन्तबिजोग कहिलेसम्म ?

'रुख कटान भएनन्, बिचबिचमा कालोपत्रे' शीर्षकको समाचार पढ्दा अचम्म लाग्यो। यो सडक निर्माण सुरु भएदेखि नै यी रुख कटानीको विषय विवादित बन्दै आएको सुनिन्छ। सरकारले ठेक्का लगाएरै बनेको होला यो सडक। अनि, सरकारकै कुनै मन्त्रालय या कुनै विभागले यसरी विकास निर्माणमा तगारो तेर्स्याउनु कति जायज हुन्छ ? रुख नकाट्ने भए सडक किन बनाइयो। सडक बनिसकेपछि रुख काट्न केले रोक्यो ?

● **गोविन्द मगर**
बिर्तामोड, झापा

गुरुङ कहाँ छन् ?

उच्चस्तरीय सहकारी छानबिन समितिले प्रस्ट पारेको छ, रवि लामिछाने जिबी राईद्वारा सञ्चालित कुनै पनि सहकारीका सञ्चालक होइनन्। उता सूर्यदर्शन सहकारीका बचतकर्ताको किटानी जाहेरीका आधारमा रविलाई पक्राउ गरिएको पनि बताइँदै छ। जब रवि सञ्चालक नै होइनन् भने किटानी जाहेरीको औचित्य के ? किनकि बचतकर्ताले त सञ्चालक को-को हुन्, उनीहरूविरुद्ध मात्र जाहेरी दिन मिल्छ। सूर्यदर्शनबाट क-कसले के-कति रकम लिए, कहाँ लगानी गरे, किन चुक्ता गरेनन्, त्यो बचतकर्ताहरूको सरोकारको विषयै होइन। यदि त्यसो हो भने त सूर्यदर्शनको बचत रकम गोर्खा मिडियामा मात्र होइन, अन्य क्षेत्रमा पनि लगानी भएको र ती ऋणीबाट पनि रकम नउठेको देखिन्छ। तर, अन्यविरुद्ध भने किटानी जाहेरी किन दिइएन ?

स्मरण रहोस्, सहकारीका सम्बन्धमा व्यक्तिगत उजुरी दिइरहनुपर्दैन। सहकारीको नामबाटै उजुरी दिन सकिन्छ। सञ्चालकहरू को-को हुन् भन्ने तथ्य प्रहरीले पत्ता लगाउने हो। कांग्रेस उपसभापति तथा सांसद धनराज गुरुङविरुद्ध व्यक्तिगत उजुरी परेको होइन, सहकारीको नाम आएपछि मात्र धनराज गुरुङको पनि नाम आएको हो। उनीचाहिँ कहाँ छन् सरकार ?

● **मान तामाङ**, काठमाडौं
maanlama75@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

तुरुन्तै सुधार हुने देखिँदैन क्यानडा-भारत सम्बन्ध

खालिस्तान मुद्दामा साझा दृष्टिकोण नबनी दुई देशबिचको सम्बन्ध तनावपूर्ण नै रहिरहने देखिन्छ



देश/विदेश

● सायरा बानो

क्यानडाका अधिकारीले भारतीय अधिकारीलाई क्यानडामा 'हत्या, जबर्जस्ती असुली र हिंसात्मक कार्य'जस्ता अपराधमा संलग्न भएको आरोप लगाएयता क्यानडा-भारत सम्बन्धमा उल्लेखनीय गिरावट आएको छ। र, क्यानडाले उच्चायुक्त सञ्जयकुमार वर्मासहित ६ भारतीय कूटनीतिज्ञलाई निष्कासन गरेको थियो। भारतले पनि ६ क्यानेडेली कूटनीतिज्ञलाई निष्कासन गरेर बदला लिएको छ। भारतले क्यानडाका आरोपलाई 'बेतुके' र राजनीतिक रूपमा प्रेरित भन्दै खारेज गरेको छ। भारतले विशेषतः जस्टिन ट्रुडोको लिबरल पार्टीका लागि महत्त्वपूर्ण रहेको मतदाता समूह सिख आप्रवासीको राजनीतिक प्रभावलाई विचार गर्दै क्यानडाले आरोप लगाएको जनाएको छ।

भारतले क्यानेडेली आरोप अस्वीकार गर्दै क्यानडाको अनुसन्धानमा सहयोग गर्न मानेको छैन। यसले क्यानडा सरकारलाई आरोपलाई सार्वजनिक गर्न बाध्य बनाएको थियो। ट्रुडोले भारतसँग बलियो सम्बन्धको महत्त्वलाई जोड दिँदै गर्दा उनले खालिस्तान समर्थक नेतालाई भारतले निसाना बनाउनु 'अस्वीकार्य' भन्दै निन्दा गरेका थिए। खालिस्तान मुद्दामा साझा दृष्टिकोण नबनीकन दुई देशबिचको सम्बन्ध तनावपूर्ण नै रहिरहने देखिन्छ।

निज्जर हत्याको परकम्प : क्यानडामा खालिस्तान समर्थक नेता हरदीप सिंह निज्जरको हत्यामा भारतको संलग्नता रहेको आरोप लगाउँदै सेप्टेम्बर २०२३ मा ट्रुडोको बयान आएदेखि क्यानडा-भारत सम्बन्ध तनावपूर्ण बनेको छ। सो घटनापछि दुवै पक्षका कूटनीतिज्ञलाई निष्कासन गराएको थियो र सम्बन्धमा तीव्र गिरावट आएको थियो। भारतले भिसा सेवा निलम्बन गर्दै कूटनीतिक समानताको सिद्धान्तलाई उद्धृत गर्दै ४१ क्यानेडेली कूटनीतिज्ञलाई स्वदेश फिर्ता पठाउन माग गरेको थियो।

भारतले लामो समयदेखि क्यानडालाई आफ्नो सुरक्षाका लागि खतरा रहेको खालिस्तान आन्दोलनप्रति नरम भएको भन्दै आलोचना गर्दै आएको छ। क्यानडा सबैभन्दा ठुलो सिख आप्रवासीको घर हो र त्यहाँको सरकारले शान्तिपूर्ण विरोधसहित अभिव्यक्ति स्वतन्त्रतामाथि जोड दिन्छ। नोभेम्बर २०२३ मा अमेरिकाले न्युयोर्कमा एक सिख पृथकतावादीको हत्या गर्ने कथित भारतीय षड्यन्त्रलाई विफल पारेको रिपोर्ट जारी गरेको थियो। यो घटना र ट्रुडोले हरदीप सिंह निज्जरको हत्यामा भारतलाई जोड्नुका पछाडि 'विश्वसनीय प्रमाण' रहेको दाबी गरेपछि चिन्ता बढेको छ।

भारतको रणनीतिक जोडघटाउ : भारतको रणनीतिक महत्त्व विशेषतः हिन्द-प्रशान्त क्षेत्रमा चीनको बढ्दो शक्तिको सामना गर्नमा झल्किन्छ। यसले भारतप्रतिको कूटनीतिक सम्बन्धमा जटिलता थपिदिएको छ। चीनसँगको शक्ति असमानताबिच भारतले आफ्नो हित रक्षाका लागि अमेरिकासँगको साझेदारीलाई महत्त्वपूर्ण ठान्छ। अमेरिकाले भारतलाई आफ्नो हिन्द-प्रशान्त रणनीतिको प्रमुख हिस्साका रूपमा हेर्छ। उदाहरणका लागि अमेरिका, भारत, जापान र अस्ट्रेलियासँगको 'क्वाड्रिलेटरल सेक्युरिटी डाइलग' (क्वाड)ले यस क्षेत्रलाई 'लोकतान्त्रिक क्षेत्र'का रूपमा प्रोत्साहन गर्ने लक्ष्य राखेको छ। भारतसँग बलियो सम्बन्धका लागि अमेरिकामा सर्वपक्षीय समर्थनले प्रमुख पक्षका रूपमा प्रविधि हस्तान्तरणमा ध्यान केन्द्रित गर्दै रक्षा एवं आर्थिक साझेदारी विस्तार गरेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जुन २०२३ को वासिङ्टन भ्रमणको क्रममा राष्ट्रपति बाइडेन प्रशासनले जनरल इलेक्ट्रिक (जिई) एफ-४१४ जेट इन्जिनको संयुक्त उत्पादनसम्बन्धी सम्झौतालाई अन्तिम रूप दिइएको थियो। हाल अमेरिका, बेलायत, रुस र फ्रान्ससँग मात्र जेट इन्जिन उत्पादन गर्ने क्षमता छ भने चीनसँग यो उन्नत प्रविधिको अभाव छ।


तस्बिर : द क्यानेडियन प्रेस/जस्टिन ट्याङ

(जिई) एफ-४१४ साझेदारीको उद्देश्य अमेरिका-भारत रक्षा सहयोगलाई सुदृढ पार्नु र चीनको रक्षा प्रविधि विकासको प्रतिरोध गर्ने क्षमता बढाउनु रहेको छ। सन् २०२२ मा जारी गरिएको क्यानडाको हिन्द-प्रशान्त रणनीतिमा पनि भारतले केन्द्रीय भूमिका खेलेको छ। रणनीतिक रूपरेखाको आधिकारिक दस्तावेजमा ओटावाले चीनलाई 'विघटनकारी शक्ति'का रूपमा वर्णन गरेको छ र हिन्द-प्रशान्त राष्ट्र विशेषतः भारतसँग सम्बन्ध सुदृढ पार्नुपर्ने आवश्यकतामाथि जोड दिएको छ। यो रणनीतिले क्यानडाको भूरणनीतिक उद्देश्य हासिल गर्नका लागि 'भारतको बढ्दो रणनीतिक, आर्थिक र जनसांख्यिकीय महत्त्व'लाई जोड दिन्छ। यो दृष्टिकोणको एक हिस्साका रूपमा क्यानडा भारतसँग व्यापक आर्थिक साझेदारी सम्झौतामा वार्ता गर्न प्रतिबद्ध छ। तर, क्यानडाको आरोपबाट उत्पन्न कूटनीतिक तनावका कारण यी वार्ता स्थगित भएका छन्।

पश्चिमको असन्तुष्टि : मोदी सरकारले पश्चिमका लागि भारतको रणनीतिक मूल्यलाई ढाल बनाएको देखिन्छ अर्थात् विदेशमा खालिस्तानी समर्थक कार्यकर्तामाथि दमन गर्दा पनि आलोचनाबाट जोगिने अनुमान गरेको हुन सक्छ। यद्यपि, अमेरिका र क्यानडा दुवैको स्पष्ट प्रतिक्रियाले अन्यथा सुझाव दिन्छ, अर्थात् पश्चिमले भारतको रणनीतिक महत्त्व जतिसुकै भए पनि उसका क्रियाकलाप अस्वीकार्य छन् भनेर स्पष्ट पारेको छ। भारतले सम्भवतः क्यानडाको आरोप अस्वीकार गर्न जारी राख्नेछ र द्विपक्षीय सम्बन्धका सबै पक्षलाई असर गर्ने स्थायी विवादमा कूटनीतिक सम्बन्ध जाकिनेछ। क्यानडाको कोणमा क्यानडाको भूमिमा भारतीय गतिविधिले त्यहाँको सार्वभौमसत्ताको स्पष्ट उल्लंघनको प्रतिनिधित्व गर्छ। ओटावाले भविष्यमा यस्तो अन्तरदेशीय दमन नहुने गरी भारतबाट सहयोग र आश्वासनको अपेक्षा गरिरहेको छ। भारतको दृष्टिकोणबाट हेर्ने हो भने यो राष्ट्रिय सुरक्षाको मुद्दा हो किनभने भारतका अनुसार क्यानडाले खालिस्तान समर्थक तत्त्वलाई तुष्टीकरण बनाउँछ।

भारतीय आप्रवासी समूह सामान्यतया मोदी सरकारका लागि पश्चिमा मुलुकसँग सम्बन्ध बढाउनका लागि एक महत्त्वपूर्ण सम्पत्ति भएको छ। यद्यपि, क्यानडामा सिख आप्रवासी समुदाय सम्बन्ध सुधारका मामिलामा महत्त्वपूर्ण अवरोध बनेको छ। यी फरक परिप्रेक्ष्य मिलाउन साझा समझदारीविना दुई देशबिचको सम्बन्ध तनावपूर्ण नै रहने सम्भावना छ, अर्थात् फराकिलो रणनीतिक साझा स्वार्थका बाबजुद अन्यथा अवस्था निम्तिने सम्भावना छ।

(बानो थम्प्सन रिभर्स विश्वविद्यालयकी राजनीतिशास्त्रकी उपप्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

मानसिक क्षमता र उमेरलाई लिएर ट्रम्प र ह्यारिसबिच आरोप–प्रत्यारोप

मानसिक कमजोरीका कारण ट्रम्प सामूहिक बहस र अन्तर्वार्ताबाट भाग्न खोजेको आरोप ह्यारिसले लगाउँदै आएकी छिन्

अमेरिकामा राष्ट्रपति निर्वाचन नजिकिँदै छ। चुनाव नजिकिँदै जाँदा राष्ट्रपतिका उम्मेदवारको क्षमतामाथिको बहस पनि बढ्न थालेको छ। निर्वाचनमा उमेर पनि एउटा महत्त्वपूर्ण कारक बनेको छ। निर्वाचन अभियानमा बुढ्यौली उमेरलाई लिएर आलोचना र मानसिक तथा शारीरिक क्षमतामाथि प्रश्न उठ्न थालेपछि राष्ट्रपति तथा डेमोक्र्याटिक उम्मेदवार जो बाइडेनले चुनावी दौडबाट बाहिरिएको घोषणा गरे। उनले उपराष्ट्रपतिसमेत रहेकी कमला ह्यारिसलाई समर्थन गर्ने घोषणा गरे। त्यसपछि डेमोक्र्याटिक पार्टीभित्र उम्मेदवारीको विषयलाई लिएर बहस साम्य भए पनि प्रतिद्वन्द्वी रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्पको उमेर र उनको मानसिक क्षमतामाथि प्रश्न उठाउन थालिएको छ। डेमोक्र्याटिक उम्मेदवार ह्यारिसले हरेक चुनावी च्यालीमा ट्रम्पको बढ्दो उमेर र उनको मानसिक क्षमतामाथि बारम्बार प्रश्न उठाउन थालेकी छिन्।



ट्रम्प अमेरिकी इतिहासमै सबैभन्दा पाको उमेरमा राष्ट्रपतिका उम्मेदवार हुन्। उनी हाल ७८ वर्ष पुगेका छन्। ट्रम्पसँगको कडा चुनावी प्रतिस्पर्धाको अन्तिम चरणमा रहेकी कमला ह्यारिस भने आइतबार ६० वर्ष पुगेकी छिन्। उनले ह्वाइट हाउसका लागि ट्रम्पको मानसिक स्वस्थतामाथि लगातार प्रश्न गरेकी छिन्। तर, ट्रम्पका समर्थक र चुनावी अभियानकर्ताले उनको बचाउ गरेका छन्। बरु उनीहरूले ह्यारिसमा परिपक्वताको कमी देखिएको बताउँदै ट्रम्प मानसिक रूपमा सशक्त रहेको दाबी गरेका छन्।

निर्वाचन हुन दुई साता बाँकी रहँदा डेमोक्रेटिक उपराष्ट्रपति र रिपब्लिकन अर्बपति कडा प्रतिस्पर्धामा छन्। सर्वेक्षणले दुवैजना उम्मेदवार उत्तिकै प्रतिस्पर्धामा रहेको र उनीहरूबिच कडा टक्कर हुने देखाएका छन्। दुवै उम्मेदवार फेरि पेन्सिल्भेनियामा आयोजित छुट्टाछुट्टै चुनावी च्यालीमा सहभागी हुँदै छन्। पेन्सिल्भेनिया सात प्रमुख राज्यमध्ये एक मानिन्छ।

ट्रम्पविरुद्धको विनाशकारी बहसले डेमोक्रेटिक पार्टीमा आफ्नो मानसिक तीक्ष्णताबारे चिन्ता उठाएपछि बाइडेनले ह्यारिसलाई उम्मेदवारी हस्तान्तरण गरे। तर, सर्वेक्षणले ट्रम्पको उमेर मतदाताका लागि सम्झौताको विषय नभएको देखाएका छन्। मानसिक कमजोरीका कारण ट्रम्प सामूहिक बहस र अन्तर्वार्ताबाट भाग्न खोजेको आरोप ह्यारिसले लगाउँदै आएकी छिन्। 'अहिले उनी थकानको कारण देखाई बहसबाट भाग्ने प्रयत्न गर्दै छन् र अन्तर्वार्ताहरू रद्द गरिरहेका छन्', ह्यारिसले शनिबार अटलान्टामा आयोजित एक चुनावी च्यालीमा भनिन्। ट्रम्पको भद्दा र स्क्रिप्टबाहिरका भाषणप्रति व्यंग्य गर्दै उनले अगाडि थपिन्, 'ट्रम्पले वास्तवमा बकबास कुरा गर्दै छैनन्, ।' ह्यारिसले अक्टोबर १२ मा ट्रम्पको 'उत्कृष्ट स्वास्थ्य' उल्लेख गरिएको एक स्वास्थ्यसम्बन्धी रिपोर्टलाई लिएर पनि आलोचना गरेकी छिन्। तर, पूर्वराष्ट्रपतिको अभियानले ट्रम्प पूर्ण रूपमा स्वस्थ रहेको उल्लेख गरेको थियो।

ह्वाइट हाउसका लागि दोस्रो कार्यकालको प्रतिस्पर्धा गरिरहेका ट्रम्पले शनिबार पेन्सिल्भेनियामा लामो भाषण दिएर ह्यारिसका आरोपको जवाफ दिएका थिए। एक अवसरमा उनले ह्यारिससँग 'खरायोको जस्तो ऊर्जा नभएको' बताएका थिए। दुवै उम्मेदवारले आफ्ना प्रतिनिधिहरूसँगै आफ्ना अन्तिम अभियानका दिन महत्त्वपूर्ण युद्धभूमि राज्यमा बिताइरहेका छन्। जित्नैपर्ने राज्यमा शृंखलाबद्ध कार्यक्रम आयोजना गर्दै टेस्ला र स्पेसएक्सका मालिक एलन मस्कले व्यक्तिगत रूपमा पेन्सिल्भेनियामा अभियान चलाइरहेका छन्।

दक्षिणपूर्वी सहर ह्यारिसबर्गमा उनले आफ्नो संगठनको याचिकामा हस्ताक्षर गरेका राज्यका मतदाताहरूलाई नोभेम्बर ५ सम्म प्रत्येक दिन १० लाख डलर पुरस्कार वितरण सुरु गर्ने घोषणा गरेका छन्। ह्यारिसले पप स्टारहरू लिज्जो र असरलाई मतदाताहरूसँग आफ्नो मामला प्रस्तुत गर्न प्रतिनिधिका रूपमा खटाएकी छिन्। लिज्जोले डेट्रोइट च्यालीमा अमेरिका आफ्नो पहिलो महिला राष्ट्रपतिका लागि पूर्ण रूपमा तयार भएको बताएका थिए।

- एजेन्सी

बम राखिएको धम्कीले भारतीय एयरलाइन्सलाई सास्ती

नयाँदिल्ली / भारतीय एयरलाइन्सद्वारा सञ्चालित उडानलाई दर्जनौँपटक झुटो बमको धम्की दिइएको र यसले यात्रुहरूमा त्रास फैलाउनुका साथै विश्वव्यापी उडानमा ढिलाइ निम्त्याएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। सबै उडान सुरक्षित अवतरण भए पनि धम्कीहरूको यस शृंखलाले विमानलाई क्यानडा र जर्मनीमा मोड्न तथा बेलायत र सिंगापुरको आकाशमाथि लडाकु जेटलाई विमान एस्कर्ट गर्न लगाउनुपरेको छ।



भारत सरकार र नागरिक उड्डयन अधिकारीहरूले बम राखेको हौवा फिजाउनेलाई 'कडा कारबाही' गरिने चेतावनी दिएका छन्। नयाँदिल्लीको नागरिक उड्डयन अधिकारीहरूले गत साता कति धम्की प्राप्त भए भन्नेबारे नखुलाए पनि टाइम्स अफ इन्डिया र न्युज १८ प्रसारकले अक्टोबर १३ देखि आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानलाई लक्षित गरी ७० भन्दा बढी झुटो धम्की दिइएको बताएका छन्। शनिबार मात्र कम्तीमा ३० वटा झुटो धम्की दिइएको थियो। उडानमा ढिलाइ र मोडाइको विश्वव्यापी प्रभाव एयरलाइन्स तालिकामा परेको छ। भारतमा कम्तीमा एकजना नाबालक पक्राउ परेका छन्। यद्यपि, धम्की जारी छन्। बुधबार पक्राउ परेपछि भारतका नागरिक उड्डयनमन्त्री राममोहन नायडूले भने, 'अवरोध सिर्जना गर्ने अन्य सबै जिम्मेवार व्यक्तिको पहिचान गरिनेछ र विधिवत् मुद्दा चलाइनेछ।' शुक्रबार र शनिबार कम्तीमा ४० उडानलाई बमको धम्की पोस्ट गरेपछि सामाजिक सञ्जाल एक्समा एक बेनामी खाता निलम्बन गरिएको द इन्डियन एक्सप्रेसको एक रिपोर्टले बताएको छ। यसमा संयुक्तराज्य अमेरिका र न्युजिल्यान्डका समेत भारतीय र अन्तर्राष्ट्रिय एयरलाइन्स दुवै समावेश थिए।

इन्डियन एक्सप्रेसका अनुसार निलम्बित एकाउन्टबाट पठाइएका समान सन्देशमा लेखिएको थियो, 'बोर्डमा बम राखिएका छन्। कोही पनि जीवित बाँच्नेछैनन्। हतार गर्नुहोस् र विमान खाली गर्नुहोस्।' हालै प्रभावित उडानहरूमध्ये शनिबार सुरक्षित अवतरणपछि अमेरिकी सुरक्षा अधिकारीहरूले मुम्बईबाट न्युयोर्कको एयर इन्डिया उडानको जाँच गरेका थिए। प्रभावित अन्य उडानमा नयाँदिल्लीबाट सिकागो जाने एयर इन्डिया विमान थियो। उक्त विमान मंगलबार क्यानडाको सुदूरउत्तरी सहर इक्वालुइटमा आपत्कालीन अवतरण गर्न बाध्य भएको थियो।

इतिहासमा आज



सन् १९४३ : निर्वासनमा रहेका भारतका राष्ट्रवादी नेता सुभाषचन्द्र बोसले सन् १९४३ मा सिंगापुरमा आयोजित एक च्यालीमा स्वतन्त्र भारत घोषणा गरेका थिए।

सन् १८३३ : स्विडेनका केमिस्ट, इन्जिनियर तथा उद्योगपति अल्फ्रेड नोबलको जन्म भएको थियो।

सन् १९४० : अमेरिकी उपन्यासकार अर्नेस्ट हेमिङवेको चर्चित उपन्यास फर होम दी बेल टुल्स प्रकाशित भयो। पछि सो उपन्यासमा आधारित चलचित्र निर्माण गरिएको थियो।

सन् १९६९ : सोमालियाको सेनाले कु गरेर तत्कालीन सरकार अपदस्थ गरेको थियो। तत्कालीन राष्ट्रपति अब्दिरसहिद अली सेरमार्केको हत्यापछि सेनाले कु गरेको थियो।

सन् २०१४: प्रेमिका रिभा स्टेनकाम्पको हत्या आरोपमा मुद्दा चलाइएका अफ्रिकी पारालम्पिक खेलाडी ओस्कार पिस्टोरिअ अदालतद्वारा दोषी ठहर। अदालतले उनलाई पाँच वर्ष जेल सजाय तोकेको थियो।

विश्व संक्षेप

इजरायली हमलामा गाजामा ७८ को मृत्यु

जेरुसेलम / गाजामा इजरायलको पछिल्लो हमलामा ७८ जनाको मृत्यु भएको छ। उत्तरी गाजाको बेइट लाहियामा भएको उक्त हमलामा धेरैजना भग्नावशेषमुनि पुरिएको आशंका गरिएको अल जजिराले जनाएको छ। उद्धार कार्य जारी रहँदा मृतकको संख्या बढ्ने अनुमान गरिएको गाजाको सरकारी मिडिया कार्यालयले जनाएको छ। गाजापट्टीको उत्तरमा खाद्यान्न, पानी र औषधिजस्ता आवश्यक सेवाको पहुँचमा अवरोध भएको छ। १६ दिने इजरायली सैन्य घेराबन्दीका कारण उत्तरी गाजाको अवस्था भयावह बनेको छ।

यद्यपि, इजरायली रक्षा बल (आइडिएफ)ले उत्तरी गाजामा हालैका आक्रमणमा ७३ जनाको मृत्यु भएको हमासको दाबीमा शंका व्यक्त गरेको छ भने टाइम्स अफ इजरायलले यो तथ्यांक 'अतिरञ्जित' भएको जनाएको छ। लेबनानी सशस्त्र समूह हिजबुल्लाहले प्रहार गरेको रकेट आक्रमणको जवाफमा इजरायलले लेबनानको बेरुतमा उक्त समूहका लक्ष्यमा आक्रमण गरिरहेको टाइम्स अफ इजरायलले जनाएको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको आवासमा ड्रोन प्रहारपछि यो पछिल्लो आक्रमण भएको हो। सामाजिक सञ्जाल एक्समा नेतन्याहुले लेखेका छन्, 'इरानको प्रोक्सी हिजबुल्लाहले आज मेरो र मेरी श्रीमतीको हत्या प्रयास गर्नु गम्भीर गल्ती थियो।

अमेरिकी नेतृत्वको अनुगमन टोली गैरकानुनी : उत्तर कोरिया

प्योङयाङ / उत्तर कोरियाले संयुक्तराज्य अमेरिकाको नेतृत्वमा रहेको नयाँ प्रतिबन्ध अनुगमन टोलीलाई 'गैरकानुनी र अवैध' भन्दै आलोचना गरेको छ। अमेरिकी नेतृत्वको टोलीका देशहरूले 'ठुलो मूल्य' चुकाउनुपर्ने चेतावनीसमेत उत्तर कोरियाले दिएको छ। मार्चमा रुसले उत्तर कोरियामाथि उसको प्रतिबन्धित परमाणु र हतियार कार्यक्रमका लागि लगाइएको अन्तर्राष्ट्रिय प्रतिबन्धको अनुगमन गर्ने संयुक्त राष्ट्रसंघका विशेषज्ञहरूको प्यानलको नवीकरणमाथि भिटो लगाएपछि यस महिनाको सुरुमा ११ सदस्यीय टोलीको नाम दिइएको थियो।

रुसी भिटोपछि दक्षिण कोरिया र यसका सहयोगीहरूले प्रतिबन्धहरूको अनुगमन गर्न विभिन्न विधिहरू लागू गर्न काम गरेका छन्। यसबाट अमेरिका र जापानसहितको नयाँ समूहको गठन भएको छ।

सुडानमा ३० लाख मानिस हैजाको जोखिममा : युनिसेफ

न्युयोर्क / संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)ले सुडानमा ३० लाखभन्दा बढी मानिसहरू हैजाको जोखिममा रहेको जनाएको छ। युनिसेफले पाँच वर्षमुनिका ६ लाख बालबालिकासहित करिब ३० लाख मानिस हैजाको जोखिममा रहेको सामाजिक सञ्जाल एक्समार्फत जनाएको हो।

युनिसेफका अनुसार सुडानमा सन् २०२३ अप्रिलमा भएको आन्तरिक द्वन्द्वका कारण अत्यावश्यक खोपको उपलब्धता ८५ प्रतिशतबाट घटेर करिब ५० प्रतिशतमा झरेको छ। द्वन्द्व प्रभावित क्षेत्रका ७० प्रतिशतभन्दा बढी अस्पताल बन्द रहेको तथा अग्रपंक्तिमा रहेर स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य अधिकारीलाई महिनौँदेखि तलब भुक्तानी नगरिएको युनिसेफले जनाएको छ।

आन्तरिक द्वन्द्व सुरु भएदेखि हैजा, मलेरिया र डेंगु ज्वरोजस्ता महामारी फैलिँदा सयौँको मृत्यु भएको छ। सुडानको स्वास्थ्य मन्त्रालयले अगस्टमा देशमा हैजाको प्रकोप घोषणा गर्दै द्वन्द्व र अशुद्ध पानीको प्रयोग तथा बिग्रिँदो वातावरणीय अवस्था हैजा फैलावटको प्रमुख कारण बनेको थियो।

लक्ष्मी सन्राइज बैंक लिमिटेडको गौर शाखा स्थानान्तरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस लक्ष्मी सन्राइज बैंक लि. को रौतहट जिल्ला, गौर नगरपालिका वडा नं. ०३ स्थित शाखा कार्यालय मिति २०८१ कार्तिक ११ गते देखि साविक स्थानबाट सोही वडाको ३० मिटर पुर्व तर्फ स्थानान्तरण गर्न लागिएको व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ०१-४४४४८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०७/०५ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले लगनखेल शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

ऋणी संस्थाको नाम : श्री सुवर्णपुर बहुउद्देश्यीय सहकारी संस्था लि.। दर्ता नं:- ११८८/०७२/०७३
रजिष्टर्ड ठेगाना : ललितपुर उ.म.न.पा. २६, ललितपुर । हालको ठेगाना :- ललितपुर १५, सातदोबाटो

संचालक तथा जमानीकर्ताको विवरण	
१) नाम: दिपेन्द्र रमण डंगोल (अध्यक्ष तथा जमानीकर्ता) बुवा : द्वारिका रमण डंगोल बाजे : दिल बहादुर डंगोल ना प्र नं. : ६६५१० ठेगाना : लेले १, ललितपुर	**२) नाम: राम गोपाल महर्जन (उपाध्यक्ष तथा जमानीकर्ता)** बुवा : गोपाल महर्जन बाजे : हेरा मान महर्जन ना.प्र.नं : २४३५ ठेगाना : सुनाकोठी ३, ललितपुर
३) नाम : सुसान महर्जन (सचिव तथा जमानिकर्ता) बाबु : कृष्ण महर्जन बाजे : माहिला महर्जन ना.प्र.नं : २८-०१-०६७-०५०५४ ठेगाना : सुनाकोठी ३, ललितपुर	**४) नाम: सिद्धि बहादुर महर्जन (कोषाध्यक्ष तथा जमानिकर्ता)** बाबु : ईन्द्र बहादुर महर्जन बाजे : तुल्सी नारायण महर्जन ना.प्र.नं : ११२६८ ठेगाना : सुनाकोठी ३, ललितपुर
५) नाम : धर्म महर्जन (संचालक तथा जमानिकर्ता) बाबु : धर्मराज महर्जन बाजे : नन्द बहादुर महर्जन ना.प्र.नं : २/३९४ ठेगाना : ललितपुर २७ ललितपुर	**६) नाम: सम्झना महर्जन (संचालक तथा जमानिकर्ता)** बाबु : जगत बहादुर महर्जन बाजे : कृष्ण बहादुर महर्जन ना.प्र.नं : २८३०१३/२९ ठेगाना : सुनाकोठी ४, ललितपुर
७) नाम : अनिषा तामाङ (संचालक तथा जमानिकर्ता) बाबु : मोहन लाल तामाङ बाजे : बोरस मान तामाङ ना.प्र.नं : ३०-०१-७६-०१५४५ ठेगाना : तेमाल २, काभ्रेपलान्चोक	**८) नाम: बाबु काजी महर्जन (व्यवस्थापक तथा जमानिकर्ता)** बाबु : न्हुछे बहादुर महर्जन बाजे : ना.प्र.नं : १०५ ठेगाना : ललितपुर २७, ललितपुर

National Co-operative Bank Limited (NCBL) राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web www. ncbl.coop


कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/०७/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

तपसिलमा उल्लेखित तपाई ऋणीले यस एसएनएस कोअपरेटिभ सर्भिस लिमिटेडको केन्द्रिय कार्यालय मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, बिलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित तथा फोन, मार्फत तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालय न्युरोड, काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जना आदि रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला, अन्यथा प्रचलित कानुन तथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको कर्जा असुली नियमावली २०७६ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना



ऋणी : राज बहादुर कार्की
बाबु : जगदेव कार्की
बाजे : सगदेव कार्की
ना.प्र.नं. : ४०८१
जारी मिति : २०५३/२/३ (मुगु)
ठेगाना : हालः काठमाण्डौ जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं. २, बस्ने।

धितोको विवरण

❖ राज बहादुर कार्कीको नाममा मालपोत कार्यालय टोखा, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला साविक धापासी गा.वि.स वडा नं. ४, नक्सा सिट नं. १०२०९४६०१ स्थित कित्ता नं. २५२ र २५० को जम्मा क्षेत्रफल १५१.०२ वर्गमिटरको जग्गा र उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

नेपाल सरकार सांविक डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था
SNS CO-OPERATIVE LTD.
एसएनएस को-अपरेटिभ सर्भिस लि.
SNS CO-OPERATIVE SERVICE LTD.
Head Office
New Road, Kathmandu
Tel: 01-5369304

आन्तरिक साजसज्जा तथा फर्निचर लगायत सामानहरु बिक्रीको लागि गोप्य शिलबन्दी प्रस्ताव आव्हान गरिएको सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा नबिल बैंक लिमिटेडका निम्न लिखित शाखाहरु स्थानान्तरण हुने क्रममा रहेकाले उक्त शाखाहरुमा रहेका साजसज्जा तथा फर्निचर लगायतका सामानहरु जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्रीको लागि यो गोप्य शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ। उक्त सामानहरु लिलाम बिक्री मार्फत् खरीद गर्न ईच्छुक व्यक्ति/संघ संस्थाले सम्बन्धित शाखा कार्यालयहरुमा गई उक्त शाखा र सामानहरु अवलोकन गर्न सक्नु हुनेछ। साथै उक्त भवन बहालमा लिन इच्छुक व्यक्ति/संघ संस्थाले घर धनि संग आपसी सहमती गरि लिन सक्नुहुनेछ।

प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र/वा प्रस्ताव खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन प्रस्ताव दर्ता गर्न सकिने छ।

सामानहरु रहेका नबिल बैंक लिमिटेडका शाखाहरुः

१. नारायणगढ कमलनगर शाखा
२. भोजपुर शाखा

प्रस्ताव दर्ता गर्ने अन्तिम मिति : २०८१ कार्तिक २५ गते दिउसो ४.०० बजे

प्रस्ताव दर्ता गर्ने स्थान : माथि उल्लेखित शाखा कार्यलय वा बैंकको घण्टाघर, काठमाण्डौ, स्थीत प्रशासन विभाग

१. प्राप्त बोलपत्र यस बैंकको घण्टाघर, काठमाडौं, स्थीत प्रशासन विभागमा मिति २०८१ साल कार्तिक २६ गते (11th November, 2024) बिहान ११.०० बजे बोल पत्र दाता वा निजका प्रतिनिधीहरुको उपस्थितिमा खोलिनेछ। तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुगेको मानिनेछैन।
२. बोलपत्र बुझाउने अन्तिम मितिमा कुनै सार्वजनिक बिदा परेमा बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ र बोलपत्र खोलिने दिन बिदा परेमा पनि बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
३. बोलपत्र बुझाउदा कम्पनी/फर्मको हकमा कम्पनी/फर्म दर्ता प्रमाण पत्रको फोटोकपी, आयकर दर्ता प्रमाण पत्रको फोटो कपी, कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीको फोटोकपी लगायतका कागजातहरु समेत बुझाउनु पर्ने छ तथा व्यक्तिगत बोलपत्र दाताको हकमा निजको नागरीकताको प्रतिलिपि बुझाउनु पर्नेछ।
४. म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन। कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने वा आंशिक स्वीकार गर्ने वा थप शर्त बन्देज लगाउने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ। साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन।

थप जानकारी आवश्यक परेमा यस बैंकको घण्टाघर, काठमाण्डौ स्थीत प्रशासन विभागमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

(सामानहरुका विवरण सम्बन्धित नबिल बैंकको शाखा वा प्रशासन विभागबाट प्राप्त गर्न सकिनेछ।)

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

Thaha Municipality
थाहा नगरपालिका
Office Of Municipal Executive
Indrayanichaur, Makawanpur

INVITATION FOR E-BID

Date of publication : 21-10-2024 (05-07-2081)

1. **Thaha Municipality** invites electronic bids from eligible bidders for the **below mentioned works** under National Competitive Bidding procedures.
2. The details of the project is as follows:

Identification no:	Work Description	Total Amount with VAT and PS	Bid security amount (NRs.)	Cost of Bidding Document (NRs.)	Bid validity/Bid Bond Validity Period	Last Date of Submission	Minimum average construction turnover of the best 3 years within the last 10 years	Minimum work experience of similar size and nature and with a value of at least (NRs)
pro/ daman-tasar/ 081/082-04	Upgrading of Daman Pingdada Bhattidanda Tasar R...	-	6,35,000.00	5,000.00	90 days/120 days from last date of bid submission	05/11/2024 until 12:00 pm	32.76 million	8736 thousand

3. The employer has right to accept or reject the bid whatsever.
4. For other details please visit bolpatra.gov.np/egp.

Chief Administrative Officer

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ५ कार्तिक ०८१

वाणिज्य बैंकहरूको कर्जा प्रवाह असोजमा ५६ अर्बले वृद्धि

एभरेष्ट बैंकका सिइओ सुदेश खालिङ भन्छन्-



असोजमा निक्षेप पनि उच्चदरमा बढ्यो । त्यसको तुलनामा कर्जा प्रवाह न्यून नै हो । तर, विगतका महिनाहरूको तुलनामा भने कर्जा प्रवाह उच्च नै हो ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

असोजमा वाणिज्य बैंकहरूको कर्जा प्रवाह ५६ अर्ब ३० करोड रुपैयाँले बढेको छ । लामो समयदेखि शिथिल रहेको बैंकहरूको कर्जा प्रवाह भदौ महिनादेखि केही बढ्न थालेको हो । भदौमा वाणिज्य बैंकहरूको कर्जा प्रवाह करिब ५३ अर्ब रुपैयाँले बढेको थियो । असोजमा भने थप ५६ अर्ब ३० करोड रुपैयाँले कर्जा प्रवाह बढेको नेपाल बैंकर्स संघको तथ्यांक छ ।

नेपालमा सञ्चालित २० वाणिज्य बैंकहरूको असुल गर्नुपर्ने कुल कर्जा अर्थात् आउटस्ट् यान्डिङ (बक्यौता)का आधारमा यस्तो देखिएको हो । गत भदौ मसान्तसम्म वाणिज्य बैंकहरूको कुल कर्जा प्रवाह ४६ खर्ब २५ अर्ब ६६ करोड थियो । असोज मसान्तसम्म आउँदा त्यो ४६ खर्ब ८१ अर्ब ९६ करोड पुगेको छ ।

असोजको कर्जा प्रवाह पछिल्लो नौ महिनायताकै उच्च हो । यसअघि पुस ०८० मा ७८ अर्ब कर्जा प्रवाह भएको थियो । त्यसपछि माघमा तीन अर्बले कर्जा प्रवाह बढेको थियो भने फागुनमा एक अर्ब रुपैयाँले घटेको कर्जा प्रवाह चैतमा भने ३७ अर्ब रुपैयाँले बढेको थियो । त्यसपछि वैशाखमा १५ अर्ब रुपैयाँले घटेको कर्जा प्रवाह जेठमा २० अर्ब रुपैयाँ, असारमा २९ अर्ब रुपैयाँ र साउनमा दुई अर्ब रुपैयाँले बढेको थियो । त्यसपछि भदौमा एकैपटक ५३ अर्ब रुपैयाँले कर्जा प्रवाह बढेको थियो ।

तथ्यांकअनुसार १ देखि ११ असोजमा १४ अर्ब २६ करोड रुपैयाँ, १२ देखि १८ असोजमा १७ अर्ब २३ करोड रुपैयाँ, १९ देखि २५ असोजमा दुई अर्ब ८१ करोड र २६ देखि ३० असोजमा २२ अर्ब ७५ करोड रुपैयाँ कर्जा प्रवाह भएको छ । यद्यपि, यो गत आवको असोज महिनाको तुलनामा कम हो । गत आवको असोजमा ८१ अर्ब रुपैयाँ कर्जा प्रवाह बढेको थियो । समीक्षा महिनामा बैंकहरूको निक्षेप भने एक खर्ब ३३ अर्ब ५५ करोड रुपैयाँले बढेको छ । त्यो निक्षेपको तुलनामा पनि कर्जा प्रवाह न्यून हो ।

तर, विगतका महिनाहरूको तुलनामा कर्जा प्रवाह उच्च रहेको एभरेष्ट बैंकका प्रमुख कार्यकारी निर्देशक सुदेश खालिङले बताए । 'असोजमा निक्षेप पनि उच्चदरमा बढ्यो । त्यसको तुलनामा कर्जा प्रवाह न्यून नै हो । तर, विगतका महिनाहरूको तुलनामा कर्जा प्रवाह उच्च नै हो । आर्थिक शिथिलताले विगतमा कर्जाको माग न्यून थियो,' उनले भने, 'तर, अहिले कर्जाको माग बढेको छ ।'

चाडपर्वमा सर्वसाधारणको किनमेल बढी हुन्छ । मागअनुसारको सामान मौज्दात राख्न व्यापारीहरूले बैंकबाट कर्जा लिने गर्छन् । तर, यसपालि चाडपर्वकै कारण कर्जाको माग नबढेको खालिङले बताए । 'केही कर्जा चाडपर्वकै कारण पनि बढेको छ । तर, त्यो एकदमै कम छ । अहिले सेयर कर्जाको माग बढेको छ । साथै, गाडी खरिदका लागि पनि कर्जाको माग उच्च छ,' उनले बताए ।

■ एक खर्ब ३३ अर्बले बढ्यो निक्षेप

समीक्षा महिनामा वाणिज्य बैंकहरूको निक्षेप भने एक खर्ब ३३ अर्ब ५५ करोड रुपैयाँले बढेको छ । भदौ मसान्तसम्म वाणिज्य बैंकहरूमा ५७ खर्ब ८८ अर्ब ५७ करोड रुपैयाँ निक्षेप राखिएको थियो । असोज मसान्तसम्म आउँदा त्यो ५९ खर्ब २२ अर्ब १२ करोड रुपैयाँ पुगेको छ ।

■ ऋण दिन मिल्ने ६ खर्ब ८६ अर्ब

यद्यपि, अझै वाणिज्य बैंकहरूमा ऋण दिन मिल्ने रकम भने ६ खर्ब ८६ अर्ब रुपैयाँ देखिएको छ । असोज मसान्तसम्म बैंकहरूको कर्जा निक्षेप अनुपात ७८.४१ प्रतिशत छ । बैंकहरूले यस्तो अनुपात ९० प्रतिशतसम्म हुने गरी ऋण दिन पाउँछन् । त्योअनुसार अझै निक्षेपको ११.५९ प्रतिशतबराबरको रकम बैंकहरूले ऋण दिन पाउँछन् । अहिले वाणिज्य बैंकहरूको कुल निक्षेप ५९ खर्ब २२ अर्ब रुपैयाँ छ । त्यसको ११.५९ प्रतिशत रकम ६ खर्ब ८६ अर्ब रुपैयाँ हुनेछ ।

१४ बैंकको नाफा बढ्यो, ६ को घट्यो

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो दुई महिना (साउन-भदौ)मा वाणिज्य बैंकहरूको खुद नाफा बढेको छ । नेपाल राष्ट्र बैंकका अनुसार यस अवधिमा २० वाणिज्य बैंकहरूले १७ अर्ब ६९ करोड २१ लाख खुद नाफा आर्जन गरेका छन् । गत आर्थिक वर्ष ०८०/८१ को पहिलो दुई महिनामा बैंकहरूले १६ अर्ब ६४ करोड ८६ लाख रुपैयाँ खुद नाफा कमाएका थिए ।

गत वर्षको तुलनामा यो वर्ष नाफा बढी कमाउनेमा १४ वाणिज्य बैंकहरू छन् । राष्ट्रिय वाणिज्य बैंक, नबिल बैंक, स्ट्यान्डर्ड चार्टर्ड बैंक, नेपाल एसबिआई बैंक, एभरेष्ट बैंक, माछापुच्छे बैंक, लक्ष्मी-सनराइज बैंक, सिद्धार्थ बैंक, कृषि विकास बैंक, सिटिजन्स इन्टरनेसनल बैंक, प्राइम कमर्सियल बैंक, एनएमबि बैंक, प्रभु बैंक र सानिमा बैंकको खुद नाफा बढेको छ ।

असल प्रकृतिका कर्जामा नेपाल राष्ट्र बैंकले अनिवार्य गरेको कर्जा नोक्सानी व्यवस्थामा १.२ प्रतिशतबाट १.१ प्रतिशतमा झारेसँगै बैंकहरूको नाफामा स्वाभाविक सुधार देखिएको बैंकरहरूको भनाइ छ ।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले पछिल्लो समय कर्जा असुलीमा भइरहेको प्रगतिले बैंकहरूको नाफामा सुधार देखिएको बताए । उनले भने, 'असल कर्जामा राख्नुपर्ने प्रोभिजनिङ दर १.२ प्रतिशतबाट १.१ प्रतिशतमा झारिएको छ । चालू आवको पहिलो त्रैमासमा सरकारले ठेकदारको भुक्तानी पनि गरेको थियो । त्यसले पनि बैंकहरूको कर्जा असुलमा सहयोग पुगेको छ । त्यसले खराब कर्जा घटाएको छ । बैंकहरूको आम्दानी पनि बढेको छ । यी यस्ता कारण नाफा बढेको हो ।'

■ १४ बैंकमा कसको नाफा कति बढ्यो ?

चालू आवको दुई महिनामा सबैभन्दा बढी खुद नाफा वृद्धि कृषि विकास बैंकले गरेको छ । यो बैंकको नाफा २७ करोड १४ लाख रुपैयाँले बढेको छ । पोहोर भदौसम्म ६१ करोड ५६ लाख नाफा कमाएको यो बैंकले चालू आवको सोही अवधिमा ८८ करोड ७० लाख रुपैयाँ बढी नाफा कमाएको छ । नेपाल एसबिआई बैंकको खुद नाफा २६ करोड नौ लाखले बढेको छ । पोहोर २७ करोड २९ लाख नाफा कमाएकोमा यसपालि ५३ करोड ३९ लाख कमाएको छ । प्रभु बैंकको खुद नाफा २४ करोड ९० लाखले बढेर ९१ करोड ३२ लाख पुगेको छ । सानिमा बैंकको खुद नाफा १७ करोड ७१ लाखले बढेर ६८ करोड ९२ लाख रुपैयाँ कायम भएको छ । सिटिजन्स बैंकको खुद नाफा १४ करोड ६६ लाखले बढेर ५८ करोड ९८ लाख र प्राइम बैंकको १३ करोड ८१ लाखले बढेर ९७ करोड ४६ लाख पुगेको छ ।

■ चालू आवको दुई महिनामा बैंकको नाफा

वाणिज्य बैंक	नाफा
नेपाल बैंक	६७ करोड ८२ लाख
राष्ट्रिय वाणिज्य बैंक	८८ करोड ३ लाख
नबिल बैंक	१ अर्ब ६६ करोड ८ लाख
नेपाल इन्भेष्टमेन्ट मेगा बैंक	१ अर्ब ४१ करोड २८ लाख
स्ट्यान्डर्ड चार्टर्ड बैंक	६० करोड ६२ लाख
नेपाल एसबिआई बैंक	५३ करोड ३९ लाख
हिमालयन बैंक	१ अर्ब १६ करोड ८१ लाख
एभरेष्ट बैंक	८२ करोड ५५ लाख
एनआइसी एसिया बैंक	५७ करोड ७५ लाख
माछापुच्छे बैंक	३९ करोड २४ लाख
कुमारी बैंक	१ अर्ब ८ करोड ५० लाख
लक्ष्मी-सनराइज बैंक	८६ करोड ४६ लाख
सिद्धार्थ बैंक	६० करोड ५६ लाख
कृषि विकास बैंक	८८ करोड ७० लाख
ग्लोबल आइएमई बैंक	१ अर्ब ५६ करोड ६१ लाख
सिटिजन्स इन्टरनेसनल बैंक	५८ करोड ९८ लाख
प्राइम कमर्सियल बैंक	९७ करोड ४६ लाख
एनएमबि बैंक	७८ करोड २ लाख
प्रभु बैंक	९१ करोड ३२ लाख
सानिमा बैंक	६८ करोड ९२ लाख

स्रोत : नेपाल राष्ट्र बैंक

स्ट्यान्डर्ड चार्टर्ड बैंकको नाफा १२ करोड १७ लाखले बढेर ६० करोड ६२ लाख र एभरेष्ट बैंकको खुद नाफा ११ करोड २९ लाख रुपैयाँले बढेर ८२ करोड ५५ लाख रुपैयाँ कायम भएको छ । एक अर्बभन्दा बढी नाफा आर्जन गर्नेमध्ये नबिल बैंकको मात्रै नाफामा वृद्धि भएको छ । नबिल बैंकको नाफा नौ करोड ६३ लाख रुपैयाँले बढेर एक अर्ब ६६ करोड आठ लाख रुपैयाँ पुगेको छ । लक्ष्मी-सनराइज, सिद्धार्थ, माछापुच्छे, एनएमबि र राष्ट्रिय वाणिज्य बैंकको नाफामा सामान्य वृद्धि भएको छ ।

■ ६ बैंकको नाफा घट्यो

एनआइसी एसिया बैंकको नाफामा सबैभन्दा ठूलो गिरावट आएको छ । यो बैंकको नाफा २२ करोड २९ लाख रुपैयाँले घटेर ५७ करोड ७५ लाख रुपैयाँमा खुम्चिएको छ । ग्लोबल आइएमई बैंकको नाफा १८ करोड ९६ लाख रुपैयाँले घटेर एक अर्ब ५६ करोड ६१ लाखमा कायम छ । नेपाल इन्भेष्टमेन्ट बैंक, हिमालयन बैंक, कुमारी र नेपाल बैंकको नाफा सामान्य खस्किएको छ ।

संक्षेप

विश्व बैंकबाट ३८ अर्ब ऋण लिँदै सरकार

काठमाडौं/ सरकारले विश्व बैंकबाट करिब ३८ अर्ब ऋण लिने गरी प्रक्रिया अघि बढाएको छ । मन्त्रिपरिषद्ले विश्व बैंकले दिने २० अर्ब सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने तथा १८ अर्ब ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता टोली गठन गर्ने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को शुक्रबारको बैठकले विश्व बैंकबाट हरित उत्थानशील र समावेशी विकासका लागि प्रस्ताव गरिएको करिब १३५ मिलियन अमेरिकी डलर (करिब १८ अर्ब १९ करोड रुपैयाँ) ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ताटोली गठन गर्ने निर्णय गरेको हो । बैठकले वार्ता गर्न अख्तियारी दिने निर्णय पनि गरेको हो ।

त्यस्तै, विश्व बैंकबाट प्रकोप र विकासका निम्ति प्राप्त हुने १५० मिलियन अमेरिकी डलर (करिब २० अर्ब १२ करोड नेपाली रुपैयाँ) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । विश्व बैंकबाट 'नेपाल डिजास्टर रेजिलेन्स डेभलपमेन्ट पोलिसी क्रेडिट विथ क्याटस्ट्रोफ ड्रडाउन अप्सन'मार्फत उक्त सहायता आउने जनाइरहेको छ ।



सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशक समितिको बैठक



काठमाडौं/ सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशक समितिको बैठकले अनुसन्धान र अभियोजनलाई तीव्र पार्ने निर्णय गरेको छ । निर्देशक समितिको आइतबार बसेको बैठकले सम्पत्ति शुद्धीकरणसम्बन्धी नियमनकारी निकायहरूले अनुसन्धान र अभियोजनको विषयलाई तीव्र पार्ने निर्णय गरेको हो ।

बैठकले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी नियमावलीलाई मन्त्रिपरिषद्बाट छिटो पारित गर्न पहल गर्ने पनि निर्णय गरेको छ । अनुसन्धान र अभियोजनलाई तीव्र पारी नियमावली पारित गरे नेपाल ग्रे-जोनमा नपर्ने बैठकका सहभागीहरूको भनाइ छ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राष्ट्रिय आवश्यकता र प्राथमिकताले अनुसन्धान र अभियोजनका कार्यलाई अघि बढाउने उल्लेख गर्दै नेपाल ग्रे-जोनमा नजाने गरी कार्यहरू गर्न निर्देशन दिए ।

उड्डयन क्षेत्रको समष्टिगत अध्ययन गर्न उच्चस्तरीय समिति गठन

काठमाडौं/ सरकारले नेपाली उड्डयन क्षेत्रको सुधारका लागि समष्टिगत अध्ययन गर्न उच्चस्तरीय समिति गठन गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हाको अध्यक्षतामा उच्चस्तरीय अध्ययन तथा सुझाव समिति गठन गरेको हो ।

समिति सदस्यहरूमा हवाई व्यवस्थापनविज्ञ राजेन्द्रबहादुर सिंह, हवाई सुरक्षाविज्ञ भेषराज सुवेदी र हवाई सेवा सञ्चालन तथा गुणस्तर व्यवस्थापनविज्ञ क्याप्टेन रिवाजप्रसाद प्रधान रहेका छन् । यस्तै, तालुकदार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिवलाई सदस्यसचिव तोकिएको छ । पर्यटनमन्त्री बद्री पाण्डेले नेपालको नागरिक उड्डयन क्षेत्रलाई कसरी सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउने भन्नेमा केन्द्रित रहेर समितिले अध्ययन गर्ने बताए ।

खिम्ती-लामोसाँघु प्रसारण लाइनमा इआरएस टावर

काठमाडौं/ अविरल वर्षाका कारण तामाकोशी नदीमा आएको बाढीले बगाएको खिम्ती-लामोसाँघु एक सय ३२ केभी प्रसारणलाइनको टावर आपत्कालीन पुनर्स्थापना प्रणाली (इमर्जेन्सी रिस्टोरेसन सिस्टम (इआरएस) टावर प्रयोग गरी सञ्चालनमा ल्याइने भएको छ ।

तामाकोशीको बाढीले रामेछापको मन्थली नगरपालिका-१३, देवीटारस्थित खिम्ती-लामोसाँघु प्रसारणलाइनको ७ नम्बर टावर बगाएको थियो । टावर बगेपछि चारवटा टावरको तार (कन्डक्टर)मा पनि क्षति पुगेको कारण उक्त लाइनबाट १३ असोजबाट विद्युत् प्रवाह बन्द छ । यसबाट खिम्तीबाट काठमाडौंको प्रसारणलाइन लिंक टुटेको छ । उक्त लाइनबाट करिब दुई सय मेगावाट विद्युत् प्रवाह हुन सक्छ ।

उक्त लाइनबाट विद्युत्लाई लामोसाँघु-भक्तपुर प्रसारणलाइन हुँदै काठमाडौं उपत्यकामा आपूर्ति गरिन्छ । यसैगरी, सिन्धुपाल्चोकको भोटेकोशी नदी जलाधार क्षेत्रमा निर्माण भएको जलविद्युत् आयोजनाहरूको विद्युत् लामोसाँघु-खिम्ती-ढल्केबर हुँदै भारततर्फ निर्यात हुँदै आएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले खिम्ती-लामोसाँघु प्रसारणलाइन बन्द हुँदा विद्युत् प्रणालीको विश्वसनीयतामा असर परेको बताए ।

Government of Gandaki Province
Ministry of Agriculture, Land Management and Cooperatives
Directorate of Agriculture Development
Nuts And Fruits in Hilly Areas Project (NAFHA)

Project Implementation Unit, Gandaki Province
Pokhara, Nepal

Invitation for Bids

Date of Publication: 21 October 2024

Loan/Grant No. and Title: L4211/F0845/G0846-NEP: Nuts and Fruits in Hilly Areas Project
Contract No. and Title: NAFHA/PIU-GAND/Works/CW08-A: Horticulture Development Resource Center Upgrade- Pokhara

Deadline for Submission of Bids: 20 November 2024

1. The Government of Nepal has received financing from the Asian Development Bank (ADB) toward the cost of Nuts and Fruits in Hilly Areas Project. Part of this financing will be used for payments under the Contract named above.
2. The Ministry of Agriculture, Land Management and Cooperatives, Directorate of Agriculture Development,
   Nuts and Fruits in Hilly Areas Project, Project Implementation Unit, Gandaki Province ("the Employer") invites sealed bids from eligible Bidders for the Horticulture Development Resource Center Upgrade-Pokhara ("the Works").
3. Open competitive bidding will be conducted in accordance with ADB's Single Stage Two Envelope (1S2E) procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
4. Only eligible Bidders with the following key qualifications defined in the Bidding Document may participate in this bidding:
   a) Average Annual Construction Turnover (as per section 3 of Bidding Document): NPR 40.77 million.
   b) Financial Resources (as per section 3 of Bidding Document): NPR 5.10 million.
   c) Contracts of Similar Size and Nature (as per section 3 of Bidding Document): NPR 16.31 million.
5. To obtain further information and inspect the bidding documents, Bidders should contact:
   Provincial Project Manager
   Nuts and Fruits in Hilly Areas Project
   Project Implementation Unit, Gandaki Province
   Pokhara, Kaski
   Telephone: 061 570273, 061 570263
   E-mail: piugandaki.nafha@gmail.com
   OR Visit PPMO's e-GP system www.bolpatra.gov.np/egp
6. To purchase the bidding documents in English, eligible Bidders should
   - write to address above requesting the bidding documents for NAFHA/PIU-GAND/Works/CW08-A
   - pay a nonrefundable fee of NPR. 5,000.00 (Five Thousand Rupees only) in the form of Bank Voucher deposited in the Rastriya Banijya Bank, Prithvi Chowk Branch in Revenue Account No. 1000100200010000 in favor of Nuts and Fruits in Hilly Areas Project, Project Implementation Unit, Gandaki Province Office Code 3120139094 Revenue Heading No. 14229 by 20 November 2024
   - download the bidding documents from e-GP portal of Public Procurement Monitoring Office (PPMO): https://bolpatra.gov.np/egp.
   - pay the fee as specified above, and upload an electronic copy of the bank deposit/voucher/cash receipt/wire transfer when submitting the bid via the e-GP portal
7. Interested Bidders shall submit electronic bids through PPMO's e-GP System https://bolpatra.gov.np/egp on or before the deadline 20 November 2024, 12:00 Noon together with a Bid Security as described in the Bidding Document (NPR 0.41million valid for at least 148 days from the last date of Bid Submission), and upload an electronic copy of the bank deposit/voucher/cash receipt/wire transfer when submitting the Bid. Paper submission of Bid is not permitted. Only electronically submitted bids will be considered for evaluation.
   Bids will be opened promptly after the deadline for bid submission in the presence of Bidders' representatives who choose to attend.

Provincial Project Manager

अस्ताए पर्यटनका हस्ती

नवीन अर्याल/नयाँ पत्रिका

नेपाली पर्यटन क्षेत्रका हस्ती वसन्तराज मिश्रको ७१ वर्षको उमेरमा निधन भएको छ । डेंगी संक्रमण भएर नर्भिक अस्पतालमा भर्ना भएका उनको उपचारकै क्रममा आइतबार बिहान ब्रेन ह्याम्ब्रेज भएर निधन भएको परिवारले जानकारी दिएको छ । उनको आइतबार नै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ ।

झन्डै पाँच दशकदेखि पर्यटन क्षेत्रमा सक्रिय मिश्रको निधनसँगै नेपाली पर्यटन क्षेत्रले गुणस्तरीय पर्यटनका अभियन्ता गुमाएको पर्यटन व्यवसायीहरूले बताएका छन् । प्रकृति र पर्यटनलाई आपसमा जोडेर उनले गुणस्तरीय पर्यटक भित्र्याउँदै आएका थिए । वसन्त मिश्र वाइल्ड लाइफ टुरिजमको 'वान अफ दी पायोनियर' रहेको कोरा टुर्सका संस्थापक-सिइओ विजय अमात्यले बताए । उनले भने, 'नेपालमा हाई-इन्ड पर्यटक भित्र्याउनेमध्ये उहाँ अग्रस्थानमा हुनुहुन्थ्यो ।' संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले मिश्रको निधनबाट नेपालले एक सफल पर्यटन व्यवसायी गुमाएको बताएका छन् ।

सन् १९७० को दशकमा नेपाली पर्यटन क्षेत्रमा प्रवेश गरेका मिश्र पर्यापर्यटनका अनुयायी थिए । स्नातक उत्तीर्ण गरेपछि युरोप घुमेर फर्किएका उनले सन् १९७७ मा गोर्खा ट्राभलमा टुर अफिसरका रूपमा काम गर्न थाले । एक वर्षजति काम गरेर फेरि टाइगर टप्स ज्वाइन गरेको अमात्यले बताए । 'म र वसन्त मिश्र करिब एउटै समयमा पर्यटन क्षेत्रमा आबद्ध भएका हौं । मैले यती ट्राभल ज्वाइन गरेँ, उहाँले गोर्खा ट्राभल ज्वाइन गर्नुभयो,' अमात्यले पुराना



> मिश्रले प्रकृति र पर्यटनलाई आपसमा जोडेर गुणस्तरीय पर्यटक भित्र्याउँदै आएका थिए, उनी वाइल्ड लाइफ टुरिजमको 'पायोनियर' हुन्

दिन सम्झिए, 'पछि आफैं ट्राभल कम्पनी र रिसोर्ट खोल्नुभयो, उहाँ वाइल्ड लाइफमा पूरै सक्रिय रहनुभयो ।'

त्यसवेला टाइगर टप्स र गोर्खा ट्राभल नामी मानिन्थे । 'मलाई आफ्नै ट्राभल खोल्न काम सिक्नु थियो, जुन गोर्खा ट्राभल र टाइगर टप्सले सिकायो,' एक भेटमा मिश्रले भनेका थिए, 'पछि टाइगर टप्ससँगकै साझेदारीमा एड्भेन्चर ट्राभल खोलियो, त्यहाँ साढे आठ वर्षजति काम गरेपछि सन् १९८८ मा एकल लगानीमा भेन्चर ट्राभल खोलेको हुँ ।' भेन्चर ट्राभल अहिले पनि सञ्चालनमा छ । सन् १९९० मा चितवन राष्ट्रिय निकुञ्जभित्र टेम्पल टाइगर रिसोर्ट खोले । जंगलभित्रको रिसोर्ट बन्द गराइएपछि निकुञ्जबाहिर राप्ती नदि किनार नवलपुरको अमलटारीमा सोही नाममै सफारी रिसोर्ट सञ्चालनमा ल्याए । उनको ठमेलमा अपार्टमेन्ट होटेल पनि सञ्चालनमा छ । उनको कुपन्डोलमा १५ कोठाको लक्जरी बुटिक होटेल सञ्चालन गर्ने धोको भने पूरा हुन पाएन ।

टेम्पल टाइगर ग्रुप अफ कम्पनीका कार्यकारी अध्यक्ष रहेका मिश्र चिलीका अवैतानिक महावाणिज्य दूत थिए । उनी प्यासिफिक एसिया ट्राभल एसोसिएयसन (पाटा) इन्टरनेसनलका पूर्वसचिव तथा कोषाध्यक्ष हुन् । उनी पाटा नेपाल च्याप्टरको अध्यक्ष पनि बने । पछि पाटा नेपालले उनलाई आजीवन सदस्य बनाएको थियो । एसोसिएसन अफ टुर अपरेटर्सका पूर्वअध्यक्षसमेत रहेका उनको पर्यटन बोर्ड स्थापनामा महत्त्वपूर्ण योगदान छ । यस्तै नेपाल उद्योग परिसंघको उपाध्यक्ष भए । उनले डब्लुटिएम, आइटिबी, पाटा ट्राभल मार्टजस्ता ठूला अन्तर्राष्ट्रिय पर्यटन मेलाहरूमा सक्रिय सहभागिता जनाएर नेपाली पर्यटनलाई विश्वजगत्मा चिनाउन ठूलो योगदान गरेको कोरा टुर्सका सिइओ अमात्यले बताए । पछिल्लो समय ज्यानु-वसन्तराज मिश्र फाउन्डेसनमार्फत पर्यटन पत्रकारिता, वातावरण संरक्षण र शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान गर्ने व्यक्ति-संघसंस्थालाई जनही तीन लाख रुपैयाँको पुरस्कार प्रदान गर्न सुरु गरेका थिए ।

पर्यटन उद्योगमा सक्रिय मिश्रको निधनले नेपालको पर्यटन उद्योगले एक कर्मठ, निष्ठावान् अभिभावक गुमाएको नेपाल उद्योग परिसंघले विज्ञप्तिमार्फत भनेको छ ।

सिंगापुरका लगानीकर्ता र नेपाल चेम्बरबिच समझदारी



काठमाडौं/ नेपाल चेम्बर अफ कमर्स (एनसिसी) र सिंगापुर इन्डियन चेम्बर अफ कमर्स (एसआइसिसिआई)बिच लगानी र व्यापार सहजीकरण गर्ने समझदारी भएको छ। चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल र एसआइसिसीआईबिच नेपालको जलविद्युत, पर्यटन, खनिजलगायत अन्य प्राकृतिक स्रोतमा लगानीका लागि समझदारी भएको छ।

सिंगापुर भ्रमणका क्रममा अध्यक्ष अग्रवालले एसआइसिसिआईका पदाधिकारीसँग नेपालको लगानीका क्षेत्र र अवसरबारे जानकारी गराएका थिए। अध्यक्ष अग्रवालले भने, 'नेपालमा जलविद्युत, पर्यटन, खानी एवं प्राकृतिक अन्य स्रोतहरूमा लगानीका लागि सिंगापुरका लगानीकर्तासमक्ष आग्रह गर्दछु।' साथै उनले नेपालमा हुने लगानीको प्रतिफल सुनिश्चितताका लागि नेपाल चेम्बर अफ कमर्सले सहजीकरण गर्ने प्रतिबद्धता पनि जनाए । राजनीतिक स्थिरता, कानुनी पाटोमा सुधार हुँदै गएकाले लगानीका लागि उपयुक्त वातावरण बन्दै गएको र पर्यटकीय दृष्टिकोणले समेत नेपाल उत्कृष्ट गन्तव्य बन्दै गएको भन्दै अध्यक्ष अग्रवालले लगानीका लागि आग्रह गरे। नेपाल र सिंगापुर दुवै मुलुकले लगानी र व्यापारिक साझेदारीमार्फत आर्थिक फाइदा लिन सक्नुपर्नेमा अध्यक्ष अग्रवालको जोड थियो।

साना तथा मझौला व्यवसायलाई सशक्त बनाउन टिकटकको कार्यशाला



काठमाडौं/ नेपालमा साना र मझौला व्यवसाय सशक्तीकरण गर्न टिकटकले काठमाडौंमा आफ्नो बहुप्रतीक्षित कार्यशाला सम्पन्न गरेको छ। 'ग्रो विथ टिकटक मास्टरक्लास' नामक कार्यशालाले व्यवसाय बढाउन टिकटक प्लेटफर्म कसरी प्रयोग गर्ने भनेर जान्न उत्सुक व्यवसायी, मार्केटर र उद्यमीहरूको समूहलाई एकसाथ ल्याएको थियो।

कार्यशालामा सहभागीले ब्रान्ड भिजिबिलिटी बढाउन, युवावर्गसँग जोडिन र आफ्ना उत्पादन र सेवालाई रचनात्मक रूपमा प्रदर्शन गर्न टिकटकका सुविधाको लाभ कसरी उठाउने भन्नेबारे प्रशिक्षण प्राप्त गरेका थिए।

कार्यशालाले विशेषज्ञको नेतृत्वमा टिकटकमार्फत गर्न सकिने प्रवर्द्धनका विविध पक्षलाई समेट्ने सत्रहरूको शृंखला प्रस्तुत गरेको जनाएको छ। सहभागीलाई यस प्लेटफर्मको शक्तिशाली कन्टेन्ट क्रिएसन टुल्स, दर्शक संलग्नताका लागि उत्तम अभ्यास र टिकटक अभियानलाई प्रभावकारी बनाउने रणनीतिको परिचय गराइएको थियो।

कार्यशालाकै क्रममा सहभागीलाई टिकटकको कम्युनिटी गाइडलाइन्स, प्लेटफर्ममा उपलब्ध सुरक्षा सुविधा र कन्टेन्ट मोडरेसन प्रक्रियाबारे जानकारी गराउन विशेष सत्रसमेत सञ्चालन गरिएको टिकटकले जनाएको छ।

उक्त कार्यशालाले साना र मझौला व्यवसायका लागि एक नेटवर्किङ अवसर पनि प्रदान गरेको बताइएको छ। सहभागीले विभिन्न उद्योगका साथीसँग जोडिन, अनुभव बाँड्न र साझा चुनौती र समाधानबारे छलफल गर्ने मौका पाएका थिए।

साना तथा मझौला व्यवसायको क्षेत्रले नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले पनि टिकटकले यसलाई प्रवर्द्धन गरेर नेपालको विकास यात्रामा आफू प्रमुख साझेदार बन्ने लक्ष्य राखेको जनाएको छ।

क्युरेक्स फर्मास्युटिकल्स प्रा. लि.

अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सूचना

यस क्युरेक्स फर्मास्युटिकल्स प्रा. लि. बाट उत्पादित औषधिहरूको निम्नानुसारको बजार दररेट तथा बिक्रि मूल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ, यदि यी औषधिहरू कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गत का कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीका आधिकारिक विक्रेता श्री गढिमाइ मेडिहेल्थ प्रा. लि., टिकाथली, ललितपुर (नेपाल) भ्याट नम्बर : ६१०१२२६६२ भएका संग खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

CUREX PHARMACEUTICAL'S PRODUCT RATE LIST (FY: 2081-2082)

SN	Generic Name	MRP	Sales price
1	Acyclovir 200	10.00	8.70
2	Acyclovir 400	20.00	17.4
3	Acyclovir 5g Cream	80.00	69.6
4	Albendazole 400	10.00	8.7
5	Albendazole Susp	18.00	15.66
6	Alprazolam 0.25mg	1.70	1.50
7	Alprazolam 0.50mg	3.40	2.96
8	Amitriptyline 10mg	2.40	2.10
9	Amitriptyline 25mg	3.80	3.30
10	Amlodipine + Losartan pottassium L 27.5mg	6.00	5.21
11	Amlodipine + Losartan pottassium L 55mg	12.00	10.39
12	Amlodipine 10	8.00	6.94
13	Amlodipine 5mg	5.00	4.35
14	Amlodipine2.5mg	2.30	2
15	Amoxycillin 125mg	3.00	2.62
16	Amoxycillin 250mg	5.00	4.35
17	Amoxycillin 500mg	8.00	6.97
18	Amoxycillin 60ml Dry syrup	80.00	69.60
19	Amoxycillin 90ml Dry syrup	110.00	95.70
20	Anticold Susp	60	52.2
21	Antacid Gel	121.00	95.70
22	Antacid Tab	3.00	2.61
23	Anticold Tab	3.00	2.61
24	Atenolol 100	6.00	5.22
25	Atenolol 25	2.20	1.91
26	Atenolol 50	4.00	3.48
27	Atorvastatin 10mg	10.78	9.38
28	Atorvastatin 20mg	20.60	17.92
29	Atorvastatin 5mg	6.75	5.87
30	Azithromycin 100mg Susp	110.00	95.70
31	Azithromycin 200mg Susp	160.00	139.20
32	Azithromycin 250mg	17.45	15.18
33	Azithromycin 500mg	30.00	26.1
34	Benzoic acid + Salicyclic acid 30g	65.00	56.55
35	Calamine 100ml	110.00	95.7
36	Calamine 30ml	45.00	34.8
37	Calcium 500mg Tab	6.00	5.22
38	Calcium Susp	100.00	87
39	Cefixime 100mg	16.00	13.92
40	Cefixime 200mg	20.00	17.40
41	Cefixime 400mg	50.00	43.5
42	Cefixime 60ml Syrup	180.00	156.60
43	Cefpodoxime 200mg	25.00	19
44	Cefpodoxime 60ml Syrup	170.00	147.90
45	Cetirizine HCL 10mgTab	4.00	3.48
46	Cetirizine HCL Susp	55.00	47.85
47	Chloramphenicol 500 Cap	14.00	12.18
48	Chloramphenicol Syrup	100.00	87
49	Chlorpheniramine Maleate 4mg	1.50	1.31
50	Ciprofloxacin 250mg	6.00	5.22
51	Ciprofloxacin 500mg	8.00	6.96
52	Clotrimazole Cream 15g Tube	55.00	47.85
53	Clotrimazole Pessary Tab	11.00	9.57
54	Clotrimazole Vaginal Gel	80	69.60
55	Cloxacillin Sodium 250mg	5	4.35
56	Cloxacillin Sodium 500mg	13.00	11.31
57	Cloxacillin Sodium Dry Syrup	130.00	113.10
58	Diclofenac 30gm Gel	100.00	87
59	Diclofenac 50mg Tab	4.00	3.48
60	Diclofenac Mouth Wash 100ml	110.00	95.70
61	Domperidone 10mg Tab	5.00	4.35
62	Domperidone Susp	50.00	43.50
63	Esomeprazole 20 Mg	5.00	4.35
64	Esomeprazole 40Mg	11.00	8.70
65	Emagliflozin 25	30.00	24
66	Ferrous Salt + Folic acid (Iron) Tab	3.00	2.61
67	Fexofenadine 120	11.00	9.57
68	Fexofenadine 180	16.00	13.92
69	Fexofenadine Susp	150.00	130.50
70	Fluconazole 150mg	24.00	21.75
71	Folic acid 5mg Tab	2.25	1.96
72	Frusemide 40mg	1.50	1.31
73	Gamma Benzene Hexachloride 60ml	75.00	65.25
74	Glimepiride 1mg	4.00	3.90
75	Hand Sanitizer Gel 100	140.00	65.25
76	Hand Sanitizer Gel 200	300.00	255
77	Hand Sanitizer Gel 5 Ltr	3500.00	3045
78	Hand Sanitizer Gel 500	465.00	390
79	Hand Sanitizer Liquid 100ml	125.00	80.90
80	Hand Sanitizer Liquid 200ml	250.00	180.30
81	Hand Sanitizer Liquid 5 Ltr	3000.00	2610
82	Hand Sanitizer Liquid 500ml	450.00	390
83	Hydrochlorothiazide 12.5 Mg	1.25	1.07
84	Hydrochlorothiazide 25 Mg	3.00	2.55
85	Hyoscine Butyl Bromide 10mg	12.00	10.44
86	Hyoscine Butyl Bromide 20mg	28.00	24.36
87	Ibuprofen 200mG	2.00	1.74
88	Ibuprofen 400mG	4.00	3.48
89	Iron (III) hydroxide polymaltose & Folic Acid Tablets IP	8.00	6.96
90	Iron (III) hydroxide polymaltose Syrup IP	140.00	121.80
91	Iron Cap	4.50	3.92
92	Iron Syrup 200ml	140.00	104.40
93	Itraconazole	40.00	34.80
94	Levocetirizine Susp	65.00	56.55
95	Levocetirizine Tab	6.00	5.22
96	Losartan Potassium 25	4.41	3.84
97	Losartan Potassium 50	7.60	6.61
98	Montelukast 10mg + Levocetrizine 5mg	20.00	17.55
99	Metformin 500mg	2.00	1.74
100	Metformin 850mg	3.50	3.3
101	Metformin 500mg + Sitagliptin 50mg	26.00	21
102	Metformin 850mg + Sitagliptin 50mg	27.00	22
103	Metformin 1000mg + Sitagliptin 50mg	29.00	23.5
104	Metformin 1000mg + Glimepiride 1mg	11.00	8.95
105	Metronidazole 200mg	2.00	1.74
106	Metronidazole 400mg	3.00	2.61
107	Metronidazole 60ml Susp	80.00	68
108	Mefenamic Acid	5.00	4.65
109	Multivitamin Cap	4.00	3.48
110	Nimesulide Gel	90.00	78.30
111	Nimesulide Tab	3.00	2.61
112	Ofloxacin 100	5.50	4.79
113	Ofloxacin 200	7.00	6.09
114	Ofloxacin 400	8.00	6.96
115	Ofloxacin Susp	90.00	78.30
116	Omeprazole 20mg	4.00	3.75
117	Ondansetron 4mg	7.00	6.09
118	Ondansetron 8mg	10.00	8.70
119	Ondansetron Susp	70.00	60.90
120	ORS	10.00	8.7
121	Pantoloc DSR	17.50	14.5
122	Pantoprazole 40mg Tab	8.00	6.96
123	Paracetamol 125 60ml Susp	30.00	26.10
124	Paracetamol 500mg	1.00	0.78
125	Paracetamol Drop	30.00	26.10
126	Paracetamol & Caffeine Tablets	2.50	2.18
127	Paracetamol & Ibuprofen suspension	30.00	26.10
128	Paracetamol & Ibuprofen tablets	2.00	1.74
129	Povidone Iodine 10% 100ml	170.00	148
130	Povidone Iodine 10% 30ml	70.00	60.90
131	Povidone Iodine 10% 450ml	450.00	391.50
132	Povidone Iodine 10% 60ml	100.00	87
133	Povidone Iodine 5% 100ml	100.00	87
134	Povidone Iodine 5% 15gm Oint	50.00	43.5
135	Povidone Iodine 5% 30ml	45.00	39.15
136	Povidone Iodine 5% 450ml	275.00	239.25
137	Povine Gargle 100 ml	110.00	87
138	Povine Gargle 60 ml	65.00	52.20
139	Pregabalin 150	23.00	20.08
140	Pregabalin 75	16.50	14.36
141	Pregabilin -75, Methylcobalamine 1500	33.00	28.71
142	Pregabilin -75, Methylcobalamine 750	22.00	19.14
143	Ranitidine HCL 150Mg	3.00	2.61
144	Ramipril 10 mg Tab	15.50	13
145	Rosuvastatin 10	17.00	14.90
146	Rosuvastatin 20	35.00	28.70
147	Salbutamol 4mg Tab	2.00	1.74
148	Salbutamol 100ml Syrup	73.95	55.00
149	Silver Sulphadiazine Cream 15gm	75.00	65.25
150	Sulpha + Trimeh 480mg	4.00	3.48
151	Sulpha + Trimeh 960mg	6.00	5.22
152	Sulpha + Trimeh Susp	70.00	60.90
153	Tinidazole 1000	11.00	9.57
154	Tinidazole 500	5.00	4.35
155	Vitamin B Complex 100ml Syrup	90.00	78.30
156	Vitamin B Complex 200ml Syrup	150.00	130.50
157	Vitamin B Complex Tab	5.00	4.35
158	Vitamin B Complex With Zinc Cap	6.00	5.22
159	Vitamin D 60K	45.00	39.3
160	Vitamin E 400	8.00	6.96
161	Zinc 20mg Tab	5.00	4.35
162	Chlorhexgel 3gm	30.00	26.10
163	Chlorhexgel 5gm	35.00	30.45
164	Neomycin Cream 15 gm	45.00	39

ग्लोबल आइएमई र युनिभर्सिटी अफ इन्ज्ब्रकबिच समझदारी

काठमाडौं/ ग्लोबल आइएमई बैंक र अस्ट्रियाको युनिभर्सिटी अफ इन्ज्ब्रकबिच सम्झौता भएको छ। स्विच एसिया ग्रान्ट प्रोग्रामअन्तर्गत युरोपियन युनियनको आर्थिक सहयोगमा 'बिल्डिङ इनर्जी इफिसिएनसी इन नेपाल' (बिन) प्रोजेक्टअन्तर्गत दिगो आवास भवन निर्माणका लागि ऊर्जा कुशल प्रविधि तथा अभ्यास प्रवर्द्धनका लागि समझदारी भएको हो।

समझदारीमा बैंकका ग्रिन एन्ड सस्टेनेबल बैंकिङ प्रमुख असीम कर्माचार्य र युनिभर्सिटी अफ इन्ज्ब्रकका प्रतिनिधि तथा बिन प्रोजेक्ट प्रमुख डा. ड्यानियल नेयरले हस्ताक्षर गरे।

बैंकले दिगो आवास प्रवर्द्धन गर्न 'ग्रिन होम लोन' विशेष कर्जा योजना लागू गर्दै आएको छ। बैंकका अनुसार यस समझदारीले प्राविधिक क्षमताको अभिवृद्धि गर्न र दिगो तथा ऊर्जा कुशल भवनहरूको प्रवर्द्धन गर्न सहयोग पुऱ्याउनेछ।

Invitation for Electronic Bids

Division Forest Office Rapti
Manahari, Makawanpur

Date of publication: 2081/07/05 (21th oct, 2024)

1. **Division Forest Office Rapti, Manahari, Makawanpur** invites electronic bids from Nepalese eligible bidders for the Procurement of following works under National Competitive Bidding procedures.

S.N	Contract ID No.	Name Of Procurement	Estimated Amount Nrs. (Exclusive Vat, PS and Contingencies)	Bid Security Amounts (Nrs.)	Bid Document Price (Nrs.)	Deadline date of bid submission and opening date	Bid Security Validity Period
1	MOFE/DFORAPTI/ WORKS/NCB /01/2081/082	Construction of Armed Forest Guard building at Manahari, Makawanpur	68,08,925.30/-	2,35,000/- (Two Lakhs Thirty-Five Thousand Only)	3,000/- (Three Thousand Only	2081/8/5 @ 12:00 hrs, 2081/8/5 @ 13:00 hrs	90 Days From deadline date of Bid opening

2. Eligible Bidders may obtain further information and inspect about the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Matters not covered by this notice shall be in accordance with bidding document, Public Procurement Act-2063 and Public Procurement Regulation- 2064 and amendments of those and other Prevailing Regulations.
4. Further Information can be obtained from Division Forest Office Rapti, Manahari, Makawanpur. Contact no:- 057-414168, 9855017678, 9855070311.

Bagamati Province Government
Ministry of Water Supply, Energy & Irrigation

Water Supply & Sanitation Division No. 1, Makwanpur

Invitation for Bids

Date of Publication: 2081-07-05 (2024 October 21)

1. Water Supply & Sanitation Division No. 1, Makawanpur **(WSSD1 Makawanpur)** invites following bids.

S. N.	Contract Identification Number	Description of Work	Estimated Amount with VAT (NRs.)	Bid Security Amount (NRs.)	Bid Validity / Bid Security Validity Period	Price of Bid Document (NRs.)
1	WORKS/NCB/3/081/82 /WSSD1/Makawanpur	Construction of 225 Cum Capacity Elevated RCC Tank (Over Head Tank- OHT) at Baidhiknagar Chisapani Water Supply Project, Bharatpur-4,Chitwan	1,35,98,196.33	3,50,000.00	90 days / 120 days	3,000.00
2	WORKS/NCB/4/081/82 /WSSD1/Makawanpur	Deep Tubewell Construction Work by DTH Method at Sano Gadhi Water Supply Project, Bharatpur-16 Chitwan	23,22,369.89	60,000.00	90 days / 120 days	3,000.00
3	WORKS/NCB/5/081/82 /WSSD1/Makawanpur	Deep Tubewell Construction Work by DTH Method at Shivaghat Water Supply Project, Bharatpur-4 Chitwan	23,22,369.89	60,000.00	90 days / 120 days	3,000.00
4	WORKS/NCB/6/081/82 /WSSD1/Makawanpur	Deep Boring Construction Work at Birendranagar Tesro Sana Shahari Su. Bi. Water Supply Project, Rapti-7,8, Chitwan	33,31,372.91	85,000.00	90 days / 120 days	3,000.00

2. **The Last date of bid submission is 2081/08/05 (2024 November 20) 12:00 Noon & the bid Opening Date is 2081/08/05 (2024 November 20) 13:00 hours.**
3. **Bank Details**

Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash For the Bid Security
Rastriya Banijya Bank Ltd, Hetauda, Makwanpur; Office Code Number: 3130232013; **Revenue Account Number: 1000100200010000;** Rajaswa (Revenue) Sirshak No: 14229	Rastriya Banijya Bank Ltd, Hetauda Makwanpur; Office Code Number: 3130232013; Account Name: Pra. Le. Ni. Ka. Dharauti Khata; Deposit Account Number: 1300100202030000

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the office of **Water Supply & Sanitation Division No. 1, Hetauda, Makwanpur**. Email ID: pr3wssd1@gmail.com Phone no.: 057-520726.
5. All rights to accept, reject or partially accept the bid will be reserved in this office.
6. Bidder needs to submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp .
7. The office will not be responsible if the E-bid is not registered in electronic submission or if the file is corrupted at the time of opening.
8. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be considered as the last date. In such case the validity period of Bid Security shall remain the same as prescribed for the original last date of bid submission.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement regulations, 2064 and other prevailing Rules and Regulations.

Division Chief

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा
कोशी प्रदेश ,नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०७/०५

यस नगरपालिका द्वारा आ.व.२०८१/८२मा संञ्चालन गर्नुपर्ने तपशिल बमोजिमको निर्माण कार्यका लागि विभिन्न मितिमा राष्ट्रिय दैनिक मार्फत बोलपत्र आव्हान गरिए बमोजिम निर्धारीत समयावधि भित्र रितपूर्वक दर्ता भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोल्दा तपशिल बमोजिमको बोलपत्रदाताहरुले रितपूर्वकका कागजात प्रमाण पेश गरेको हुँदा निजको कवोल अंक निम्नतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ को (९क) बमोजिम प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो लागि यो ७ दिने सुचना प्रकाशित गरिएको छ।

तपशिलः

सि.नं.	ठेक्का नं.	आयोजनको नाम	बोलपत्र दाताको नाम	कवोल अंक(मु.अ.कर र कन्टिन्जेन्सि वाहेक)	कैफियत
१.	CM/NCB/W/05/081/082	वडा-३ प्रशासनिक भवन निर्माण	चन्दाच्छा निर्माण सेवा एण्ड सप्लायर्स , पाँचखपन-८	रु.३९,२५,७०५/-	
२.	CM/NCB/W/06/081/082	वडा-७ प्रशासनिक भवन निर्माण	चैनपुर सिद्धकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, पाँचखपन-७	रु.४५,१९,४८५/-	
३.	CM/NCB/W/07/081/082	डाग्युर पेमा छ्योखोलिङ गोन्पा निर्माण	स्मृति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, पाँचखपन-६	रु.३२,४७,३६९/-	
४.	CM/NCB/W/11/081/082	सिद्धकाली स्वास्थ्य चौकी सुधार निर्माण	चैनपुर सिद्धकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, पाँचखपन-७	२७,५७,०००/-	

प्रमुख प्रशासकीय अधिकृत

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ साफ महिला च्याम्पियनसिप

माल्दिभ्सविरुद्ध जित्नुपर्ने दबाबमा नेपाल

सेमिफाइनलको आशा जीवितै राख्न आज नेपालले माल्दिभ्सलाई जित्नैपर्ने



नयाँ पत्रिका

सार्ताै दक्षिण एसियाली महिला फुटबल च्याम्पियनसिप (साफ)को सेमिफाइनलको आशा जीवितै राख्न नेपालले सोमबार दशरथ रंगशालामा माल्दिभ्सविरुद्ध प्रतिस्पर्धा गर्दै छ। समूह 'बी'को दोस्रो खेलमा नेपालसमक्ष जितबाहेक अरू विकल्प छैन। बराबरी नतिजाले नेपालको सेमिफाइनल पुग्ने आशा लगभग समाप्त हुनेछ। अंकगणितीय आधारमा मात्र नेपालको आशा रहनेछ। यसमा पनि विपक्षी टोलीको नतिजाको प्रतीक्षा गर्नुपर्छ।

यसअघि आफ्नो पहिलो खेलमा भुटानसँग इतिहासमै पहिलोपटक गोलरहित बराबरीमा रोकिएपछि नेपाल दोस्रो खेलमा दबाबमा देखिएको हो। भुटानसँगको खेलमा नेपाल फाइनल थर्डमा निरन्तर रूपमा चुकेको थियो। मिडफिल्डर र फिनिसिङ लाइनका खेलाडीबिच तालमेल नहुँदा नेपालले भुटानविरुद्ध कम्तीमा आधा दर्जन गोल चुकाएको थियो।

नेपालका प्रशिक्षक राजेन्द्र तामाङले पनि भुटानसँगको खेलका कारण माल्दिभ्सविरुद्ध चर्को दबाबमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको बताए। 'पहिलो खेलमा जित निकाल्दा माल्दिभ्ससँगको खेल सहज हुने थियो, तर भुटानसँग नराम्रो खेल्यौं। यसकारण आजको खेलमा दबाब छ,' तामाङले भने, 'अघिल्लो खेलमा भएका गल्ती नदोहोऱ्याउने पक्षमा छौं।'

■ सावित्राले पहिलो सेटमै खेल्न सक्ने

नेपालका प्रशिक्षक तामाङले सावित्रा तयार भएको अवस्थामा पूरै समय खेलाउन आफू तयार भएको बताएका छन्। 'सावित्राले चाहेको अवस्थामा पूरै समय खेलाउन सक्छौं। तर, लामो यात्रापछि कति थकित हुन्छिन् र उनको भनाइ के आउँछ, प्रतीक्षामा छौं,' तामाङले भने। इभान्ट गुन्गाम्पबाट आइतबारै भएको फ्रेन्च महिला लिगमा सावित्राले टोलीको जितमा पहिलो गोल गरेकी थिइन्। यस सिजन पाँच खेलमा सावित्राआबद्ध फ्रेन्च टोलीको पहिलो जित हो।

नेपाली टोलीकी सर्वाधिक अनुभवी स्ट्राइकर सावित्रा भण्डारीको आमगनले खेलाडी हौसिएको तामाङको भनाइ छ। सावित्रा आबद्ध फ्रेन्च क्लबले उनलाई समयमै रिलिज नगरेका कारण उनले भुटानविरुद्धको खेल गुमाएकी हुन्। भुटान र नेपालबिचको खेल फिफा डेमा थिएन। 'सावित्राको आगमनले केही राहत मिलेको छ, तर हामीलाई जितबाहेक अरू विकल्प छैन,' प्रशिक्षक तामाङले भने, 'पहिलो खेलमा भुटान बलियो टोली थियो। माल्दिभ्स तुलानात्मक रूपमा कमजोर छ। सावित्रा पनि जोडिँदा टिम थप बलियो हुन्छ।'

साफ च्याम्पियनसिपमा नेपाल र माल्दिभ्सबिच दुई खेल भएका छन्। जसमा नेपालले दुवै खेलमा जित निकालेको छ। सन् २०१२ मा नेपालले माल्दिभ्सलाई ५-० र सन् २०१६ मा ९-० ले हराएको थियो। पहिलो खेलमा घाइते मिडफिल्डर दीपा शाही र रक्षक हिराकुमारी भुजेललाई नेपालले दोस्रो खेलमा गुमाउनेछ। यी दुवै खेलाडीका एन्टेरियर क्रुसिएट लिगामेन्ट (एसिएल) गएको अखिल नेपाल फुटबल संघ एन्फाले जनाएको छ।

दीपा र हिरा नौ महिना मैदानबाहिर

पहिलो खेलमा भुटानविरुद्ध घाइते भएकी मिडफिल्डर दीपा र रक्षक हीराकुमारी नौ महिना मैदानबाहिर हुने भएका छन्। घुँडाको एसिएलमा चोट लागेपछि दुवै खेलाडी नौ महिना मैदानमा नहुने एन्फाले जनाएको छ। उनीहरूको एसिएल शल्यक्रिया गर्नुपर्ने भएको छ। शल्यक्रियाको सात महिनापछि दुवै खेलाडी रिह्याबमा उपलब्ध हुनेछन्। भुटानविरुद्धको पहिलो हाफको इन्जुरी समयमा हिरा इन्जुरी हुँदै बाहिरिएकी थिइन्। उनलाई मैदानबाटै अस्पताल लगिएको थियो। उनको स्थानमा विमला विक मैदानमा प्रवेश गरेकी थिइन्। दोस्रो हाफमा मैदान छिरेकी दीपालाई खेलको अन्त्यतिर प्रतिस्थापन गरिएको थियो। दीपाको स्थान अनिता केसीले लिएकी थिइन्।

नेपालविरुद्ध माल्दिभ्सको नतिजा

मिति	नतिजा
सन् २०१२	५-०
सन् २०१६	९-०

बंगलादेश रोकिँदा भारत सेमिफाइनलमा

साबिक विजेता बंगलादेश पाकिस्तानसँग पहिलो खेलमा १-१ को बराबरीमा रोकिँदा समूह 'ए'बाट भारत एक खेलअगाडि नै साफ च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ। भारतले पहिलो खेलमा पाकिस्तानलाई ५-२ ले हराएको थियो। दुई खेल खेलेको पाकिस्तान र एक खेल खेलेको बंगलादेशको समान १ अंक छ।

यस समूहबाट पाकिस्तान र बंगलादेशको अन्तिम चारमा पुग्ने सम्भावना बाँकी छ। अन्तिम खेलमा भारत र बंगलादेशबिच हुनेछ।

जित वा बराबरीले बंगलादेश सेमिफाइनलमा पुग्नेछ। भारतसँग ३-० ले पराजित हुँदा बंगलादेश समूह चरणबाटै बाहिरिनेछ। पाकिस्तान समूह उपविजेताका रूपमा अन्तिम चारमा पुग्नेछ। बंगलादेश प्रतियोगिताको साबिक विजेता हो। पाकिस्तान अन्तिम चारमा पुग्ने वा नपुग्ने छिनोफानो भारत र बंगलादेशको नतिजाले प्रस्ट हुनेछ।

दशरथ रंगशालामा आइतबार पाकिस्तानले अप्रत्याशित रूपमा ३२औं मिनेटमा बंगलादेशविरुद्ध १-० को अग्रता लियो। जाहमेना सामिन मालिकले काउन्टर एट् याक्टमा पाकिस्तानलाई १-० को अग्रता दिलाएकी हुन्। उनले डिबक्सबाहिर दुई बंगलादेशी डिफेन्डर र गोलरक्षकलाई छक्याउँदै गोल गरेकी हुन्।

पाकिस्तान जितनजिक थियो। तर, खेलको अन्तिम इन्जुरी समयमा पाकिस्तान सम्हालिन सकेन। यसै इन्जुरी समयमा बंगलादेशले १-१ को बराबरी गोल फर्काउँदा पाकिस्तान निराश भयो। बंगलादेशलाई हारबाट जोगाउन समसुनुहार जुनियरले गोल गरेकी हुन्। पाकिस्तानले रक्षात्मक खेल खेल्दै बंगलादेशलाई दबाबमा राखेको थियो।

एक खेलअघि नै नेपाललाई टी-२० सिरिज

नयाँ पत्रिका

नेपालले एक खेलअगाडि नै अमेरिकाविरुद्धको टी-२० आई सिरिज जितेको छ। डालासमा आइतबार बिहान भएको दोस्रो टी-२० आईमा नेपालले अमेरिकालाई सुपर ओभरमा हराउँदै सिरिज हात पारेको हो। यसअघि पहिलो खेलमा नेपाल १७ रनले विजयी भएको थियो। नेपालले दुई राष्ट्र सम्मिलित टी-२० आई सिरिज चौथोपटक जितेको हो। यसअघि नेपालले मलेसिया, युएई र केन्यालाई अन्तर्राष्ट्रिय टी-२० सिरिजमा हराएको थियो। डालासको ग्रान्ड प्रेरीमा नेपालले पहिलो ब्याटिङ गरी अमेरिकालाई १७१ रनको लक्ष्य दिएको थियो।

अमेरिकाले २० ओभरमा आठ विकेट गुमाएर १७० रन बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो। अमेरिकालाई अन्तिम ओभरमा ७ रन आवश्यक थियो। सोमपाल कामीले ६ रन मात्र खर्चेपछि खेल टाई भयो।

रोमाञ्चक सुपर ओभर

अमेरिकाले सुपर ओभरमा पहिले ब्याटिङ गऱ्यो। अमेरिकाका आन्द्रेस गौस र सायन जाहागिंर ओपनिङमा आए। नेपालका लागि बलिङमा सोमपालले बल फ्याँके। सुपर ओभरको पहिलो र दोस्रो बलमा अमेरिकाले समान १ रन लियो। त्यसपछि अमेरिकाले लगातार दुई विकेट गुमायो। सोमपालले तेस्रो बलमा जाहागिंरलाई बोल्ड र चौथो बलमा आरोन जोन्स क्याच आउट गराए। सुपर ओभरमा ३ रनको सामान्य लक्ष्य पछ्याएको नेपालका कप्तान रोहितकुमार पौडेल र कुशल भुर्तेलले आवश्यक रन पूरा गरे।



भुर्तेलको आक्रामक ब्याटिङ

यसअघि टस जितेर नेपालले पहिलो ब्याटिङ गरेको थियो। नेपालले २० ओभरमा ६ विकेट गुमाएर १७० रनको योगफल तयार गरेको थियो। नेपालका लागि कुशल भुर्तेलले ५४ बलमा सर्वाधिक ९२ रनको नटआउट इनिङ्स खेले। उनले ५४ बलमा ७ चौका र ६ छक्का प्रहार गरेका थिए। उनको यो नवौं टी-२० आई अर्धशतक हो। उनले ३३ बलमा अर्धशतक पूरा गरेका थिए। कुशलले सन् २०२४ मार्चमा पपुवा न्युगिनीविरुद्धपछि पहिलोपटक टी-२० आईमा अर्धशतक प्रहार गरेका हुन्।

भुर्तेलले नेदरल्यान्ड्सविरुद्ध सर्वाधिक तीन अर्धशतक हिर्काएका छन्। उनले मलेसिया, सिंगापुर, ओमान र युएईविरुद्ध समान एक अर्धशतक प्रहार गरेका छन्। अमेरिकाविरुद्ध ओपनर अनिलकुमार शाहले ३१ बलमा २५ रन जोडे। गुल्सन झाले १२ बलमा १९ रन बनाए। कप्तान रोहितले १४ बलमा १८ र करण केसी १ बलमा ६ रन बनाउँदै नटआउट रहे।

न्युजिल्यान्ड नयाँ विश्व च्याम्पियन

एजेन्सी

न्युजिल्यान्डले आइसिसी महिला टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। दुबईमा आइतबार भएको फाइनलमा न्युजिल्यान्डले लगातार दोस्रोपटक फाइनल स्थान सुरक्षित गरेको दक्षिण अफ्रिकालाई ३२ रनले हराउँदै विश्वकपको ट्रफी उचालेको हो। दक्षिण अफ्रिकाले सर्वाधिक ६ पटकको विजेतालाई अस्ट्रेलियालाई सेमिफाइनलमा स्तब्ध पारेको थियो। दोस्रो सेमिफाइनलमा न्युजिल्यान्डले पूर्वविजेता वेस्ट इन्डिजलाई हराएको थियो।



दक्षिण अफ्रिका र न्युजिल्यान्डले पूर्वविजेतालाई अन्तिम चारमा हराउँदा यसपटक महिला विश्वकपले नयाँ विजेता पाउने पक्का थियो। न्युजिल्यान्डले दक्षिण अफ्रिकाविरुद्ध पहिलो ब्याटिङ गरी २० ओभरमा पाँच विकेट गुमाएर १५८ रन जोडेको थियो। प्रत्युत्तरमा दक्षिण अफ्रिकाले २० ओभरमा नौ विकेट गुमाएर १२६ रन बनाएको थियो। हारसँगै दक्षिण अफ्रिकाको विश्वकप उपाधि उचाल्ने सपना अधुरो भएको छ।

पहिलो ब्याटिङ गरेको न्युजिल्यान्डका लागि सुइज बाट्सले ३२, अमेलिया केरले ४३ तथा ब्रुके हालिडेले ३८ रन जोडेका थिए। प्रत्युत्तरमा दक्षिण अफ्रिकाका लागि ओपनर लाउरा वोल्भाड्टले सर्वाधिक ३३ रनको योगदान दिइन्। दक्षिण अफ्रिकाका आठ खेलाडीले दोहोरो अंकमा रन नै बनाउन सकेनन्।

खेल संक्षेप

महावीरको सहज जित

काठमाडौं/ फुटबलर्स मिसन टुगेदरको आयोजना भइरहेको दोस्रो भेट्रान्स फुटबलको आइतबार भएको खेलमा महावीर क्लबले विजय युथलाई ४-० ले पराजित गरेको छ। महावीरका किशोर नेपाली, टीकाबहादुर उप्रेती, विक्रम कार्की र भरत गुरुङले समान एक गोल गरेका थिए। दोस्रो खेलमा फ्रिडम फाइटरले बिआर ब्रदर्सलाई ७-१ ले निराश पाऱ्यो। अर्को खेलमा हाम्रो धरान भेट्रानले वीरगन्ज युथ एकेडेमीलाई १-० ले पाखा लगाएको छ।

टाइब्रेकरमा कपिलवस्तु विजयी

नवलपरासी/ सार्ताै राइनो संरक्षण गोल्डकप फुटबल प्रतियोगितामा आइतबार भएको खेलमा कपिलवस्तु ११ ले टाइब्रेकरमा वीरगन्ज युनाइटेडलाई ५-४ ले पराजित गरेको छ। निर्धारित समयमा दुवै टोलीले गोल गर्न नसकेपछि खेलको छिनोफनो टाइब्रेकरबाट भएको हो। प्रतियोगिताअन्तर्गत सोमबार फर्सिटिकट युथ क्लबले नमुना युथको सामना गर्नेछ। प्रतियोगिताको विजेताले आठ लाख र उपविजेताले चार लाख रुपैयाँ पाउनेछन्।

टेनिसको तयारी पूरा

काठमाडौं/ चौथो वीर गणेशमान सिंह राष्ट्रिय खुला टेनिस प्रतियोगिताको तयारी पूरा भएको छ। सातदोबाटोको टेनिस कम्प्लेक्समा सोमबारदेखि सुरु हुने प्रतियोगितामा सिनियर, जुनियर र भेट्रान गरी जम्मा २३ स्पर्धामा प्रतिस्पर्धा हुनेछ। १५० खेलाडीको सहभागिता रहने आयोजकले जनाएको छ। प्रतियोतिगाको जुनियरबाहेक सबै विधामा नगद पुरस्कार राखिएको छ। पुरुष र महिला एकल विजेताले एक लाख, उपविजेताले ५० हजार र तेस्रो हुने खेलाडीले २५ हजार रुपैयाँ पाउनेछन्।

तेक्वान्दोकी अञ्जलीलाई स्वर्ण

काठमाडौं/ नेपालकी अञ्जली तामाङले अस्ट्रेलियामा भएको भिक्टोरिया स्टेट केपिएनपी ओपन तेक्वान्दो सिरिजमा स्वर्ण पदक जितेकी छिन्। अञ्जलीले ग्यरोगीतर्फ महिला ६२ केजी तौल समूहमा स्वर्ण हात पारेको गोर्खा तेक्वान्दोका प्रशिक्षक उज्ज्वल गुरागाईंले जानकारी दिएका छन्। अञ्जलीले फाइनलमा अस्ट्रेलियाकै फिडोर पाकलाई १२-३ स्कोरले हराइन्।

कर्णालीले भित्र्यायो पाकिस्तानका हुसैनलाई

नयाँ पत्रिका

नेपाल प्रिमियर लिग (एनपिएल) फ्रेन्चाइज टोली कर्णाली याक्सले पहिलो विदेशी खेलाडीका रूपमा पाकिस्तानका अलराउन्डर मोहम्मद हुसैनलाई अनुबन्ध गरेको छ। एनपिएलमा सहभागीमध्ये विदेशी खेलाडी भित्र्याउने कर्णाली पहिलो टोली बनेको छ।



कर्णाली याक्सका निर्देशक गृहेन्द्र घिमिरेले हुसैन अनुबन्ध गरेको जानकारी दिएका छन्। 'आगामी लिगका लागि कर्णालीले पाकिस्तानका अलराउन्डर मोहम्मद हुसैनलाई अनुबन्ध गरेको छ,' घिमिरेले भनेका छन्, 'उनको आगमनले टोली थप मजबुत बन्ने विश्वास छ।' हुसैनले पाकिस्तानबाट १८ टी-२० आई खेलेका छन्। उनले ३९४ रन बनाएका छन्। उनले सन् २०१९ मा वेस्ट इन्डिजविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। उनले टी-२० मात्रै १६९ खेलेका छन्।

कर्णालीले अक्सनबाट 'ए' श्रेणीबाट राष्ट्रिय टोलीका गुल्सन झा, देव खनाल र नन्दन यावदलाई अनुबन्ध गरेको थियो। कर्णालीमा 'बी' श्रेणीमा अर्जुन घर्तीसहित ऋत गौतम, मौसम ढकाल र भुवन कार्की छन्। 'सी' श्रेणीबाट दीपेन्द्र रावत र युनिशविक्रम सिंह ठकुरीसँगै दीपक डुम्रेले कर्णालीबाट एनपिएलमा प्रतिस्पर्धा गर्नेछन्। कर्णालीका मुख्य प्रशिक्षक ज्ञानेन्द्र मल्ल हुन्। यसको मार्की खेलाडीमा राष्ट्रिय टिमका अलराउन्डर सोमपाल कामी छन्। एनपिएल १५ मंसिरदेखि ६ पुससम्म काठमाडौंमा हुँदै छ।

भलिबलका कप्तान मानबहादुरले लिए सन्न्यास

नयाँ पत्रिका

नेपाली पुरुष राष्ट्रिय भलिबल टोलीका स्पाइकर मानबहादुर श्रेष्ठले आइतबार सन्न्यास घोषणा गरेका छन्। श्रेष्ठले सामाजिक सञ्जालबाट राष्ट्रिय टोलीबाट सन्न्यास लिएको जानकारी दिएका हुन्। नेपाल भलिबल संघले राष्ट्रिय टोलीको ११औं कप्तानका रूपमा उनलाई गत वर्षको साउनमा जिम्मेवारी दिएको थियो। गत साउनमा कप्तान बनेका श्रेष्ठले नयाँ पुस्तालाई अवसर दिन अन्तर्राष्ट्रिय भलिबलबाट बिदा भएको बताएका छन्।

'मैले राष्ट्रिय भलिबल टोलीको कप्तान पद त्याग्ने र राष्ट्रिय टोलीको खेलाडीबाट अवकाश लिने निर्णय लिएको हुँ,' श्रेष्ठले भने। उनले सन्न्यास लिन सहज नभएको जनाएका छन्। नेपालको भलिबल युवा पुस्तालाई हस्तान्तरण गर्ने वेला आएकाले सन्न्यास लिएको उनले बताए। 'यो निर्णय लिन सजिलो थिएन, तर अब आउने नयाँ पुस्ताका लागि मार्ग प्रस्तुत गर्नका लागि निर्णय लिएको हुँ,' उनले भिडियोमा भनेका छन्, 'यो जिम्मेवारी नयाँ पुस्तालाई सुम्पिने समय आएको छ।'



श्रेष्ठले सन् २०१५ मा बंगलादेशमा भएको एभिसी सेन्ट्रल जोनबाट राष्ट्रिय टोलीमा डेब्यु गरेका थिए। त्यसपछि उनले लगातार नौ वर्ष राष्ट्रिय टोलीबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै खेलिरहे। उनकै कप्तानीमा नेपालले सन् २०१७ मा माल्दिभ्समा भएको एभिसी सिनियर पुरुष सेन्ट्रल जोन भलिबलमा पहिलो अन्तर्राष्ट्रिय कांस्य पदक जितेको थियो।

> सन्न्यास लिँदै मानबहादुरले भने-
> राष्ट्रिय भलिबल टोलीको कप्तान पदसँगै र राष्ट्रिय टोलीबाट अवकाश लिने निर्णय लिएको छु। यो निर्णय लिन सजिलो थिएन, तर अब आउने नयाँ पुस्ताका लागि मार्ग प्रस्तुत गर्न यो निर्णय लिएको हुँ।

काभामा रजत पदक

श्रेष्ठको कप्तानीमा नेपालले गत साउनमा भएको बिच भलिबलमा नेपालले रजत जितेको थियो। उनले १३औं दक्षिण एसियाली खेलकुदमा राष्ट्रिय बीच भलिबल टोलीको कप्तानी सम्हालेका थिए। घरेलु भलिबलमा श्रेष्ठ त्रिभुवन आर्मी क्लबमा आबद्ध छन्। उनी आर्मीका कप्तान हुन्। गत वर्ष चीनको हाङझाउमा भएको १९औं एसियाली खेलकुद (एसियाड)मा नेपालले भलिबलमा उनको कप्तानीमा प्रतिस्पर्धा गरेको थियो। नेपाली भलिबल इतिहासमा दुईपटक एसियाड खेल्नेमध्ये उनी एक हुन्।

मर्चवार आदर्श बहुमुखी क्याम्पस
मक्कगावा-५, रुपन्देही

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०७/०५)

यस क्याम्पसको आ. ब २०८१ र ०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत मिति २०८१/०५/१६ मा प्रकाशित सुचना बमोझिम e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल अनुसारका बोलपत्रदाताहरुले पेश गरेका बोलपत्रहरु न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिइ स्वीकृतीको लागि छनोट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोहि एनको दफा रुरु को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल

S.N	Contract ID	Name of Project	Name of Supplier and Adress	Amount NRs. (With VAT & PS)
1	01/NCB/MAMC/ 081/082	Block A Building, First Floor Construction	K.K.C Construction & Suppliers P. Ltd, Tokha Municipality-10	44,13,268.12

क्याम्पस प्रमुख

Agricultural Development Bank Ltd.
Head office, Ramshahpath Kathmandu, Nepal

Call For Expression Of Interest (EOI)

For Internal Auditing

Notice No: ADBL-Consultancy-01-2081/82
Date of Publication: **October 21, 2024**

Agricultural Development Bank Ltd. (ADBL) has allocated fund and intends to apply a portion of this to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.

1. The Agricultural Development Bank Ltd. (ADBL) now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services:
   Service: Internal Auditing.
   Package:

S.N.	Particulars	Units/Branches
1	Kathmandu Valley based Branches	08
2	Branches Outside Valley (Under Different Province Offices)	67
	Total	**75**

2. Interested eligible consultants can apply for the Package mentioned above.
3. Interested eligible consultants may visit e-GP system www.bolpatra.gov.np/egp for EOI document free of cost.
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered only online through e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hours, November 05, 2024.
6. EoI documents shall be opened in presence of consultants' representatives who choose to attend at 13:00, Hours on November 05, 2024. at the office of Agricultural Development Bank Ltd., General Service Department, Head Office, Ramshahpath, Kathmandu.
7. In case the last date of submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
8. EOI will be assessed based on *Qualification 40%, Experience 50% and Capacity 10%* of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
9. Minimum score to pass the EOI is *60.*
10. *ADBL reserves the right to accept or reject any EOI documents with or without giving any reason whatsoever.*
11. *For further may feel free to contact gsd.divn@adbl.gov.np and telephone No 015721115.*

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com